| २ | उपप्रमुख, श्री इन्दिरा दरै | सदस्य | ९८५६०६११६३ |
| ३ | प्रमुख प्रशासकीय अधिकृत, श्री गंगालाल सुबेदी | ,, | ९८५६००२१११ |
| ४ | अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय | ,, | ०६५५६०१३३ |
| ५ | पूर्वाधार वि.स. संयोजक, श्री मनबहादुर गुरुङ | ,, | ९७४८४३४९०४ |
| ६ | आर्थिक वि.स. संयोजक, श्री रमेशचन्द्र हड्खले | ,, | ९७४८४३४९०१ |
| ७ | सामाजिक वि.स. संयोजक, श्री काजीमान श्रेष्ठ | ,, | ९७४८४३४९१४ |
| ८ | वन तथा वा.स. संयोजक, श्री रनसिं नेपाली | ,, | ९८४६१६५८३२ |
| ९ | योजना तथा पूर्वाधार वि.शाखा प्रमुख, डा.राजु पौडेल | ,, | ९८४६०५०३७६ |
| १० | जग्गा विकास आयोजना प्रमुख श्री रविन्द्रलाल मुल | ,, | ९८५६०४३४९१ |
| ११ | नगर प्रहरी इकाई प्रमुख श्री आशिक परियार | ,, | ९८४६४९९१५८ |
| १२ | नेपाल रेडकस सोसाइटी तनहुँ श्री सूर्यचन्द्र हड्खले | ,, | ९८५६०६२८०६ |
| १३ | त.उ.वा.संघ, द.ब.इकाइ अध्यक्ष, श्री भुपाल आले | ,, | ९८५६०२७३१९ |
| १४ | अधिकृत प्रतिनिधि, जिल्ला प्रहरी कार्यालय | ,, | ९८५६०६५५५५ |
| १५ | घर नक्सा शाखा प्रमुख, श्री अमृत के.सी. | सदस्य सचिव | ९८४६०५४०११ |

# नगरपालिकाका महत्वपूर्ण गौरवका योजनाहरु

बरिष्ठ इन्जिनियर श्री राजु पौडेल
योजना तथा पूर्वाधार विकास शाखा

**१. नयाँ बहुउद्देश्यीय भवन निर्माणः**

नगर विकास कोषको ऋण तथा अनुदान नीतिमा आधारित रही व्यास नगरपालिका कार्यालयको मुल गेटबाट उत्तरतर्फको पुरानो कार्यालय भवन र पसल कवलहरु भत्काई नयाँ बहुउद्देश्यीय व्यवसायिक भवन निर्माण कार्य अगाडि बढाउन लागिएको छ । यस सम्बन्धमा नगर विकास कोष काठमाण्डौ र व्यास नगरपालिका बीच रु.२८,८५,४४,५३०। को लागत अनुमानको योजना स्वीकृत भई सम्झौता समेत सम्पन्न भएको छ । व्यास नगरपालिका कार्यालयको ३० प्रतिशत र नगर विकास कोषको ७० प्रतिशत ऋण सहयोगमा निर्माण गर्न लागिएको यस व्यवसायिक भवनको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन प्राप्त भई बोलपत्र प्रकाशित गर्ने चरणमा रहेको छ । नगरपालिका कार्यालय रहेको हालको व्यवसायिक भवनबाट समेत नगरपालिकाले मासिक झण्डै ७ लाख रुपैयाँ आन्तरिक आय प्राप्त गरिरहेको र नयाँ भवन थप सुविधा सम्पन्न हुने हुँदा व्यास नगरपालिकाको आन्तरिक आय वृद्धिमा यसले थप टेवा पुग्ने जाने देखिन्छ ।

**२. नेपाल शहरी शासकीय पूर्वाधार आयोजनाः**

विश्व बैंकको सहयोगमा पराशर मार्ग व्यास ११, १०, ९, ७, माहेन्द्री मार्ग व्यास ५ र ६, केशवटार कुलुङ, छाब्दी कर्लुङ हुँदै छिर्कन जोड्ने मार्ग व्यास १२, १३ र १४ का लागि शहरी विकास मन्त्रालय शहरी विकास तथा भवन निर्माण विभाग, नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना बिच मिति २०७७ फागुन २१ गते रु.७५ करोडको द्विपक्षीय सम्झौता भएकोमा बोलपत्र सम्बन्धी प्रक्रियाहरु पुरा गरी डि.पि.आर. पुनरावलोकन तथा कामको सुपरभिजन गर्न परामर्शदाता संस्था छनौट भई डि.पि.आर. पुनरावलोकनको कार्य अगाडि बढाइएको छ । डि.पि.आर. पुनरावलोकन कार्य सम्पन्न पश्चात् निर्माण कार्यको ठेक्का प्रक्रिया अगाडि बढाई आगामी ३ वर्षभित्र सम्पन्न गरिने छ ।

**३. व्यास ऋषिको मूर्ति निर्माणः**

विश्वभरका हिन्दू धर्मावलम्बीहरुको आस्थाको केन्द्रको रुपमा यस नगरपालिका वडा नं.३ को शिवपाञ्चायन क्षेत्रमा पर्ने चारवेद र अठार पुराणका रचयीता महर्षि वेदव्यास ऋषिको जन्म स्थानलाई विश्वमाझ परिचित गराउने उद्देश्यका साथ व्यास शिवपाञ्चायन क्षेत्र गुरु योजना निर्माणको कार्य सम्पन्न भई पहिलो चरण अर्न्तगत संघीय सरकारको लागत साझेदारीमा १०८ फिट अग्लो व्यास ऋषिको मूर्ति निर्माण कार्य अर्न्तगत आधारस्तम्भ (Pedestal) निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । आर्थिक वर्ष २०७२ को बजार मुल्यमा करिब रु.७२ करोड खर्च हुने अनुमान गरिएकोमा स्रोत अभावको कारण संघ सरकार, व्यास नगरपालिका र व्यास क्षेत्र शिपाञ्चालयन विकास कोषको लागत साझेदारीमा पहिलो चरणको कार्य अगाडि बढाइएको र पहिलो चरणको कार्यसम्पन्न पश्चात् दोस्रो चरणको निर्माणको लागि संघ सरकार, प्रदेश सरकार तथा नीजि क्षेत्रबाट समेत सहयोगको अपेक्षा गरिएको छ ।

**४. शित भण्डार निर्माणः**

गण्डकी प्रदेश सरकारसँगको साझेदारीमा वडा नं.११ गैराबारी टोल स्थित साविक फराकचौर ९/ज, कि.नं.२१, क्षेत्रफल ४-१०-२-१ को जग्गामा करिब रु.२ करोडको लगानीमा शित भण्डार निर्माण कार्य सम्पन्न भई मूल्यांकनको अन्तिम तयारीमा रहेको छ । नगरपालिकाले आगामी आर्थिक वर्षबाट सञ्चालनमा ल्याउने यस शित भण्डारबाट व्यास नगर क्षेत्र भित्रका कृषकहरु प्रत्यक्ष रुपमा लाभान्वित हुने छन् भने कृषिजन्य उत्पादन र उत्पादकत्व वृद्धिमा समेत टेवा पुग्ने अपेक्षा गरिएको छ ।

**५. वडा कार्यालय भवन निर्माणः**

राज्यको पुनसंरचना पछि व्यास नगरपालिकाको समेत क्षेत्र विस्तार भई १४ वडामा विभाजिन भएको र वडा कार्यालय मार्फत प्रवाह हुने सेवाहरुलाई प्रभावकारी बनाउन सुविधा सम्पन्न प्रविधिमैत्री वडा

कार्यालय निर्माणलाई प्राथमिकता साथ अगाडि बढाइएको छ । जस अर्न्तगत वडा नं.१, २, ४, ५, ७, ९, १० र ११ मा वडा कार्यालय भवन निर्माण सम्पन्न भई आफ्नै भवनबाट सेवा प्रवाह भइरहेको छ भने वडा नं.६, १३ र १४ मा नयाँ वडा भवन निर्माणको लागि ठेक्का सम्झौता भई कार्य अगाडि बढिरहेको छ । त्यसैगरी वडा नं.३, ८ र १२ को भवन निर्माण प्रस्ताव अगाडि बढाइएको छ । हाल वडा नं.३ को नगरपालिकाको मुल कार्यालयबाट र वडा नं.८ र १२ को साविक गा.वि.स.भवनबाट कार्यालय सञ्चालन हुँदै आएको छ ।

६. **मादी उपत्यका एकीकृत नदी विकास आयोजनाः**
व्यास नगरपालिका भएर बग्ने मादी नदीको बहुउद्देश्यीय विकासका लागि मादी उपत्यका एकीकृत नदी विकास गुरु योजना निर्माण कार्य सम्पन्न भएको छ । जस अर्न्तगत मादी नदीमा ताल निर्माण गरी जल विहारको रुपमा विकसित गर्ने, नदी वरिपरीको उपत्यकालाई विकास गरी पर्यटन प्रवर्द्धन र कृषि क्षेत्रको विकास गर्ने अवधारणाका साथ गुरु योजना निर्माण गरिएको र सोको कार्यान्वयनको लागि राष्ट्रिय, अन्तराष्ट्रिय र निजी क्षेत्रको सहयोगको लागि पहल गर्नुका साथै लगानी सम्मेलनको लागि प्रस्ताव समेत पेश भइसकेको छ । हाल गण्डकी प्रदेश सरकारको पहलमा नदी नियन्त्रणका लागि तटबन्धन कार्य भइरहेको छ ।

७. **नारेश्वर ताल निर्माणः**
नगरपालिकाको वडा नं.१० स्थित दुम्सीचौरमा करिब ७५ रोपनी जग्गामा नारेश्वर कृतिम ताल निर्माणको लागि नगरपालिकाबाट करिब २६ रोपनी जग्गा अधिग्रहण गरी खरिदको प्रकृया सम्पन्न भइसकेको छ भने ताल निर्माण अर्न्तगत गण्डकी प्रदेश सरकारको अनुदानमा पहिलो चरणको कार्य प्रारम्भ भइरहेको र नगरपालिकाबाट समेत बजेट विनियोजन भई दोस्रो चरणको कार्यको तयारी भइरहेको छ । ताल निर्माण गर्दा स्थानीय पहिचान समेतलाई मध्यनजर गरी डिजाइन गरिएको हुँदा उक्त ताल र वरिपरिको अन्य पूर्वाधार निर्माण पश्चात् स्थानीय मौलिक कला संस्कृतिको जगेर्ना तथा उत्थानमा मद्दत पुग्नेछ भने पर्यावरण सन्तुलन, कृषि तथा पर्यटन क्षेत्रको विकास, स्थानीय रोजगारी तथा आर्थिक विकास लगायका क्षेत्रमा प्रत्यक्ष प्रभाव रहने छ ।

८. **खानेपानी सम्बन्धी योजनाहरुः**
निर्वाचित जनप्रतिनिधिहरु नेतृत्वमा आएपछि पहिलो बैठकबाट सबै नगरबासीहरुलाई स्वस्थ खानेपानी उपलब्ध गराउने निर्णय भए बमोजिम प्रत्येका वर्ष वडाहरुमा विभिन्न खानेपानीका योजनाहरु निर्माण हुनुका साथै कतिपय वडाहरुमा १ घर १ धारा अभियान समेत सम्पन्न भएको छ । संघ सरकारको विशेष अनुदानमा व्यास १० मा करिब ३ करोड रुपैयाँको लगानीमा देवीडाँडा चिसापानी लिफ्ट खानेपानी योजना, करिव २ करोड रुपैयाँको लागतमा व्यास १३ मा कमेरेपानी साँध खोला लिफ्ट खानेपानी योजना निर्माण सम्पन्नको अन्तिम अवस्थामा पुगेका छन् भने चालु आर्थिक वर्षमा संघीय सरकारको सहयोगमा मानहुँकोट लिफ्ट खानेपानी योजना र केशवटार लिफ्ट खानेपानी (गजौडे मुल) योजनाको लागि २/२ करोड रुपैयाँ विनियोजन भई यस नगरपालिकाबाट निर्माण प्रक्रियाको लागि तयारी भइरहेको छ ।

९. **खेल मैदान निर्माणः**
नगरपालिका भित्रका युवाहरुको खेल प्रतिको अभिरुचीलाई व्यवस्थापन गर्न खेलकुद पूर्वाधार निर्माण गर्ने नीति अनुरुप वि.पि. वनबाटिका, पाटन, चिन्तुटार, कोलढुंगा, डिहीगाँउ, वेलवास, माझफाँट, दरैपँधेरा, स्वामीचौर, रामथुम्की, शिशाघाट लगायतका खेल मैदानको निर्माण एवं स्तरोन्नतिको कार्य प्रत्येक वर्ष प्राथमिकताको आधारमा अगाडि बढाइएको छ ।

१०. **पर्यटकीय क्षेत्रको पूर्वाधार विकासः**
नगरको विकासको लागि पर्यटकीय क्षेत्रलाई प्राथमिकतामा राखी महर्षि वेदव्यासको १०८ फिट अग्लो मूर्ति लगायतका पूर्वाधार निर्माण, व्यासगुफा संरक्षण र पराशर क्षेत्र विकास, तनहुँसुर क्षेत्र विकास, भगवतीपानी, छाब्दी बाराही, मानहुँकोट, गलेखाम कोट, कालिका शहिद शान्तिपार्क निर्माण, क्यामिन कालिका, कर्लुङकोट, राजापानी महादेव, छांगा बाराही मन्दिर, सितल गुफा, पोखरीभञ्ज्याङ कालिका

मन्दिर, रामथुम्की पार्क, हात्तीसुडे, जलवाराही लगायतका धार्मिक, साँस्कृतिक, प्राकृतिक एवं ऐतिहासिक स्थलहरुको विकासको लागि प्रत्येक वर्ष बजेट विनियोजन भई प्राथमिकताको आधारमा पूर्वाधार निर्माणको कार्य भइरहेको छ ।

**११. रणनैतिक सडकहरु निर्माणः**

व्यास नगरपालिकाको समग्र विकासको लागि रणनैतिक महत्वका रुपमा रहेका सडकहरु क्रमशः व्यास मार्ग, दमौली केशवटार मार्ग, माहेन्द्री मार्ग, बागेश्वरी मार्ग, सिन्धु मार्ग, मुक्तिनारायण मार्ग, विभिन्न वडा कार्यालय पँहुच मार्गहरुको स्तरीकरणको लागि प्रत्येक वर्ष बजेट विनियोजिन भई निर्माण कार्य अगाडि बढाइएको छ ।

**१२. नवप्रवर्तन साझेदारी कोष कार्यक्रमः**

सार्वजनिक सुशासन, स्थानीय आर्थिक विकास र सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो, दक्ष र प्रभावकारी बनाउन उपयोगमा ल्याइने नयाँ प्रविधि, नयाँ ज्ञान, विधि, तौरतरिका, सिप, अवधारणा एवं सिर्जनशील क्रियाकलापहरुलाई नै नवप्रवर्तन भन्ने बुझिन्छ । नवप्रवर्तनको सम्भावित विषयका क्षेत्रहरु मध्ये विद्युतीय सुशासन, स्थानीय सेवा प्रवाह, सूचना प्रविधिको प्रयोगमा रही तथ्यमा आधारित निर्णय प्रक्रिया र सूचना प्रविधि र सार्वजनिक सूचनामा जनताको पहुँचमा वृद्धि जस्ता क्षेत्रहरु समावेश गरी व्यास नगरपालिकाद्वारा ३० प्रतिशत लागत व्यहोर्ने प्रतिवद्धता सहित कुल रु.२ करोडको "एकीकृत डिजिटल व्यास नगरपालिका परियोजना" को अवधारणा पत्र प्रस्ताव गण्डकी प्रदेश सरकार समक्ष पेश गरी आयोजना प्रस्ताव स्वीकृत भएर सम्झौता भई कार्यान्वयनको अन्तिम चरणमा रहेको छ ।

**<u>हालसम्म यस कार्यक्रम अन्तरगत सम्पादित मुख्य मुख्य कार्यक्रमहरुः</u>**

- व्यास नगरपालिका कार्यालय र अर्न्तगतका सम्पूर्ण वडा कार्यालयहरुमा सि.सि.क्यामेरा जडान कार्य सपन्न गरिएको,
- व्यास नगरपालिका कार्यालय र अन्तर्गतका सम्पूर्ण वडा कार्यालयहरुमा डिजिटल नागरिक वडापत्र जडान कार्य सम्पन्न गरिएको,
- व्यास नगरपालिका कार्यालय र अन्तर्गतका सम्पूर्ण वडा कार्यालयहरुमा डिजिटल हाजिरी जडान कार्य सम्पन्न गरिएको,
- नगरपालिकालाई तिर्नु पर्ने सम्पूर्ण कर/शुल्कहरु अनलाइन प्रणालिबाट तिर्न मिल्ने गरी प्रणाली स्थापना गरिएको,
- नगरवासीलाई आवश्यक पर्ने एकीकृत सफ्टवेयर प्रणालिकको प्राविधिक लागत इष्टमेट तयार गरी ठेक्का प्रकृयाको लागि अनलाइन मार्फत ठेक्का सूचना प्रकाशन गर्ने कार्य कार्यान्वयन चरणमा रहेको छ ।

**१३. व्यास नगर कोभिड अस्पताल तथा नगर अस्पताल निर्माणः**

व्यास नगरपालिकाको पहलमा स्थानीय तह, गण्डकी प्रदेश र संघीय सरकारको संयुक्त लगानीमा करिब रु.१,२५,००,०००। खर्चमा व्यास १० दुम्सीमा पि.सि.आर. ल्याव स्थापना गरी सञ्चालनमा ल्याइएको छ भने सोही स्थानमा करिब रु.१५,४०,००,००। लागत अनुमानको व्यास नगर कोभिड अस्पताल निर्माण कार्य अगाडि बढाइएको छ । साथै नगरपालिकाको वडा नं.११ मा नगर अस्पताल निर्माणको लागि करिब रु.३१,००,००,०००। को विस्तृत आयोजना प्रतिवेदन (डि.पि.आर) निर्माणको कार्य सम्पन्न भएको छ ।

**१४. व्यास नगर समता विद्यालयः**

व्यास नगरपालिका वडा नं.७, नरंगा शेषमटारमा सञ्चालित व्यास नगर समता विद्यालय नगरपालिकाद्वारा वि.स.२०७८ सालमा स्थापना गरिएको हो । नेपालको संविधानले प्रत्याभूत गरेको बालबालिकाको अधिकारलाई संरक्षण/सम्बर्द्धन गर्न, सामाजिक न्यायको आभास गराई विविधायुक्त व्यास नगरपालिका भित्र रहेका अभिभावक विहिन, विपन्न र विद्यालय शिक्षाको पहुँचबाट टाढा रहेका विद्यार्थीहरुलाई आवासीय सुविधा सहितको विद्यालयमा शिक्षा प्रदान गर्ने उद्देश्यले स्थापित विद्यालय

हो । कक्षा १ देखि ८ सम्म सञ्चालन गर्ने अनुमति पाएको यस विद्यालमा शैक्षिक सत्र २०७९ मा कक्षा १ देखि ५ सम्म छात्र २६, छात्रा १८ गरी जम्मा ४४ जना विद्यार्थी भर्ना रहेका छन् ।

१५ रोपानी जग्गाधनी पूर्जा सहित करिब ३० रोपनी क्षेत्रफलमा फैलिएको यस नगर समता विद्यालयमा हाल १० वटा कोठा सहितको ४ वटा पक्की भवन रहेको छ । जसमा आवासीय विद्यार्थी बस्नका लागि २ कोठा, चमेना गृह सञ्चालन २ कोठा, कार्यालय सञ्चालन १ कोठा र ५ वटा कोठामा कक्षा सञ्चालन गरिएको छ । Wash सुविधा सहितको छात्रा र छात्रका लागि अलग अलगै शौचालय रहेको छ । आ.व.२०७८/०७९ मा सुरक्षा गार्ड बस्ने हाउस निर्माण सम्पन्न गरी सुरक्षाकर्मी बसोबास गर्ने व्यवस्था समेत गरिएको छ ।

विद्यालयमा हाल ५ जना शिक्षक, सुरक्षा गार्ड २ जना, वार्डन १ जना र कार्यालय सहयोगी ३ जना गरी जम्मा ११ जना शिक्षक कर्मचारी कार्यरत छन् । विद्यार्थीहरुको चौतर्फि विकास तर्फ विद्यालयले ध्यान दिएको छ र कक्षा कोठाका गतिविधिहरु विद्यार्थीको सहभागितामा आधारित छन् । विद्यार्थीहरुको दैनिक गतिविधिमा विशेष ख्याल गदै गुणस्तरीय भोजन व्यवस्थापन, दैनिक तथा साप्ताहिक सरसफाई, अनुशासन, माया र सद्भावका साथ दैनिक शिक्षा आदनप्रदान गरिएको छ ।

विद्यालय सञ्चालन गर्न नगरपालिका कार्यालयले वार्षिक १ करोड ५० लाख रुपैयाँ बजेट विनियोजन गरेको छ । विद्यालयलाई विभिन्न व्यक्ति, सामाजिक संघ संस्था, प्रदेश सरकार, नेपाल सरकारबाट सहयोगको अपेक्षा भएतापनि हालसम्म केही व्यक्तिहरुको सहयोगभन्दा बाहेक अन्य सहयोगहरु प्राप्त भएको छैन ।

**१५. एकीकृत जग्गा विकास परियोजनाः**

बढ्दो जनसंख्या, मानिसहरुको समय सापेक्ष आवश्यकताहरु र जग्गाको बढ्दो कारोबारले गर्दा अन्य क्षेत्रहरुमा जस्तै यस नगरपालिकाको विभिन्न स्थानमा समेत अव्यवस्थित रूपमा शहरीकरणको विकास र अव्यवस्थित कित्ताकाट भइरहेको छ । जसले गर्दा मानिसहरुको लागि अत्यावश्यक पूर्वाधारहरु जस्तै बाटो, ढल, बिजुली बत्ती, खानेपानी, जस्ता सुविधाहरु उपलब्ध गराउन गाह्रो भएको र शहरको सुन्दरतामा पनि प्रतिकूल असर पुर्‍याएको छ । यही अनुरूप कियाकलापहरु बढ्दै गइरह्यो भने केही समयमा नै नगरबासीहरुले ठूलो दुर्घटना व्यहोर्दैनन् भन्न सकिँदैन । त्यसैले यस नगरपालिकाको प्राकृतिक सौन्दर्यलाई बचाई विविधतायुक्त गाउँ शहर निर्माण गर्न र आवश्यक पूर्वाधारहरुको सहज उपलब्धता गराई समृद्ध व्यास नगर बनाउनका लागि एकीकृत जग्गा विकासको योगदान अतुलनीय रहने छ । त्यसकारण व्यास नगरपालिका, नगर कार्यपालिकाको बैठकले नगरपालिकाको देहाय बमोजिमका स्थानमा जग्गा विकास कार्यक्रम सञ्चालन गर्ने निर्णय लिएको छ ।

**रानीगाउँ जग्गा एकीकरण आयोजनाको सम्भाव्यता अध्ययनः** व्यास ११, रानीगाउँ क्षेत्रको करिब ११२६ रोपनी क्षेत्रफलमा जग्गा एकीकरण आयोजना सञ्चालन गर्न कन्सल्टेन्ट छनोट गरी सम्भाव्यता अध्ययन कार्य सम्पन्न भई हाललाई कार्यान्वयन स्थगित गरिएको ।

**मानहुँकोट पर्यटकीय स्थल सम्भाव्यता अध्ययनः** व्यास ५, मानहुँकोटमा व्यास नगरपालिका अन्तर्गतको प्रमुख पर्यटकीय गन्तव्य स्थल बनाउनका लागि मानहुँकोट पर्यटकीय गुरु योजना निर्माण कार्य सम्पन्न भएको र सो गुरु योजना अनुरुप जग्गा विकास तथा पूर्वाधार निर्माणका कार्य शुरु भएको ।

**बैरेनी जग्गा एकीकरण आयोजना सम्भाव्यता अध्ययनः** बैरेनी जग्गा विकास आयोजनाको करिब १५०० रोपनी क्षेत्रफलको सम्भाव्यता अध्ययन गरी प्रतिवेदन तयार सम्पन्न भएको र सो मध्ये प्रथम चरणको २६१ रोपनी जग्गामा रु.१३,००,७२,१६५।०३ लागतको मस्यौदा प्रस्ताव नेपाल सरकारबाट स्वीकृत भई योजनाको पूर्वाधार निर्माण चरणमा प्रवेश गरी कार्यारम्भ भएको छ ।

**शिशाघाट नयाँ शहर अवधारण सम्बन्धी प्रस्ताव पेशः** व्यास नगरपालिका वडा नं.६, शिशाघाट क्षेत्र, मध्य पहाडी लोक मार्ग नजिकै पर्ने, ३ जिल्लाको संगम स्थल (तनहुँ, लमजुङ र कास्की) नयाँ शहरको अवधारणालाई करिब ६००० रोपनी जग्गामा करिब ५०,००० जनसंख्या बसोबास गर्न मिल्ने गरी नगर विकास कोष मार्फत नयाँ शहर विकास गर्नका लागि शहरी विकास गर्नका लागि निवेदन पेश गरिएको ।

# वडाको वर्तमान र भावी सोच



वडाध्यक्ष श्री रमेशचन्द्र हड्खले
व्यास नगरपालिका वडा नं.१

**"विविधतायुक्त गाउँ शहर समृद्ध मेरो व्यास नगर"** भन्ने नगरपालिकाको दीर्घकालीन सोचाईलाई पूर्णता दिन व्यास नगरपालिकालाई १४ वडामा विभाजन गरिएको छ । विभिन्न राजनैतिक परिवेशमा पनि यो वडा विभाजन नभई एउटै वडा कायम रहेको छ । यो वडा मुसेखोलादेखि मोहोरियाटार र भद्रुदेखि मादी सेती किनारासम्म फैलिएको छ । तनहुँ जिल्लाको सदरमुकाम दमौली यसै वडाको डमौली भन्ने ठाउँबाट नामाकरण भएको हो । यस क्षेत्रका आदिवासी दरै, बस्नेत, हड्खले, घर्ती, पन्थ र दलितहरु बि.क. र परियार हुन । सदरमुकाम बन्दिपुरबाट दमौली स्थान्नातरणको क्रममा गाउँबाट बेशी झर्ने समयमा दमौली बजारमा नगई आफ्नै बेशी-बेशीमा झरेर बसेको पाइन्छ । दमौली बजारको बिस्तारसँगै यस वडामा विभिन्न क्षेत्रबाट घडेरी खरिद गरी बसोबास गर्ने महानुभावहरुको अत्याधिक बृद्धि भएको छ । यस वडाको राष्ट्रिय जनगणना २०७८ अनुसार ४,२५३ घरधुरी र १४,५९४ हजार जनसंख्या रहको छ । विभिन्न गाउँबाट यस वडामा बसोबास गर्न आउने वडावासीहरुको बिचमा सामाजिक, साँस्कृतिक र राजनैतिक सहिष्णुता एवं एकता कायम गर्न यस वडाका अग्रज एवं महिला, पुरुष र युवाहरुको देन अविस्मरणीय छ । यस वडामा रहेको आदिकवि भानुभक्त क्याम्पस, निर्मल मा.वि., जलदेवी मा.वि., जनसेविका प्रा.वि., बुद्ध दाहाल बहिरा प्रा.वि., ज्ञानगंगा बोर्डिङ स्कुल, मनकामना बोर्डिङ स्कुल, लर्डबुद्ध बोर्डिङ स्कुल, डमौली पब्लिक बोर्डिङ स्कुल, लालीगुँरास बोर्डिङ स्कुल, इन्द्रेणी बोर्डिङ स्कुल, तालघरे बाल विकास केन्द्र, खकौली बाल विकास केन्द्र र जलदेवी बाल विकास केन्द्र आदि लगायतका शिक्षण संस्थाहरुले शैक्षिक नेतृत्व गरिरहेका छन् । साथै सबै टोलमा बाल क्लबका सञ्चालनहरु रहेको छ र यति धेरै विद्यालयहरुको शैक्षिकस्तर वृद्धि गरी व्यवसायिक र प्राविधिक शिक्षा प्रवर्द्धन गर्न नगरपालिका र वडाले शैक्षिक केन्द्रको रुपमा विकास गर्न नगर शिक्षा योजना निर्माण गरी कार्यान्वयन गर्नु पर्ने देखिन्छ । बुल्दी खोला र छाब्दी खोलाका खेतहरुलाई व्यवस्थित ढङ्गले कृषि प्रयोजनका लागि व्यवस्थित गर्नु पर्नेछ । व्यवसायिक बाखा, मौरी, गाई, गोरु, भैसी, बंगुर, कुखुरा र कालिज पालन जस्ता कार्यमा सहयोग पुऱ्याई साना किसानहरुलाई अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइने छ । धार्मिक आस्था बोकेका विभिन्न मठ, मन्दिरमा धार्मिक सहिष्णुता कायम राख्ने परिस्थिति सृजना गरिने छ । वडा भित्र रहेका पर्यटकीय क्षेत्रको विकास र अनुसन्धान गर्ने क्रम अगाडि बढाइने छ । यस वडामा रहेका ५ वटा सामुदायिक वनको व्यवस्थापन र वनबाट जनताले प्रत्यक्ष फाइदा पुऱ्याउने खालको योजना निर्माण गरी कार्यान्वयन गरिने छ ।

युवाहरुको चुनौति र अवसरहरुको बारेमा युवासँग नजिक रहेर युवाको सरोकारको विषयमा सकरात्मक भूमिका निर्वाह गरिने छ । महिलाहरुको क्षमतामा विकास गर्न विभिन्न तालिम कार्यशाला गोष्ठी सञ्चालन गरिने छ । साथै साना-साना घरेलु उद्योगहरु सञ्चालन गरी आय-आर्जन गर्ने कार्यक्रम ल्याइनेछ र दलित तथा अपाङ्गता भएका व्यक्ति, सुस्त मनस्थिति भएका व्यक्ति, जेष्ठ नागरिक, जनजाति सहयोग कार्यक्रमलाई निरन्तरता दिंदै निशुल्क स्वास्थ्य सेवा प्रदान गरिने छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रत्याभूत गरेको मेलमिलाप विधिलाई विश्वासनीयता र व्यवस्थित गरिने छ । वडाका जनप्रतिनिधिहरुको उत्तरदायित्व वृद्धि गर्दै टोल, आमा समूह र विभिन्न राजनैतिक दलहरुको सुझाव र सहभागितामा पूर्ण विश्वास लिंदै वडा भित्रका पूर्वाधार निर्माण एवं छनौट प्रक्रियामा विगतका वर्षमा झै आगामी वर्ष समेत केन्द्रिय र प्रदेशको बजेट वडामा ल्याउन पहल कदमी गरिने छ । वडा भित्रका सबै उपभोक्ताहरुलाई खानेपानीको सुनिश्चितता दिन गतवर्षबाट सञ्चालन भएको भादगाउँ खानेपानी योजना करिब रु.२७ करोडको लागत रहेको हुँदा योजना सफल पार्न सम्पूर्ण सरोकारवालाहरुसँग अपिल गर्न चाहन्छु ।

अन्त्यमा सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूको पहलमा निर्माण भएको व्यास नगरपालिकाको विकासको क्रममा विभिन्न भूमिका निर्वाह गर्नु हुने पूर्वजहरुलाई धेरै-धेरै धन्यवाद दिदै आगामी दिनमा व्यास नगरपालिकाको उद्देश्य पुरा गर्न साथ सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद !

# वडा विकासका गतिविधि



वडाध्यक्ष श्री काशीराम श्रेष्ठ
व्यास नगरपालिका वडा नं.२

महर्षी वेदव्यासको जन्मभूमि, पराशर ऋषिको तपोभूभि सेती र मादी नदीको संगम स्थलमा स्थापित व्यास नगरपालिकाको १४ वटा वडा मध्ये क्षेत्रफलको हिसाबले सबैभन्दा सानो वडा र जनघनत्वको हिसाबले गण्डकी प्रदेशको पहाडी भू-भाग कै धेरै जनसंख्या भएको यस वडा पूर्वमा बुल्दी खोला, पश्चिममा सफासडक, उत्तरमा पृथ्वी राजमार्ग र दक्षिणमा मालपोत कार्यालयदेखि तनहुँ उद्योग वाणिज्य संघ हुँदै देउराली नगरसम्म फैलिएको छ । जनजातीहरुको बाहुल्यता रहेको यस वडा तनहुँ जिल्लाको सदरमुकाम दमौलीको मुख्य शहरी क्षेत्रको रुपमा परिचित छ । बढ्दो शहरीकरण, शिक्षा, स्वास्थ्य, रोजगारिका सुविधा, उपयोग गर्नका लागि आसपासका ग्रामिण भेगबाट बसाइसराई गरी आउने क्रम तिव्र भएको तथा बढ्दो आन्तरिक पर्यटकको आवागमनका कारण यस वडामा विभिन्न किसिमका व्यापार व्यवसाय तथा होटल व्यवसायहरु फस्टाउँदै गएको देखिन्छ ।

हालसम्म वडा भित्रका ठूला साना अधिकांश सडक कालोपत्रे हुनुको साथै पक्की नाला निर्माण तथा नालाको नियमित सरसफाई र मर्मत कार्य भइरहेको छ । सबै घरधुरीमा विद्युत, खानेपानी, इन्टरनेटको सुविधा पुग्नुको साथै बजार व्यवस्थापन सुदृढ हुँदै गएको छ । घर भित्रको फोहोर घर भित्रै व्यवस्थापन गर्न र कौसी खेतीलाई प्रोत्साहन गर्नको लागि आवश्यकता अनुसार प्रत्येक घरलाई पुग्ने गरी कम्पोष्ट विन वितरण गरिएको छ । गर्भवती महिला, शिशु, बालबालिकादेखि ज्येष्ठ नागरिकलाई सहज रुपमा प्राथमिक स्वास्थ्य उपचारको लागि केरावारी आधारभूत स्वास्थ्य केन्द्र सञ्चालनमा रहेको छ । यस वडामा तीन वटा सामुदायिक विद्यालयहरु रहेका छन् । जसमा नमूना विद्यालयको रुपमा विकास भएको सत्यवती मा.वि. रहेको छ भने बालमन्दिर मा.वि. जसले आफ्नो शैक्षिक गुणस्तर बृद्धि गर्दै गइरहेको छ । सुस्त मनस्थितिका बालबालिकाहरुको अध्यापन गराउने विद्यालयको रुपमा जनसेवा प्रा.वि. रहेको छ । त्यसैगरी ८ वटा निजी विद्यालयहरु यस वडामा रहेका छन । यस वडामा १७ वटा टोल विकास संस्था, १७ वटा आमा समूह, महिला वडा समन्वय समिति १७ टोलमा र ५ वटा विद्यालयमा गरी २२ वटा बाल क्लब तथा वडा स्तरीय बाल क्लब समेत गठन भएको छ ।

**यस वडाबाट आ.व.२०७९/०८० मा सञ्चालन भएका योजना तथा कार्यक्रमहरु:**

- बालमन्दिर अगाडिबाट गणेशमानचोक हुँदै रामनाथ रिमालको घर अगाडिसम्म र गणेशमानचोक राजकुमार श्रेष्ठ (राकु) को घर अगाडिदेखि रामे घलेको घर अगाडिसम्म पक्की नाला निर्माण तथा खानेपानी पाइप व्यवस्थापन कार्य ।
- डांग्रे खोल्सी नाग कुवादेखि पूर्वतर्फ सार्वजनिक जग्गामा कम्पाण्डवाल निर्माण गरी जग्गा संरक्षण ।
- कम्पोष्ट विन वितरण ।
- अमरापुरी, पुलचोक टोलको बहुउद्देश्यीय सामुदायिक भवन निर्माण ।
- मालेबगर टोल अन्तर्गत सार्वजनिक जग्गामा क्रियापुत्री भवन (ट्रस) निर्माण ।
- विश्वकर्मा गुठी भवन निर्माण (व्यास १)
- शिवालय मन्दिरमा अधुरो ट्रस भवन निर्माण तथा अन्य व्यवस्थापन ।
- तनहुँसुर भिमसेन धर्मगुठीको मन्दिर संरक्षण कम्पाण्डवाल निर्माण ।
- वडाको बाँकी भागमा नाला निर्माण ।
- बालमन्दिर मा.वि.मा खानेपानीको थप यूरोगार्डको व्यवस्थापन र पूर्व प्राथमिक कक्षाहरुको पठनपाठनका लागि २ थान स्मार्ट टि.भि. खरिद ।
- ब्रह्मा कुमारी ईश्वरीय विश्वविद्यालय राजयोग प्रशिक्षण केन्द्र ओम शान्ती भवन व्यास ३ मा आल्मुनियम र शिशाको पाटेसनको काम ।
- सत्यवती मा.वि. खानेपानीका धाराहरुमा Wash Basin र Drain Pipe राख्ने कार्य ।
- जनसेवा प्रा.वि.को कम्पाण्ड माथि तार जाली निर्माण तथा मर्मत एवं नयाँ भवन निर्माण ।
- सेतो गूँरास बाल विकास सेवाको लागि स्मार्ट टि.भी. लगायत शैक्षिक तथा खेलकुद सामग्री खरिद ।
- बागबजार टोल सामुदायिक भवन निर्माण ।

**तालिम सम्बन्धी कार्यक्रमहरुको विवरण**

| क्र.सं. | तालिम/कार्यक्रम | उपलब्धि |
|---|---|---|
| १. | मुस्लिमहरुको धार्मिक शिक्षा सञ्चालनमा सहयोग | ८४ जना |
| २. | आधुनिक प्रविधि र अभिभावकत्व विषयक २ दिने प्रशिक्षण कार्यक्रम | ६५ जना |
| ३. | महिलाहरुका लागि बुटिक तालिम | ३० जना |
| ४. | मनोसामाजिक स्वास्थ्य सचेतना कार्यक्रम | ३० जना |
| ५. | उद्घोषण/प्रभावकारी भाषण कला तालिम कार्यक्रम सञ्चालन | ४० जना |
| ६. | सामुदायिक विद्यालयका गरिब विद्यार्थीलाई न्यानो कपडा वितरण | २२९ जना |
| ७. | घरेलु हिंसा तथा सभ्य समाज निर्माण विषयमा तिज गीत प्रतियोगिता कार्यक्रम | ६०० जना |
| ८. | महिनावारी, स्वास्थ्य तथा सरसफाई सम्बन्धी जनचेतनामूलक कार्यक्रम | ५० जना |
| ९. | प्रारम्भिक बाल विकास तथा बालमैत्री वातावरणका बारेमा जनचेतनामूलक कार्यक्रम | ४० जना |
| १०. | सामुदायिक विद्यालयका कक्षा ८ सम्मका बालबालिकाको सहभागितामा हाजिरीजवाफ प्रतियोगिता | २६ विद्यालय सहभागी |
| ११. | नेतृत्व विकास तालिम | ४० जना |
| १२. | बाल कथा लेखन कार्यशाला | ३० जना |
| १३. | शैक्षिक अवलोकन भ्रमण (राष्ट्रिय आधारभूत प्रा.वि. माडी-८ चितवन) नमूना विद्यालय | ५ विद्यालय सहभागी (३० जना) |

नगरपालिकाबाट लागू भएका करहरु नियमानुसार करदाताबाट सहज रुपमा असुली हुँदै आएको र घर वहाल करको सम्बन्धमा सबै आदरणीय वडावासी करदाताहरु जागरुक हुनु पर्ने देखिएको छ । योजना सञ्चालनदेखि वडा तथा नगरपालिकाको हरेक कृयाकलापहरुमा सहयोग पुऱ्याउनु हुने यसका १७ वटै टोल विकास संस्थाका अध्यक्ष एवं पदाधिकारीज्यूहरु, उपभोक्ता समिति, आमा समूह, विद्यालय तथा अन्य संघ/संस्थाहरु लगायत वडावासी बुवाआमा, दिदीबहिनी, दाजुभाईहरुमा हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छुं र वडाबाट गरिने सेवा प्रवाहका कार्यमा अहोरात्र खटिई काम गर्ने वडा कार्यालयका कर्मचारीहरु तथा केरावारी आधारभूत स्वास्थ्य केन्द्रका कर्मचारीलाई धन्यवाद व्यक्त गर्न चाहन्छु ।

व्यास नगरपालिकालाई सफा, सुन्दर, हराभरा, धार्मिक, साँस्कृतिक एवं पर्यटकीय शहरको रुपमा पहिचान गराउन भौतिक, सामाजिक, आर्थिक विकास तथा आन्तरिक पर्यटन प्रवर्द्धनका कार्यहरु भइरहेको सन्दर्भमा यस वडालाई अझै आकर्षक, सुन्दर तथा नमूना वडाको रुपमा स्थापित गराउन अव्यवस्थित रुपमा टाँगिएका विद्युत तारहरुलाई अन्डरग्राण्ड गर्ने, बुल्दी खोला तटबन्धन सहित करिडोर निर्माण कार्य पुरा गर्ने, गणेशमानचोकमा रहेको ट्रेड सेन्टरलाई हटाई सुन्दर पार्क निर्माण गर्नु पर्ने, शैक्षिक वेरोजगार युवालाई स्वरोजगारमूलक सिप तथा क्षमता अभिवृद्धिका तालिमहरु उपलब्ध गराउने साथै रोजगारिका अवसरहरु सिर्जना गर्ने र यस वडामा भएका सार्वजनिक जग्गालाई संरक्षण तथा उचित व्यवस्थापन गर्नु पर्ने देखिन्छ । यस वडामा बढ्दो जनघनत्वको कारण फोहोर मैला व्यवस्थापन तथा बजार व्यवस्थापनमा अझै चुनौति रहेको सन्दर्भमा फोहोर मैला व्यवस्थापनलाई कसरी प्रभावकारी ढंगबाट व्यवस्थापन तथा न्यूनीकरण गर्न सकिन्छ भन्ने सन्दर्भमा सम्पूर्ण वडावासीहरुसँग महत्वपूर्ण सहयोग तथा सुझावको अपेक्षा गरेको छु ।

अन्तमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना पश्चात् स्थानीय तहको पहिलो निर्वाचनबाट निर्वाचित भएपछि पाँच वर्षको कार्यकाल पूर्ण रुपमा सफल हुनु र दोस्रो निर्वाचनमा पुनः वडा अध्यक्ष पदमा निर्वाचित गराई सेवा प्रदान गर्ने अवसर दिनु भएकोमा सम्पूर्ण मतदाता लगायत यस वडाबाट भएको विकास निर्माण कार्यमा सहयोग गर्नु हुने नगर प्रमुख, उपप्रमुख, वडा सदस्यहरु, व्यास नगरपालिका कार्यालय, टोल विकास संस्था, महिला वडा समन्वय समिति, बाल क्लब, विद्यालय, अन्य संघ संस्थाहरु लगायत सम्पूर्ण वडावासी प्रति हार्दिक आभार प्रकट गर्दछु ।

धन्यवाद !

# वडाको विद्यमान अवस्था र भावी लक्ष्यहरु



वडा अध्यक्ष श्री अनुप राना
व्यास नगरपालिका वडा नं.३

१८ पुराणका प्रणेता वेदव्यासको जन्मभूमि पवित्र स्थल व्यासको तपोभूमिमा अवस्थित दोस्रो सानो वडाको रुपमा परिचित यस वडा भौगोलिक, साँस्कृतिक एवं धार्मिक क्षेत्रको लागि प्रख्यात रहेको छ। २०४८ साल चैत्र ३० गते स्थापना भएको यस नगरपालिकामा शुरुमा ११ वटा वडा रहेकोमा हाल नेपाल सरकारले विभिन्न मितिमा गरेको निर्णय पश्चात् केही गा.वि.स.का वडाहरु थप भई हाल १४ वटा वडा रहन आएको छ भने शुरुमा यस वडा १० नं. वडा भएकोमा हाल पुनः संरचना पश्चात् ३ नं. वडा कायम हुन आएको छ। २०७८ सालको राष्ट्रिय जनगणना अनुसार यस वडामा महिला २,०५७ र पुरुष १,७९४ गरी ३,८५१ जनसंख्या रहेको छ भने १,०६० घरधुरी रहेका छ। हालसम्म ८ वटा टोल विकास संस्था र १ वटा टोल सुधार समिति गरी जम्मा ९ वटा टोलहरु रहेका छन्। नेपालको मध्य पहाडी भागमा पर्ने यस वडा २७ डिग्री ५८ मिनेट १२ सेकेण्ड पूर्वी देशान्तर र ८४ डिग्री १६ मिनेट १२ सेकेण्ड अक्षांशमा पर्दछ। समग्रमा भौगोलिक रुपमा जम्मा ०.७२ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यस वडा सानो, सुन्दर, शान्त र व्यास नगरपालिका क्षेत्र कै मुटु भन्दा फरक नपर्ला। यस वडाको सिमानामा १, २, ४ र ५ नं. वडाका साथै छिमेकी ऋषिङ गाउँपालिका समेत रहेको छ।

जातिगत विविधता रहेको यस वडामा बसोबास गर्ने मुख्य जाति समूहको रुपमा मगर, नेवार, ब्राम्हण, बोटे, कामी, दमाई, सार्की, गिरी, तामाङ, कुमाल, मुस्लिम, मधेसी समुदायको बसोबास रहेको छ भने विशेषगरी मगर जातिको बाहुल्यता बढी देखिएको पाइन्छ। प्रायः सबै धर्मावलम्बीहरुको पवित्र स्थलको रुपमा र महर्षि वेदव्यासको जन्मस्थलको रुपमा यस वडा परिचित छ। विभिन्न जातजातिको साँस्कृतिक पहिचान बोकेको लाखे, चुड्का, कौरा गीत, झ्याउरे गीत, भजन, परम्परा तिज गीत, दोहोरी गीत यहाँका लोक संस्कृति हुन्। यहाँका मानिसहरुको व्यापार व्यवसाय, आंशिक रुपमा जागिर, वैदेशिक रोजगारी, ज्याला मजदुरी नै जनजीवनको मुख्य स्रोत रहेको छ भने स्थानीय तहको गत दुई निर्वाचनहरु मध्ये २०७४ साल र २०७९ सालमा यस वडाको सम्पूर्ण पदहरुमा नेपाली कांग्रेसले विजय हासिल गरेको छ।

यस वडामा निर्माणाधीन अवस्थामा रहेको महर्षि वेदव्यासको १०८ फिटको मूर्ति साँस्कृतिक धरोहरको रुपमा रहेको छ। विभिन्न पार्क एवं मादी सेती नदीको जलविहार उपयोग गरी इको टुरिजमको विकासले पर्यटकलाई आकर्षित गर्न सकिने प्रचुर सम्भावना रहेको हुँदा व्यापार व्यवसाय बढ्न गई मानिसहरुको आर्थिक उन्नति हुने देखिएको छ। सिमित स्रोत र साधनले नै समाजको माग बमोजिम अपेक्षाकृत विकास हुन नसक्ने आजको चुनौति रहेको छ भने मादी नदीले जमिन कटान, वेरोजगारी, लागू औषध दूर्व्यसनी, अशान्ति, उद्योग धन्दाको स्थापना हुन नसक्नु पनि थप चुनौति रहँदै आएको छ। बढ्दो शहरीकरणले सामाजिक भावनाको विकासमा कमी हुनु, सद्भाव, सहयोग र भाइचाराको सम्बन्ध कम हुँदै जानु पनि बढ्दो शहरीकरणको समस्याको रुपमा रहेको छ।

सानो उपत्यका जस्तो फाँटमा देखिने यस वडालाई मादी र सेती नदीले प्राकृतिक रुपमा मनमोहक बनाएको छ भने मुख्य व्यापारिक, प्रशासनिक एवं धार्मिक पर्यटक एवं शिक्षा र रोजगारीको उद्गम स्थल मानिएको छ। धार्मिक क्षेत्रको रुपमा समेत परिचित यस वडामा मृत्यू पश्चात दाहसंस्कार गरिने व्यवस्थित शवदाह स्थल समेत यसै वडामा रहेको छ। त्यसैगरी मादीसेती घाटमा मृत्यू संस्कारका लागि आउनेहरुको निम्ति भौगोलिक दुरी, आर्थिक स्थिति आदिलाई मध्यनजर गर्दै क्रियापुत्री भवन समेत यहाँ रहेको छ। चार वेद अठार पुराणका रचयीता भगवान वेदव्यासको २८ औं अवतारको जन्मस्थल मादी सेती नदीको संगम स्थल यसै वडा भित्र पर्ने धार्मिक स्थलको रुपमा चिनिएको छ। यस वडामा विभिन्न धार्मिक जातजातिको पहिचान बोकेको मठ, मन्दिर पवित्र व्यास गुफा, शिव पाञ्चायन मन्दिर, दूर्गा मन्दिर, बौद्ध गुम्बा, चर्च लगायत यही वडामा रहेको छ। शैक्षिक उपलब्धिको लागि श्री शिव पाञ्चायन माध्यमिक

विद्यालय, श्री महर्षि वेदव्यास संस्कृत माध्यमिक विद्यालय, श्री गोरखकाली आवसीय माध्यमिक विद्यालय र श्री बाराही आवसीय माध्यमिक विद्यालय जस्ता शैक्षिक संस्था यस वडामा रहेको छ ।

हालसम्म यस वडाको सम्पूर्ण टोलहरुमा विद्युत, खानेपानी, पक्की सडक, स्ल्याव सहितको पक्की नाला पुगेको छ भने फोहोर मैला संकलन नियमित रुपमा गरिएको, नाला, सडक पिच जस्ता विकास निर्माण कार्य नियमित भइरहेको नै छ । वडाका केही बाटोहरु बाहेक सम्पूर्ण बाटोहरु पिच भएका छन् भने यस वडामा प्राय: अधिकांश सरकारी कार्यालयहरु रहेको छ । आसपासका ग्रामिण क्षेत्रमा उत्पादन भएका स्थानीय तरकारी फलफूलहरु बिक्री वितरण स्थल यही वडामा रहेको छ भने अन्य जिल्लाबाट आयात गरिएका तरकारी, फलफूल माछा मासु बिक्री स्थल समेत यसै वडामा रहेको छ । त्यसैगरी पशु वधस्थल पनि यसै वडामा रहेको छ ।

**वडाको बजेट एवं सक्रियतामा सञ्चालन भएका मुख्य योजनाहरु**

- वडा भित्र करिब ६२० मिटर पक्की नाला निर्माण ।
- गलमबास मगरमोइ समूह, देउराली नगर, पुल्चोक, शान्ति नगर, दूर्गा भवानी मन्दिर एवं सामुदायिक भवन निर्माण भइरहेको ।
- भतेरी संरक्षण कार्य निर्माणधीन अवस्थामा रहेको ।
- जिल्ला खेलकुद फुटवल ग्राउण्ड निर्माण ।
- १०८ फिट अग्लो निर्माणाधीन महर्षि वेदव्यास मूर्ति ।
- ऋषिङ र व्यास ३ जोड्ने निर्माणाधीन पक्की पुल ।
- सामुदायिक विद्यालयहरुको भौतिक निर्माण एवं शैक्षिक सुधार सम्बन्धी कार्यक्रम गरिएको ।
- मादी सेती दमौली घाट निर्माण तथा मर्मत ।
- भतेरी रिङरोड निर्माण ।
- बलेधारा संरक्षण तथा पुन निर्माण ।

**यस वडाका आगामी लक्ष्यहरु:**

- सर्वसुलभ सेवा प्रदान गर्न स्वायत्त वडा कार्यालय भवन निर्माण गर्ने ।
- वडा अर्न्तगतका सम्पूर्ण कच्ची सडक पक्की बनाउने ।
- स्वास्थ्य शिक्षामा पिछडिएका वर्गको पहुँच ।
- बहुउपयोगी व्यवस्थित वि.पि. वनवाटिका निर्माण ।
- अनसन चौतारीको खुला चौरमा सेन्ट्रल पार्क निर्माण ।
- भतेरी संरक्षण तथा रिङरोड निर्माण ।
- १०८ फिटको महर्षि वेदव्यासको मूर्ति निर्माण सम्पन्न गर्ने ।
- व्यासको ३ र ५ नं. वडा जोड्ने पक्की पुल एवं व्यास ३ र ऋषिङ गाउँपालिका जोड्ने पक्की पुल निर्माण सम्पन्न गर्न पहल ।
- शान्ति नगर झोलुङ्गे पुल मुनि पहिरो नियन्त्रण गर्न मादी नदी संरक्षण ।
- आधुनिक शवदाह घाट निर्माण ।

अन्तमा स्थानीय सरकारको रुपमा रहेको यस वडाले वडावासीहरुलाई आफ्ना सेवाहरु सर्वसुलभ, छिटो, छरितो रुपमा उपलब्ध गराउनुका साथै सरसफाईका लागि ल्याण्डफिल्ड साइड निर्माण, महिला तथा पिछडिएका समुदायमा सिप विकास, युवाहरुको लागि स्वरोजगार कार्यक्रम, धार्मिक, साँस्कृतिक धरोहरहरुको संरक्षण, सम्बर्द्धन एवं आर्थिक विकास र पर्यटकीय महत्वलाई उजागर गर्ने लक्ष्य लिई विभिन्न कार्यक्रममा सहयोग पुऱ्याउन नगरपालिका, प्रदेश सरकार, संघ सरकार, टोल विकास संस्थाहरु, आमा समूहहरु, सरकारी कार्यालय, गैरसरकारी संस्थाहरुको सहयोगको अपेक्षाका साथ सम्पूर्णमा हार्दिक आभार प्रकट गर्दछौं ।

धन्यवाद !

# वडा परिचय एवं गतिविधिहरु



वडाध्यक्ष श्री मनबहादुर गुरुङ
व्यास नगरपालिका वडा नं.४

तनहुँ जिल्लाको सदरमुकाम दमौली चार वेदको रचयीता वेदव्यासको जन्मभूमि मादी सेतीको संगम स्थल एवं पराशर ऋषिको तपोभूमिमा अवस्थित यस व्यास नगरपालिकाको नामाकरण व्यासऋषिको नामबाट नामाकरण गरी वि.स.२०४८ साल चैत्र ३० गते ११ वटा वडाहरु कायम गरी घोषण भएको हो ।

संघीय गणतन्त्र स्थापना पश्चात् यस जिल्लामा रहेका साविकका केही गा.वि.स.हरु समावेश गरी २४८ वर्ग कि.मि. क्षेत्रफल र १४ वटा वडा कायम गरी व्यास नगरपालिका नगर कार्यपालिकाको कार्यलय स्थापना गरियो । जस अन्तर्गत साविकको ११ नं. वडा हाल व्यास नगरपालिका वडा नं.४ मा परिणत गरियो । राष्ट्रिय जनगणना २०७८ अनुसार यस वडाको जनसंख्या महिला ४,२७७ र पुरुष ३,७२३ गरी जम्मा ८,००० रहेको छ भने घरधुरी २,४०७ रहन आएको छ । यस वडाको क्षेत्रफल २.१० वर्ग कि.मि. रहेको छ ।

२०७९ सालको स्थानीय तहको निर्वाचन मार्फत व्यास नगरपालिकाका जनताले आफ्नो मताधिकार प्रयोग गरी यस वडामा हामीलाई जनप्रतिनिधि रुपमा चुनेका थिए । यस वडामा हामी जनप्रतिनिधि चुनिएर आएपछि तनहुँ कालिका शहिद शान्ति पार्क जाने बाटो रु.२० लाख बराबरको पि.सि.सि. ढलान गरी बाटो पक्की गर्ने काम सम्पन्न भयो । व्यास मार्गदेखि तल्लो भाग चिहानडाँडा हुँदै मादी नदी किनारसम्मको बाटो रु.१० लाख बराबरको पि.सि.सि. ढलान सम्पन्न भयो । त्यसैगरी झिल्के मार्गको तल्लो पट्टिको बाटो रु.१० लाख बराबरको रकममा कालोपत्रे सम्पन्न भयो । वेदव्यास टोलबाट बिरालेटार जाने रिङरोडमा ह्यूपाइप हाली खोलामा पहिरो जानलाई नियन्त्रण गरी रु.१० लाख बराबरको काम सम्पन्न गरियो । सुवर्ण मार्गमा बाटोको स्तरोन्नतिको लागि कभर स्ल्याबका लागि रु.४ लाख २ हजार बराबर रकम खर्च गरी काम सम्पन्न गरियो । सिमलटार सुशीला अधिकारीको घरसम्म पक्की नाला निर्माणका लागि रु.५ लाख बराबरको रकम खर्च गरी सम्पन्न गरियो । सिर्जना मिजार समाजको अधुरो भवन प्लाष्टर तथा वाल निर्माणमा रु.३ लाख बराबरको लगानी गरी काम सम्पन्न गरियो । यही २०७९ असोज महिनामा भारी वर्षा भएको कारण सितलचोकमा भ्वाकभ्वाक पहिरो जान लाग्दा वडाबाट Cover Water Proof (त्रिपाल) बाँडेर पहिरो रोकथाम गरियो ।

अन्यमा १ वर्षको अवधि भित्र कार्यालय समय र अन्य अतिरिक्त समय लिई हामीहरुलाई साथ र सहयोग दिनुहुने नगरपालिका र वडा कार्यालयका कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यवाद !

# जनप्रतिनिधिको रुपमा मेरो अनुभव



वडाध्यक्ष श्री बिष्णुकुमार श्रेष्ठ
व्यास नगरपालिका वडा नं.५

चार वेद र अट्ठार पुराणका रचयीता महर्षी वेदव्यासको जन्मभूमि एवं ऋषिकै तपोभूमिमा अवस्थित यस व्यास नगरपालिकाको नामाकरण व्यास ऋषिको नामबाट वि.स.२०४८ चैत्र ३० गते ११ वटा वडा कायम गरी घोषणा भएको हो । संघीय गणतन्त्र घोषणा पश्चात् नेपाल सरकारको २०७३।११।२७ गतेको नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार यस नगरपालिकामा ७ (सात) वटा गा.वि.स.हरु मध्ये केही गा.वि.स.का पुरै भाग र केही गा.वि.स.का आंसिक वडाहरु समावेश गरी २४८ वर्ग कि.मि. क्षेत्रफलमा १४ वटा वडा सहितको व्यास नगरापालिका नगर कार्यपालिकाको कार्यालय नामाकरण गरी संघीय संरचना अनुसार पुनर्गठन गरिएको थियो ।

लामो समयदेखि स्थानीय निकायको निर्वाचन नभएर २०७४ सालमा स्थानीय तहको निर्वाचन भएकोमा दोश्रो स्थानीय तहको निर्वाचन २०७९ को बैशाख महिनामा व्यास ५ का जनताले आफ्नो मताधिकार मार्फत व्यास ५ को जनप्रनिधिको रुपमा चुनेका थिए । सिंहदरवारको अधिकार गाउँ मै पाउने आधारमा जनताले जनप्रतिनिधि चुनेका थिए । साविक २०७४ पहिलाको स्थानीय निकायका जनप्रतिनिधिहरुको भन्दा हालको संविधानले जिल्ला र संघमा केन्द्रित अधिकार पनि वडा तहमा जनताले पाउन थालेका छन् । नगरपालिकाको कुल क्षेत्रफल मध्ये २०.१४ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यो वडा साविक व्यास ६, ७ र ८ गरी तीन वटा वडा गाभेर हालको ५ नं. वडा कायम गरिएको हो । यो वडाको पूर्वमा माहेन्द्र नदी, पश्चिममा साँगे खोला उत्तरमा डुडे, सिन्दुरे खोला र दक्षिणमा गण्डकी नदी रहेको छ । देशको धेरै क्षेत्रमा आवतजावत गर्ने पृथ्वी राजमार्ग यसै वडालाई छोएर गएको छ । यस वडामा जनजातीको बाहुल्य रहेकोमा मगर, नेवार, आदिवासी कुमाल जाती तथा महर्षी वेदव्यासका मावली खलकको रुपमा परिचित पाटन क्षेत्र लगायतका क्षेत्रहरुमा बसोबास गर्ने बोटे जातीहरु यस वडाका मुख्य बासिन्दा मानिन्छन् । ब्राम्हण, क्षेत्री, परियार, वि.क. र नेपाली लगायतका अन्य विभिन्न जातीहरुको बसांई पनि यस वडामा रहेको छ ।

राज्य पुनर्संरचना पश्चात् लागू भएको संघीय गणतान्त्रिक शासन व्यवस्थासँगै नेपालमा नयाँ राजनैतिक तथा सुनौला आर्थिक युगमा प्रवेश गरेको थियो । परिवर्तित शासन व्यवस्थासँगै २०७९ को स्थानीय तहको निर्वाचनबाट निर्वाचित हामी जनप्रतिनिधिहरु विकासका सम्वाहकको रुपमा एउटा चुनौतिपूर्ण जिम्मेवारी सहित जनता साम‍ु उभिएका थियौ । लामो समयदेखि निर्वाचन नभएर जनप्रतिनिधि बिहिन भए पछिको दोश्रो कार्यकालमा निर्वाचित भएका हामीहरुले जनताका चाहना, आवश्यता र महत्वकांक्षाहरु प्रफुल्लित हुन स्वभाविक नै थियो । यद्यपि राजनैतिक संक्रमणकाल, सिमित स्रोत र साधन तथा कानुनी द्विविधाका कारण वडाको जनप्रतिनिधिको हैसियतले जनचाहनालाई यथोचित रुपमा सम्बोधन गर्नु थप चुनौतिपूर्ण पदीय कर्तव्य रहेको थियो । संघीयताको सवल कार्यान्वयनका लागी हाम्रा सामु एउटा अग्नी परीक्षा कायम छ । जुन परीक्षामा हामीलाई निर्विकल्पका साथ उत्तीर्ण हुनै पर्ने बाध्यात्मक अवस्था समयले निर्धारण गरेको छ । हामीले

हाम्रो कार्यभार समाल्दै गर्दा वडामा गर्नु पर्ने विकासका कामहरु धरै छन् तर हाम्रा स्रोत र साधनको सिमितताका कारण विस्तारै विकासका कामहरु गर्दै जनतामा समर्पित हुँदै जानुपर्ने बाध्यात्मक अवस्था रहेको छ । जनताका माग र आवश्यकता बुझ्दै नयाँ अनुभवलाई जनताका विकास निर्माणका काममा लगाई विकास निर्माणको गतिलाई गतिशील बनाउँदै लगिन थालिएको छ ।

हाल यस वडाको वडा कार्यालय पतेनीमा आफ्नै भवन निर्माण सम्पन्न भई सेवा प्रदान गर्दै आइरहेको छ । व्यास नगपालिकाको एउटा इकाइको रुपमा रहेको वडा कार्यालय व्यास नगरपालिकाको प्राथमिकतामा रहेको खानेपानी, शिक्षा, स्वास्थ्य र पर्यटनलाई मुख्य रुपमा राखी हामीले विभिन्न योजनाहरु अगाडि बढाएका छौ । हाल यस वडा भित्र २० (बिस) वटा टोल विकास संस्था रहेका छन् । पतेनी आधारभूत स्वास्थ्य केन्द्र र रानीटारी शहरी स्वास्थ्य केन्द्र गरी दुई वटा स्वास्थ्य संस्था यस वडामा सञ्चालन रही सेवा प्रदान गरिरहेका छन् ।

गतवर्षदेखि निरन्तरता भएको खरको छानाको लागी बाँकी टिन वितरण कार्य गरिएको छ भने सामाजिक सुरक्षा भत्ता चार स्थानबाट वितरण गर्दै आइएको छ । जग्गा वर्गीकरण सम्बन्धी कार्य सम्पन्न भएको छ । यसैवर्ष अव्यस्थित, सुकुम्बासी र दलित सुकुम्बासीको निस्सा वितरण भई दाबी बिरोधका लागी सूचना समेत टाँस गरिएको छ । निर्वाचनमा मतदान केन्द्रका लागी शुक्र आधारभूत विद्यालय चिन्तुटार थप गरी लामो दुरीको यात्राबाट नजिक मतदान गर्ने व्यवस्था गरिएको छ । वडा, नगर, प्रदेश र संघीय योजनाको आवश्यता अनुसार सिफारिसको कार्य नियमित प्रकृया नै रहेको छ । यस वडाको भौगोलिक अवस्था नमिलेको र क्षेत्रफल पनि ठूलो भएको हुँदा विकासमा अपेक्षाकृत फड्को मार्न कठिनाई भएको छ ।

आगामी वर्षदेखि यस वडामा रहेका सामुदायिक विद्यालयहरुमा शैक्षिकस्तरमा सुधारका कार्य गर्ने, खानेपानी, सडक, नाला लगायतका विभिन्न कार्यका लागी बजेट विनियोजनमा बृद्धि गर्ने, मानहुँकोटलाई पर्यटकीय स्थलको रुपमा विकास गर्ने, युवाहरुलाई खेलकुदमा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने, महिलाहरुका लागी सिपमूलक सम्बन्धी तालिम सञ्चालन गरी आर्य आर्जनबाट पेशाका रुपमा आम्दानी बढाइने छ । युवाहरु जसले ड्राइभिङ पेशा गरी आर्य आर्जन गर्न चाहन्छन् भने त्यस्ता युवाहरुका लागी निशुल्क ड्राइभिङ सिकाउने योजना रहेको छ । बितेको यो एक वर्षमा हामीले नयाँ अनुभवहरु बटुल्दै आगामी दिनमा काम गर्ने केही अनुभव मिलेको अनुभूति गरिएको छ ।

अन्तमा यस वडाको विकास निर्माणको कार्यमा मलाई सहयोग र साथ दिनुहुने नगर कार्यपालिकाका सदस्यहरु, वडा समितिका सदस्यहरु, कर्मचारीहरु, टोल विकास संस्थाका पदाधिकारीहरु, आमा समूह, वडामा रहेका विभिन्न संघसंस्थाका साथै नगर प्रमुख एवं मलाई अमूल्य मत दिई बिजयी गराई दिनुहुने सम्पूर्ण वडावासी बुबाआमा, दाजुभाई तथा दिदिबहिनीहरुमा हार्दिक धन्यवाद एवं आभार प्रकट गर्न चाहन्छु ।

धन्यवाद !

# वडाको चिनारी एवं विकास निर्माण सम्बन्धी गतिविधि



**वडाध्यक्ष श्री जीवन गुरुङ**
**व्यास नगरपालिका वडा नं.६**

नेपालको संविधान २०७२ को मुल मर्म अनुरुप भएको राज्य पुन संरचनाद्वारा श्याम्घा गा.वि.स.का सम्पूर्ण वडाहरुलाई व्यास नगरपालिकामा गाभिएको थियो । ३५.३१ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको यस वडा भौगोलिक रुपमा व्यास नगरपालिकाको सबैभन्दा ठूलो वडाको रुपमा रहेको छ । यस वडाको जनसंख्या राष्ट्रिय जनगणना २०७८ अनुसार महिला २,४३७ र पुरुष २,०९२ गरी जम्मा ४,५२९ रहेको छ भने घरधुरी १२८४ रहेको छ । तनहुँ जिल्लाको सदरमुकाम दमौलीबाट भौतिक रुपमा दुरी नजिक भएपनि विकास र पहुँचसँगको दुरी भने अझै धरै टाढा नै रहेको अवस्था छ । यस वडामा विकासका पूर्वाधारहरु कमजोर अवस्थामा रहेका छन् ।

नेपालमा पछिल्लो समय भौतिक संरचनालाई मात्र विकास मान्ने प्रवृति हावी रहेको छ । यहाँ आर्थिक सामाजिक, प्राविधिक, साँस्कृतिक र मनोवैज्ञानिक विकासमा ध्यान दिएको अवस्था छैन । विकासलाई मानव समुदायको समग्र विकाससँग एकाकार गरिएको छैन । परम्परागत कनिके विकास प्रवृतिले गर्दा जनताले विकासको अनुभूति गर्न पाएका छैनन् तापनि यसै आर्थिक वर्षदेखि वडाका केही गौरवका योजनाहरु निर्माण गर्ने कार्यलाई अघि बढाएका छौ । जुन निम्न अनुसार रहेको छः

- सेवा प्रवाहका लागी व्यवस्थित कार्यलयको अभाव भएको हुदाँ सुविधा सम्पन्न वडा कार्यलय भवन निर्माणका लागि टेन्डर आव्हान भई सम्झौता गर्ने कार्य अघि बढेको,
- व्यास ६ र म्यादे ६ लाई जोड्ने वादी चाक्लेघाटमा मोटरेवल पुल निर्माण योजनालाई बजेट विनियोजन गरिको,
- व्यास नगरपालिकाको पर्यटकीय क्षेत्र मध्ये कै महत्वपूर्ण पर्यटकीय क्षेत्रको रुपमा रहेको गलेखाम कोटको पर्यटन प्रवर्द्धन गर्न गलेखामकोट भैरबी मन्दिरलाई पूर्णता दिन र गलेखाम कोट पहुँच मार्ग स्तरोन्नतिका लागी बजेट विनियोजन गरी निर्माण कार्य सम्पन्न भएको ।

**शिक्षातर्फः** शिक्षाको गुणस्तर कायम गर्न शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखेर काम गर्ने योजना बनाई वडामा रहेका सम्पूर्ण सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापकहरुसँग अन्तरकृया भेला आयोजना गरी विद्यालय, शिक्षाका समस्या र चुनौतिको पहिचान गरी त्यसको व्यवस्थापन गर्ने गरी निम्न योजनाहरुमा बजेट विनियोजन गरिएको छः

- महेन्द्र ज्योति मा.वि. विज्ञान प्रयोगशाला सञ्चालन र शुद्ध खानेपानीका लागी यूरोगार्ड जडान,
- इन्दु मा.वि. विद्यालय कम्पाउण्ड निर्माणलाई पूर्णता, विज्ञान प्रयोगशाला सञ्चालन र शुद्ध खानेपानीको लागी यूरोगार्ड जडान,
- माहेन्द्री आ.वि. विद्यालय कम्पाउण्ड निर्माण,
- देउराली प्रा.वि. विद्यालय कम्पाउण्ड निर्माण,
- अमर आ.वि. करेसा ढलान,
- रत्नज्योति आ.वि. खेल मैदान जाली राखी घेरावार ।

**स्वास्थ्यतर्फः** स्वास्थ्यकर्मीहरु र वडामा रहेका सम्पूर्ण स्वास्थ्य स्वयंसेविकाहरुसँग अन्तरक्रिया कार्यक्रम गरी स्वास्थ्यमा रहेका समस्या र चुनौतिका बारेमा सुझाव लिई उक्त सुझाव अनुरुप आगामी दिनमा कार्य अगाडि बढाउनुका साथै श्याम्घा स्वास्थ्य चौकी भवनको निर्माण कार्यलाई पूर्णता दिन रंगरोगन, विद्युत जडानमा बजेट व्यवस्थापन ।

**खानेपानीतर्फः** यस वडाका अधिकांश क्षेत्रहरुमा खानेपानीको आपूर्ति सहज रुपमा भए तापनि शुद्ध खानेपानी सबै स्थानमा उपलब्ध नभएको हुँदा अबका दिनमा खानेपानीलाई शुद्धीकरण गरी वितरण गर्नु पर्ने आवश्यकता रहेको छ भने न्युन रुपमा खानेपानी आपूर्ति हुन बाँकी क्षेत्रहरुमा क्रमशः खानेपानीको योजनाहरु सञ्चालन गरिने छ र भइरहेका खानेपानीका योजनाहरुलाई मर्मत सम्भार गर्नु पर्ने आजको आवश्यकता भएको छ । ग्रामिण वडा भएको हुँदा खानेपानीका भइरहेका कुवाहरु निर्माण रं मर्मत गर्ने तर्फ विशेष ध्यान पुऱ्याउनु पर्ने अवस्था रहेको छ ।

**सडकतर्फः** ग्रामिण वडा भएको हुँदा अझै पनि जनताहरु व्यवस्थित मोटर बाटोको पहुँचबाट टाढ नै रहेको भए तापनि बाह्रैमास सवारी साधना सजिलै आवतजावत गर्नका लागि केही मोटर मार्गहरुमा ढलान गरी सडक स्तरोन्नति गर्ने कार्य गरिएको छ भने अन्य भएका मार्गहरु मर्मत सम्भार गर्ने कार्य गरिएको छ ।

**कृषितर्फः** यस वडालाई कृषिमा आत्मनिर्भर बनाउने उद्देश्य लिइए तापनि बजेट अभावले गर्दा कृषिकले सोचे जस्तो अनुदान र योजना प्रदान गर्न नसकिएको यथार्थता हामी सामु प्रष्ट नै छ । तर पनि कृषकलाई राहत हुने र मार्ग निर्देशन गर्न सक्ने निम्नानुसारका केही योजना भने प्रदान गर्न सफल भएका छौः

- टोल विकास संस्था मार्फत किट औषधी छर्ने स्प्रे प्रदान,
- मकै, जैघाँस, आलुको बिउ वितरण,
- सिंचाइका लागि कुलो निर्माण र खेत सुरक्षाका लागी तारजाली निर्माण,
- पशु, कृषि फार्म अवलोकन गरी आवश्यक औषधी वितरण ।

**सुरक्षित आवास तर्फः** सुरक्षित आवास अन्तर्गत संघीय सरकारबाट यस वडामा कुनै योजना नपरेको हुदाँ अति जीर्ण घर र विपन्न परिवार पहिचान गरी ५ वटा घरलाई टिनको छाना छाउने व्यवस्था गरिएको ।

**विविधतर्फः** महिलाहरुलाई स्वस्थ राखी समाजलाई नै स्वस्थ्य र आत्मनिर्भर बनाउन ३ दिने सेनेटरी प्याड निर्माण गर्ने तालिम २ स्थानमा सञ्चालन गरिएको छ भने वडामा रहेका विभिन्न क्लवहरुका युवा साथीहरुसँग समन्वय गरी युवाहरुको माग बमोजिम खेलकुद सामग्रीहरु वितरण गरी खेलकुदको प्रवर्द्धन गरिएको छ ।

**निस्कर्षः** यस वडाको अधिकांश क्षेत्र कृषिक्षेत्र भएको हुँदा परम्परागत कृषि प्रणालीलाई निरुत्साहित गर्दै आधुनिक कृषि प्रविधिको प्रयोग गरी व्यवसायिक कृषि प्रणालीमा जोड दिई कृषि उत्पादनमा अधिकतम बृद्धि गराई वडावासीलाई कृषिमा आत्म निर्भर बनाउने र आर्थिक हिसावले वडाबासीको जीवनस्तर माथि उठाउने ठोस कार्यक्रमहरु लागु गरिनुका साथै आयमूलक कार्यक्रम, गुणस्तरीय शिक्षा, स्वास्थ्य, विद्युत, खानेपानी, सडक, खेलकुद, पर्यटनको क्षेत्रमा बजेट विनियोजन गर्न व्यास नगरपालिका, गण्डकी प्रदेश सरकार, संघीय सरकार समक्ष विशेष पहल गरिने छ ।

अन्तमा यस वडाको विकास निर्माणमा सहयोग र समन्वय गर्नु हुने टोल विकास संस्थाका पदाधिकारीहरु, विभिन्न संघसंस्था पदाधिकारीहरु, वडावासीहरु, सरकारी तथा गैरसरकारी संस्थाका पदाधिकारी एवं प्रतिनिधिहरु, व्यास नगर कार्यपालिकाका सदस्यहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दै आफ्नो अमूल्य मत दिई हामीलाई बिजयी गराउनु हुने सम्पूर्ण वडाबासीहरुमा हार्दिक धन्यवाद टकयाउँदै नयाँ वर्ष २०८० को हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद !

# वडा विकास अभियानका गतिविधिहरु



वडाध्यक्ष श्री कृष्णप्रसाद न्यौपाने
व्यास नगरपालिका वडा नं.७

व्यास नगरपालिका ७ नं. वडा दमौली बजारबाट उत्तर दिशामा रहेको छ । व्यास मार्गको करिब १० कि.मि. पक्की सडक सञ्जालले जोडेको यस वडामा ग्रामिण वस्तीको बाहुल्यता रहेको छ । जनजाती बहुल क्षेत्रका रुपमा रहेका ग्रामिण वस्तीहरु पर्यटन, कृषि उत्पादनको उच्च सम्भावनायुक्त क्षेत्रका रुपमा रहेका छन् । वडामा श्रोतको सिमितता र छरिएर रहेको हाम्रो ग्रामिण वस्तीहरुका कारणबाट ठूलो मात्रामा पूर्वाधारको क्षेत्रमा लगानी गर्न सकिएको छैन ।

व्यास नगरपालिकाबाट प्राप्त मार्ग दर्शन अनुसार यस वडामा चालु र पूँजीगत गरी जम्मा ४७ वटा योजनाको प्रस्ताव गरिएको थियो । पूर्वाधारजन्य सबै योजनाहरुको सर्वेक्षण ल.ई. तयार गरी योजनाको सम्झौता सम्पन्न भइसकेको छ । १० वटा योजना सम्पन्न भई रकम भुक्तानीका लागी कार्यालयमा आवश्यक कागजपत्र सहित पेश गरिसकिएको छ भने बाँकी योजनाहरु निर्माण चरणमा रहेका छन् ।

वडा कार्यालयको बजेटबाट आर्थिक, सामाजिक रुपमा कमजोर विपन्न वर्गका २५० सामुदायिक विद्यालयमा अध्ययनरत प्राथामिक तहका बालबालिकाहरुलाई न्यानो कपडा वितरण गरिएको छ । सामुदायिक विद्यालयहरुमा हप्ताभरी स्वास्थ्यकर्मीबाट स्वास्थ्य शिक्षाका विषयमा कक्षा लिने व्यवस्था गरिएको छ । यसले बालिकाहरुको व्यक्तिगत सरसफाईमा उल्लेख्य प्रभाव पार्ने अनुमान गरिएको छ । पठनपाठनको गुणस्तर सुधार गर्नका लागी निरन्तर रुपमा विद्यालय अनुगमन, छलफल, अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ । योजनहरुको गुणस्तरीय निर्माणका लागी अनुगमन तथा मूल्यांकनका कार्यलाई प्रभावकारी बनाउन टोल विकास समितिका पदाधिकारीहरुसँग बैठक सञ्चालन गर्ने गरिएको छ । महिलाहरुको संस्थागत क्षमता विकासका लागी ३ दिने क्षमता विकास तालिम कार्यक्रम सञ्चालन गरिएको छ भने दलित तथा पछाडी पारिएका समुदायका लागी क्षमता विकास कार्यक्रम सञ्चालनको प्रस्ताव गरिएको छ ।

वडाले विगतदेखि नै लिएको एक घर एक धाराको नीतिलाई निरन्तरता दिदै आइरहेको छ । कृषि प्रवर्द्धनका लागी उन्तन बिउ विजन, मल लगायतमा सहजीकरण गर्दै अनुदानमा उपलब्ध गराइरहेको छ । कुखुरा, बाखा लगायत अन्य पशु चौपायका लागी निशुल्क रुपमा औषधी वितरण हुँदै आइरहेको छ ।

यस वडामा ग्रामिण पर्यटन, साहासी खेलकुद र कृषिक्षेत्र लगानीका लागी सम्भावनायुक्त क्षेत्रका रुपमा रहेका छन् । गुरुङ समुदायको बसोबास, स्थानीय भाषा, संस्कृतिको अवलोकनका लागी होमस्टेको व्यवस्थापन, क्यामिनकोट कालिका मन्दिरको दर्शनका लागी दमौली-पोखरा-काठमाण्डौंबाट आउने गर्दछन् । कलेस्ती, पाश्रा क्षेत्रको उर्वर भूमिमा सिंचाईको व्यवस्था गर्न सकेमा कृषि उत्पादनमा ठूलो सुधार हुन सक्ने सम्भावना देखिन्छ । वडा कार्यालयले आगामी वर्षमा वडाको प्रोफाइल तयार गरी वडाका सबै प्रकारका तथ्याङहरुको अभिलेखीकरण गर्ने, कृषकहरुलाई कृषि समूहमा आवद्ध गराउँदै व्यवसायिक कृषक उत्पादन गर्ने, शिक्षा क्षेत्रमा लगानी बढाउने र सामाजिक रुपमा पछाडि परेका समुदायहरुको उत्थानका कार्यक्रम सञ्चालन गर्ने योजना रहेको छ ।

धन्यवाद !

# जनप्रतिनिधिका रुपमा मेरो अनुभव



वडाध्यक्ष श्री युवराज गुरुङ
व्यास नगरपालिका वडा नं.८

व्यास ऋषिको तपोभूमि मादी र सेती नदीको संगम स्थल, धार्मिक प्राकृतिक एंव साँस्कृतिक सम्पदाले भरिपूर्ण तनहुँ जिल्लाको सदरमुकाम दमौली बजार र ग्रामिण क्षेत्र समेटी व्यास नगरपालिकाको स्थापना भएको हो । यस नगरपालिकाको ३१ औं स्थापना दिवस २०७९ चैत्र ३० गतेका दिन भव्यताका साथ मनाउने क्रममा "व्यास नगर दर्पण २०७९" प्रकाशन गर्नु हामी सबैको गौरवको विषय हो ।

तनहुँ जिल्लाको दोस्रो अग्लो डाँडा मिर्लुङकोटको काखमा अवस्थित पुलिमराङ गाउँ जहाँ जहानिया राणा शासन र पञ्चायत विरुद्धको क्रान्तिमा शहादत प्राप्त ६ जना वीर सपुतहरु जन्मिएको ठाउँ यस व्यास नगरपालिकाको वडा नं.८ पुलिमराङ गाउँ हो । २००७ सालको बन्दीपुरको क्रान्तिमा अगुवाई गर्ने निडर युवा धर्मध्वज गुरुङको अगुवाईका क्रममा सेनाको गोली लागेर मृत्यु भएको थियो । यसरी नै २०१८ सालको जनक्रान्तिमा धर्मध्वज गुरुङ कै दाई लालध्वज गुरुङ, शम्शेर गुरुङ, भारत गुरुङ, सर्वसिङ गुरुङ र हस्तविर गुरुङ ५ जनालाई राज्यद्वारा निर्ममतापूर्वक मारिएको थियो । यसरी ६ जना वीर सपुत गुमाउनु परेको दर्दनाक कहानी बोकेर अझैसम्म पनि शहिदको सपना झोलामा बोकेर भौतारी रहेको छ यस वडाका वडावासी । त्यही शहिदको सपनालाई टेकेर राजनीतिज्ञहरुले राजनैतिक छलाङ त मार्‍यो तर पुलिमराङ गाउँ त्यही शहिदहरुको सपना कहिले पूरा होला भन्ने अन्योलमा नै छ । उदाहरणको लागि २००७ सालमा खोलिएको श्री शहिद धर्मध्वज प्रा.वि. र हाल नि.मा.वि. विद्यालयको अवस्था हेरेर पनि अनुमान गर्न सकिन्छ ।

उसो त यी कुराहरु लेखिरहँदा अनौठो लाग्ला ६ जना शहिदको रगतले सिंचित भूमि वडा नं.८ व्यास नगरपालिकाको १४ वटा वडा मध्ये बाटोघाटोको कुरा गर्दा अहिलेसम्म कालोपत्रेले समेत छुन सकेको छैन भन्दा अपत्यारिलो लाग्न सक्छ तर सत्य यही हो । शहिदको सपनालाई हतियार बनाएर पटकपटक संसद भवन छिरेपनि उनीहरुले शहिदको सपनाभन्दा आफ्नो व्यक्तिगत सपना पूरा गर्नमा नै लागिरहेको हामीलाई भान हुन आउँछ ।

हावापानीको हिसाबले एकदमै राम्रो मानिएपनि शिक्षा, स्वास्थ्य र सडकको असुविधाका कारण अहिले पुलिमरङको धेरै मान्छेहरु काठमाडौ, पोखरा, चितवन लगायत अन्य ठाउँमा सर्न थाले एवं रितले यो बढ्दो रुपमा देखिनु भनेको शिक्षा स्वास्थ्य र सडक नै मुख्य कारण हो । यो क्रम बढिरहँदा भविष्यमा गएर ६ जना शहिद जन्माउन सफल पुलिमराङ कहाँ थियो भनेर खोज्नु पर्ने अवस्था नआउला भन्न सकिन्न? त्यसैले अबपनि हामीले यो कुरामा राज्यको ध्यानाकर्षण गराउन सकिएन भने पक्कै पनि शहिदको सपनाले सराप्ने छ । २०७४ सालमा निर्वाचित हुनु भएका नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेले शहिद वस्ती पुलिमराङलाई चासोको रुपमा लिएको हामीलाई महशुस भएको छ । तसर्थ शहिद वस्ती पुलिमराङलाई पनि चिनाउनुपर्छ भन्ने हेतुले लगातार हरेक वर्ष माघ महिनाको १६ गते शहिद दिवसको अवसरमा मानहुँकोटबाट पुलिमराङसम्म म्याराथन (दौड) प्रतियोगिता सञ्चालन भइरहेको सबैमा सर्वविदित नै छ । कोभिडको समय बाहेक म्याराथनले निरन्तरता पाएको छ भने अन्य विकास निर्माणका कार्यहरुलाई पनि यसरी नै चासोको साथ नगर प्रमुखले लिइदिनु हुनेछ भन्ने सम्पूर्ण वडावासीको अपेक्षा रहेको छ । साथै उहाँको यो सक्रियतालाई वडाबासीको तर्फबाट हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

व्यास ८ का प्रजातन्त्रको लागी आफूलाई सहादत दिनु हुने विर शहिदहरु धर्मध्व जगुरुङ्ग (२००७ साल), लालध्वज गुरुङ, शम्शेर गुरुङ, भरत गुरुङ, सर्वसिङ गुरुङ र हस्तवीर गुरुङको सम्झनामा २०५२ सालमा "शहिद स्मारक कोष" स्थापना भई स्मारक निर्माण कार्य शुरुवात भए तापनि हालसम्म स्मारक पार्कले पूर्णता नपाएको व्यहोरा अनुरोध गर्दछु । स्मारक पार्कलाई पूर्णता दिनका लागि व्यास नगरपालिका, गण्डकी प्रदेश सरकार र संघीय सरकारलाई विनम्र निवेदन गर्दछु ।

ऐतिहासिक, धार्मिक मठ मन्दिर, श्री माँमाइ कालिका मन्दिर, कोटथोक खड्क देवी मन्दिरमा पुलिमराङ्गवासीहरुले नियमित पूजा अर्चना एवं भाकल पूजा गर्दै आइरहेको हुँदा उल्लेखित मन्दिरको लागी डि.पि.आर. तयार गरी आवश्यक बजेट व्यवस्थापन गरिदिनु हुन सम्बन्धित सबै निकायप्रति अनुरोध गर्दछु ।

हामीले सम्भिनु पर्ने र बिर्सिरहेको एउटा नाम हो बखानसिङ गुरुङ, २००७ साल र २०१८ सालमा सहादत प्राप्त गर्नु भएको वीर योद्धाद्वय लालध्वज र धर्मध्वजको पिता हुनु हुन्थ्यो बखानसिङ गुरुङ । वहाँको नाम नसुन्ने तपाईं हामी सायदै कोही नहोलान । नेपालमा सहकारीको अवधारणा भित्र्याउने पहिलो व्यक्ति हुन र अहिलेको विजनेस हब मानिने चितवनलाई बसोबासको लागि योग्य बनाउने व्यक्ति पनि हुन् बखानसिङ गुरुङ । आफ्नो जवान दुई छोरा प्रजातान्त्रिक आन्दोलनमा गुमाउँदाको पिडालाई छातीमा लुकाएर जनजीवनलाई कसरी सहज बनाउने भन्ने कुरामा दत्त चित्त भएर निरन्तर लागि रहे भने पछि गएर राजा महेन्द्रको पालामा कृषि तथा भूमिसुधार मन्त्री पनि हुनुभयो । यसरी राष्ट्रिय रुपमा सहकारीको अवधारणालाई उजागर गर्ने व्यक्तित्वलाई व्यास नगरपालिकाले अहिलेसम्म वहाँप्रति कुनै चासो देखाएको पाइदैन । वहाँको बारेमा लेख्न, बोल्न र खोज्न कन्जुस्याइँ गरेको हो कि? अझैपनि मनमा झिनो आशा र अपेक्षा छ कि सहकारीको अध्यक्ष बखानसिङ गुरुङ्गको नाउँमा एउटा शालिक निर्माण गरी राख्न सके वहाँ प्रतिको सम्मान र सम्झनामा एउटा इट्टा थप्न सकिन्थ्यो की?

व्यास नगरपालिकाका १४ वटा वडा मध्ये ८ नं. वडा अत्यन्त बिकट र दुर्गममा पर्दछ । ब्राम्हण, क्षेत्री, गुरुङ, मगर, दलितहरुको बसोबास भएकोले यस वडाको छुट्टै पहिचान संस्कृति, रितिरिवाज छ । देशमा गणतन्त्र स्थापना पश्चात्को दोश्रो स्थानीय निर्वाचनमा हामी निर्वाचित भएपछि भौगोलिक विकटता, जनसंख्या आदि आवश्यकताको पहिचान गरी टोलबाट प्राप्त योजनालाई प्राथमिकता निर्धारण गरी योजना तथा कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्ने गरिएको व्यहोरा अनुरोध गर्दछु ।

वडाका समस्या अनगिन्ती छन् तैपनि प्राप्त हुने सिमित श्रोत र साधनबाट पूर्व जनप्रतिनिधिज्यू, राजनैतिक दलका प्रतिनिधि, गैर सरकारी संस्था, टोल विकास संस्थाको सल्लाह र सुझावलाई सदैव सिरोधारी गर्ने प्रतिवद्धता व्यक्त गर्दछु । हामी निर्वाचत भएपछि खानेपानीका लागि १ घर १ धारा कार्यक्रम सञ्चालनलाई सकृय साथ कार्यान्वयन गर्ने तर्फ कदम चालेका छौ । कालिका मोटर मार्ग स्तरीकरण, रिस्ती वराह शान्ती मार्ग ग्राभेल भई नियमित रुपमा यातायात सेवा सुचारु भएको छ । वडा भित्र २ स्वास्थ्य चौकी, १ आयुर्वेद औषधालय र २ शहरी स्वास्थ्य केन्द्रबाट वडाका जनता र छिमेकी जिल्ला लमजुङ्गका जनताहरु समेतले सेवा सुविधा पाइरहेका छन् । घर घरमा इन्टरनेट सेवा उपलब्ध छ । व्यवसायिक रुपमा पशुपालन (बाख्रा) र कृषिबाट आम्दानी गरी आम्दानीका श्रोतहरु जुटाइएको अवस्था रहेको छ ।

तनहुँ जिल्ला साविक शतिस्वाँरा गा.वि.स. वडा नं.६ हाल व्यास नगरपालिका वडा नं.८ बाहुनपोखरामा बाबु दुर्गाप्रसाद पौडेल र आमा ऋषिमाया पौडेलका ज्येष्ठ सुपुत्र एवं नेपालको प्रजातान्त्रिक आन्दोलनमा पटक पटक गरी १४ वर्ष नेपाली जनताको हक अधिकारका निमित्त जेल जीवन व्यतित गर्नु भएका नेपाली कांग्रेसका वरिष्ठ नेता एवं तनहुँ क्षेत्र नं.१ बाट गएको मंसिरमा भएको निर्वाचनबाट संघीय सांसदका रुपमा प्रतिनिधि सभामा निर्वाचित हुनु भएका आदरणीय श्रद्धेय श्री रामचन्द्र पौडेलज्यू नेपालको महामहिम राष्ट्रपतिमा निर्वाचित हुनु भएकोमा व्यास नगरपालिका वडा नं.८ का हामी वडावासीहरु मात्र नभई तनहुँ जिल्लावासी नै अत्यन्त हर्षित भएका छौ । हर्षको यस अवसरमा महामहिम राष्ट्रपतिज्यूको सफल कार्यकालको हार्दिक शुभकामना व्यक्त गर्दछु । साथै उहाँको सुस्वास्थ्य, दीर्घायूको कामना गर्दै तनहुँ जिल्ला त्यसमा पनि यस वडाको विकास निर्माणमा सहयोगको अपेक्षा समेत गर्दछु ।

अन्त्यमा यस वडाको विकास निर्माण, प्रशासनिक कार्य, प्राविधिक कार्य, स्वास्थ्य क्षेत्र लगायत विविध कार्यक्रममा मलाई सहयोग गर्नु हुने वर्तमान र पूर्व जनप्रतिनिधिहरु, कर्मचारी साथीहरु, शिक्षक मित्रहरु राजनैतिक दलका प्रतिनिधिहरु प्रति हार्दिक धन्यवाद एवं आभार व्यक्त गर्दै यस वडाको प्रगति, समुन्नति र विकासको लागि शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद !

# वडामा भएका गतिविधिहरु



वडाध्यक्ष श्री सुरेश थापा
व्यास नगरपालिका वडा नं.९

व्यास नगरपालिका ९ नं. वडा दमौली बजारबाट उत्तर दिशामा रहेको छ । साविक तनहँसुर गा.वि.स., शतिस्वाँरा गा.वि.स. र क्यामिन गा.वि.स.का केही वडाहरु समायोजन भई यस व्यास नगरपालिका वडा नं.९ मा परिमार्जित भएको हो । व्यास मार्ग, पराशर मार्ग, क्यामिन मार्ग र कलेस्ती, गजौडे, टुहुरेपसल मोटर मार्गले छोएको र दमौलीबाट करिब १३ कि.मि. को दुरीमा पर्ने यस वडामा पक्की तथा कच्ची सडक सञ्जालले जोडेको छ भने मादी-मर्स्याङ्दी कोरिडोरको बाटो समेत यस वडासँग जोडिएको छ । ऐतिहासिक कालिका माइको मन्दिर, तनहुँसुर दरवार र भानु नगरपालिकाको सिमाना यसै वडासँग जोडिएको छ । धार्मिक स्थलको रुपमा परिचित राजापानी महादेव यसै वडामा पर्दछ । यस वडामा ग्रामिण वस्तीको बाहुल्यता रहेको छ । हिन्दू, बौद्ध, ईसाइ र ईस्लाम धर्मावलम्वीहरुको समेत बसोबास रहेको यस वडामा दलित/सिमान्तकृत तथा आदिवासी जनजाति लगायत ब्राह्मण क्षेत्रीको वहुल क्षेत्रका रुपमा रहेका ग्रामिण वस्तीहरु पर्यटन, कृषि उत्पादनको उच्च सम्भावनायुक्त क्षेत्रका रुपमा रहेका छन् । यस वडामा १६ वटा टोल विकास संस्थाहरु गठन गरिएको छ । भौगोलिक अवस्थाले विकट भए तापनि सौन्दर्यताले भरिपूर्ण यस वडा भई बग्ने कलेस्ती खोलाको मनमोहक दृश्य जो कोहीको पनि मन मोहित हुन्छ । यस वडाका करिब ६५ प्रतिशत जमिन खेती योग्य रहेको छ । यस वडामा बसोबास गर्ने वडावासीहरु प्रायः सबै कृषिमा आश्रित छन् । यस वडामा बसोबास गर्ने अधिकांश वडावासीहरु साक्षर रहेका छन् । यस वडामा प्रत्येक घरमा खानेपानीको धारा जडान गरिएको छ । विभिन्न स्थानमा सडकबत्ती समेत जडान गरी सकिएको छ । यस वडामा शिक्षा/स्वास्थ्य र खानेपानीको समस्या विस्तारै निराकरण गरिएको छ । यस वडामा १ वटा होमस्टे, १ वटा कृषि सहकारी, ४ वटा सामुदायिक र १ निजी विद्यालय, ३ वटा स्वास्थ्य चौकी सञ्चालनमा रहेका छन् भने गजुरे स्वास्थ्य चौकीमा आधुनिक ल्याव सेवा र २ वटा



एम्बुलेन्स सञ्चालनमा ल्याइएको छ । उक्त एम्बुलेन्सले सुत्केरी महिलाहरुको लागि निःशुल्क रुपमा सेवा प्रदान गर्दै आएको छ । यस वडामा १० वटा सामुदायिक वन उपभोक्ता समिति रहेका छन् । यस वडामा ३ वटा संग्रहालय रहेको छ जसमध्ये कुमालगाँउ कुमाल समुदायको संग्रहालय, मेवावारीमा र गैरिश्वाँरा गाँउमा गुरुङ समुदायको संग्रहालय स्थापना गरिएको छ । श्रोतको सिमितता र छरिएर रहेको हाम्रो ग्रामिण वस्तीहरुका कारण ठूलो मात्रामा पूर्वाधारको क्षेत्रमा लगानी गर्न सकिएको छैन । ग्रामिण क्षेत्रमा गाँउ

वस्ती पानीको मुहानभन्दा माथी भएका कारण खानेपानी वितरणमा समस्या भएको छ । आधुनिक प्रविधिको रुपमा प्रयोग गरिएको लिफ्टिङ खानेपानी प्रविधि निकै खर्चिलो देखिए तापनि त्यसको विकल्प भने देखिएको छैन ।

व्यास नगरपालिका ९ नं. वडाबाट बजेट विनियोजन भएका ठूला योजनाहरु मध्ये भोटेनी सिम्ले तारुका लिफ्टिङ खानेपानी जसमा १ घर १ धारा रहेको छ । साथै श्री माहेन्द्री माध्यमिक विद्यालयमा ट्रस भवनको कार्य समापन भई सकेको छ । भौडी खोलामा कल्भर्ट निर्माण कार्य सम्पन्न भइसकेको छ ।

पठनपाठनको गुणस्तर सुधार गर्नका लागी निरन्तर रुपमा विद्यालय अनुगमन, छलफल, अन्तरक्रिया कार्यक्रम सञ्चालन भइरहेका छन् । योजना सञ्चालन, अनुगमन तथा मूल्याँकनका लागी टोल विकास समितिका पदाधिकारीहरुसँग बैठक सञ्चालन गरिएको छ । कलेस्ती उपत्यका महिला विकास समाजसँग समन्वय गरी ७ दिने क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सम्पन्न भइसकेको छ । यस वडामा वसोबास गर्ने भूमिहिन दलित तथा सुकुम्वासीहरुलाई निस्सा समेत वितरण गरिसकिएको छ । ११३ औं विश्व अन्तराष्ट्रिय महिला दिवसको अवसरमा कार्यक्रम सञ्चालनका लागि आर्थिक सहयोग समेत गरिएको छ । वडाले विगतदेखि नै लिएको एक घर एक धाराको नीतिलाई निरन्तरता दिदै आइरहेको छ । कृषि प्रबर्द्धनका लागी उन्तन बिउ बिजन, मल लगायतमा सहजीकरण गर्दै अनुदान उपलव्ध गराई रहेको छ । बाख्रा लगायत अन्य पशु चौपायका लागी निशुल्क रुपमा औषधी वितरण हुँदै आइरहेको छ ।

यसैगरि बाख्रा पालक कृषकहरुको लागि ७० प्रतिशत अनुदानमा बोयर बोका वितरणको लक्ष्य राखिएको छ र बोयर बोका वितरण कार्य अन्तिम चरणमा रहेको छ जसको लागि बजेट विनियोजन समेत भइसकेको छ । त्यस्तै बसाहस्थान भ्यू प्वाइन्टको कार्य निर्माणाधीन अवस्थामा रहेको छ । जुन उच्च सम्भावनायुक्त क्षेत्रको रुपमा रहेको छ र श्रोतको सिमितताका कारणबाट पूर्वाधारको विकास चुनौतिपूर्ण रहेको छ ।

अन्त्यमा यस वडाको विकास निर्माण, प्रशासनिक कार्य, प्राविधिक कार्य, स्वास्थ्य क्षेत्र लगायत विविध कार्यक्रममा मलाई सहयोग गर्नु हुने वर्तमान र पूर्व जनप्रतिनिधिहरु, कर्मचारी साथीहरु, शिक्षक मित्रहरु राजनैतिक दलका प्रतिनिधिहरु प्रति हार्दिक धन्यवाद एवं आभार व्यक्त गर्दै यस वडाको प्रगति, समुन्नति र विकासको लागि शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद !

# समृद्ध र विकसित वडा निर्माणमा हाम्रो प्रयास



वडाध्यक्ष श्री खेमराज पोखेल
व्यास नगरपालिका वडा नं.१०

व्यास नगरपालिका स्थापना भएको झण्डै ३१ वर्ष पुरा हुँदै गर्दा नगरवासीका चाहना र अपेक्षा अनुरुप नगरपालिकाले विकास निर्माण कार्यलाई योजनावद्ध तवरले अगाडि बढाएको हामीले महशुस गरेका छौ । नगरको सिमित श्रोत, साधन र नगरवासीका असिमित आवश्यकता बिच नगरको सन्तुलित विकासमा नगरपालिकाले गरेका गतिविधिहरु अत्यन्तै महत्वपूर्ण रहेको देख्न सकिन्छ । ग्रामिण र बजार क्षेत्रको समिश्रणको रुपमा रहेको यस वडाका ग्रामिण क्षेत्रहरुमा वस्ती विकास र विकासका पूर्वाधार तयार गरी नगरपालिकाले शहरीकरणको अभ्यास गरिरहेको अवस्थामा हामी यस नगरपालिकाको ३१ औं स्थापना दिवस मनाउन गइरहेका छौ । यस अवसरमा म सम्पूर्ण वडा तथा नगरवासीलाई हार्दिक बधाई तथा शुभकामना दिन चाहन्छु ।

जनसंख्याको हिसाबले चौथो ठूलो वडाको रुपमा रहेको यस वडामा दलित, जनजाती तथा आदिवासीको बाहुल्यता रहेको पाइन्छ । यस वडामा दरै जातीको ९, बोटे २, कुमाल २, दलित ८ र अन्य मिश्रित वस्ती २५ गरी जम्मा ४६ गाउँ वस्तीहरु रहेका छन् । वडाको सेवा प्रवाह र समग्र विकास सम्बन्धमा वडावासीहरुसँग नियमित छलफल गरी अगाडि बढ्ने प्रयास गरिएको छ । यस वडा शिक्षा, स्वास्थ्य, रोजगारी र विकास निर्माणका हिसाबले पछाडि परे तापनि हाल भएको विकास निर्माण कार्यबाट सन्तुष्टि लिने थुप्रै आधारहरु रहेका छन् ।

वडा कार्यालयबाट दैनिक प्रशाशनिक सेवा सञ्चालनमा ल्याउँदा वडावासी तथा सेवाग्राहीले अत्यन्तै सहज महशुस गरेका छन् । वडा कार्यालयबाटै सेवा प्रवाह गर्नका लागी कर्मचारी व्यवस्थापन र नगरको सिमित श्रोत, साधनका वावजुद वडावासीको आवश्यकता परिपूर्तिका लागी सन्तुलित विकासमा यस वडाले गरेका कार्यहरु अत्यन्तै महत्वपूर्ण रहेको देख्न सकिन्छ । ग्रामिण र बजार क्षेत्रको समिश्रणको रुपमा रहेको यस वडाको बैरेनी क्षेत्रमा वस्ती विकास गरी व्यवस्थित र नमूना वस्ती स्थापनाका लागी पहिलो चरणमा करिब २६१ रोपनी क्षेत्रफलमा एकीकृत जग्गा विकास कार्यक्रम सञ्चालन गरिएको छ । जुन यस नगरपालिकाको नमून वस्ती विकासको रुपमा रहने विश्वास गरिएको छ । वडामा रहेका भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीको लगत संकलन गरी निस्सा वितरण कार्य समेत सम्पन्न गरी अन्य प्रक्रिया अगाडि बढाइएको छ ।

शिक्षाको गुणस्तर सुधारका लागी वडाले नियमित रुपमा विद्यालयको अनुगमन साथै बालबालिकाको विद्यालयमा पहुँचका लागी आवश्यक शैक्षिक सामग्री वितरण गरी विद्यालय पहुँचलाई सर्वसुलभ बनाएको छ । वडामा ५ सामुदायिक र ४ वटा निजी विद्यालय रहेका छन् । शिक्षक अभिभावक भेला तथा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरी प्रविधिमैत्री शिक्षामा वडाले विशेष जोड दिएको छ । सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना अभियानलाई प्रभावकारी रुपमा अगाडि बढाइएकाले विद्यार्थी संख्या बढ्न गएको छ । विद्यालयमा विषयगत शिक्षकको उचित व्यवस्थापन गरी प्रारम्भिक बाल विकास केन्द्रलाई व्यवस्थित गरिएको छ ।

स्वास्थ्य क्षेत्रमा शहरी स्वास्थ्य केन्द्र, आधारभूत स्वास्थ्य केन्द्र, कोभिड अस्पताल समेत भएकाले स्वास्थ्यमा वडावासीहरुको पहुँच सर्वसुलभ भएको महशुस गरिएको छ भने २५ वेडको व्यास नगर अस्पतालको निर्माण कार्य तिव्र गतिमा अगाडि बढिरहेको छ ।

यस वडामा खानेपानीको प्रचुर समस्या भएकाले वडावासीहरुलाई शुद्ध खानेपानी वितरण वडाको पहिलो प्राथमिकतामा राखी आगामी आर्थिक वर्षमा उल्लेखित लक्ष्यलाई पूर्णता दिने गरी दर्जनभन्दा बढी ठूला तथा साना योजनाहरु सञ्चालन गरिएको छ भने यसैवर्ष केन्द्रीय योजना अर्न्तगत डिहिगाउँ खानेपानी योजनाको डि.पि.आर. तयारी क्रममा रहेको छ भने प्रदेश स्तरीय योजना अर्न्तगत कुमालटारी, हिमपानी वेलटारी, डिहिकुना, धारापानी, भुलपानी, माइथुम्का, भार्लाङपानी (वि.पि.भञ्ज्याङ) खानेपानी योजना सञ्चालनका क्रममा रहेका छन् भने क्रमागत योजनाका रुपमा रहेको चिसापानी देवीडाँडा लिफ्टिङ खानेपानी आयोजना समेत सञ्चालनका क्रममा

रहेकाले उल्लेखित योजनाहरु सम्पन्न भए पश्चात् वडाका कुनैपनि घरधुरी खानेपानी सेवाबाट बञ्चित हुन पर्दैन भन्ने विश्वास लिइएको छ ।

वडाको वातावरणीय विकासमा वडावासीहरुलाई परिचालन गरी स्वच्छ, सफा, हरियो र उज्यालो वडाको रुपमा वडालाई अगाडि बढाइएको छ । वडावासीको सहयोगमा यस वडालाई शुन्य पोलिथिन वडाको रुपमा घोषणा गरी सकिएको छ । वडालाई उज्यालो वडाको रुपमा विकास गर्नका लागी सबै टोल विकास संस्थाहरुमा सडक बत्ती जडान कार्यलाई प्राथमिकतामा राखी यसै आर्थिक वर्षमा शान्तिनगर, दुम्सीचौर, दुम्सीतल र अधेरीभञ्ज्याङ टोल विकास संस्थामा विद्युत महशुल टोल विकास सस्थाले नै व्यहोर्ने गरी सडक बत्ती जडान गरिएको छ भने आगामी वर्षमा यस वडालाई पूर्ण उज्यालो वडाको रुपमा घोषणा गर्ने लक्ष्य राखिएको छ । साथै वडाका सबै घरधुरीहरुमा विद्युतको सेवा यस अवधिमा पुगिसकेको हामीले पाएका छौ । साथै वडामा विद्युतीय काठे पोल समेत विस्थापित गरिएको छ । वडामा रहेका सबै वस्तीहरुमा कच्ची नाला सहितका सडक निर्माण भएका छन् । सबै वस्तीहरुमा यातायातको पहुँच समेत पुग्ने गरी सडक निर्माण भएको छ भने यसै अवधिमा करिब १ किलोमिटर कालोपत्रे सडक निर्माण गरिएको छ ।

टोल विकास संस्थाहरुमा सामुदायिक भवन निर्माण गरिएको छ भने खरको छाना विस्थापित गरी जस्ताको छाना राख्नका लागी वडाले आवश्यक सहयोग गरेको छ । नगरका छाडा चौपायाहरुलाई संकलन गरी दुम्सी भतेरी क्षेत्रमा गौशाला तथा गौ अध्ययन केन्द्रको निर्माण भएकाले केन्द्रको व्यवस्थापनका लागी आवश्यक सहयोग उपलब्ध गराइएको छ । साथै विषयगत कार्यालयसँग समन्वय गरी प्रकृतिको कुचीकार रहको लोपउन्मुख गिद्ध संरक्षण कार्य समेत अगाडि बढाइएको छ ।

गरिबी न्यूनीकरणका लागी दलित वस्तीमा मुख्यमन्त्री कार्यक्रम अर्न्तगत दलित तथा विपन्न वर्गलाई गोला सहितको मौरीको घार, उन्नत बोका र बंगुर वितरण गरिएको छ । कृषि क्षेत्रको व्यवसायीकरणका लागी कृषकहरुलाई उचित सहयोग उपलब्ध गराई उत्पादन, संकलन र बजारीकरणका लागी यस अघि नै व्यास मार्गको दुम्सी बजारमा कृषि संकलन केन्द्रको स्थापना गरी वस्तुको बजारीकरणको अभ्यास प्रारम्भ गरिएको छ भने वडाको तालघरे दुम्सीचौर मार्गको उपर्युक्त स्थानमा कृषि उपज संकलन केन्द्र स्थापान गर्ने लक्ष्य राखेको छ ।

परम्परागत पेशामा आधुनिकीकरणका लागी नविनतम प्रविधि हस्तान्तरण गरी गरिबी न्यूनीकरणमा वडाले आवश्यक कार्य अगाडि बढाएको छ । वडाका कृषि तथा पशु फर्महरुलाई निशुल्क औषधी, च्यापकटर मेशिन र गोठ सुधार कार्यक्रम अर्न्तगत अनुदान तथा अन्य सामग्री उपलब्ध गराइएको छ । साथै यसै आर्थिक वर्षमा वडामा रहेका पशुहरुको स्वास्थ्य परीक्षणका लागी पशु स्वास्थ्य शिविर सञ्चालनको लागी बजेटको व्यवस्था गरिएको छ । यस वडामा व्यवसायिक कृषकहरुको संख्या बढ्दै गएको हामीले महशुस गरेका छौ ।

सामान्यतया घरेलु हिंसा, महिला हिंसा र लेनदेन लगायतका अन्य घटनाहरु वडा स्तरीय मेलमिलाप समिति मार्फत समाधान गर्दा वडावासीहरुले सामाजिक न्यायको अनुभूति गरेका छन् । वडामा भौतिक विकास सँगसँगै वडावासीहरुको सामाजिक विकासका लागी कानुनी शिक्षा, मानव अधिकार, नेतृत्व विकास र क्षमाता विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरी मानवीय विकासलाई जोड दिने प्रयास गरिएको छ ।

वाह्य तथा आन्तरिक पर्यटनको विकासका लागी वडाको प्रसिद्ध छाङ्गा वाराही मन्दिर, गाव्रे पोखरी, देवीडाँडा भ्युटावर, ऐतिहासिक कालिका मन्दिर, रामरामेश्वर मन्दिर र नगरको गौरवको रुपमा रहेको नारेश्वर कृतिम तालको अवलोकन गरी कालिडाँडा होमस्टेमा पर्यटकलाई बास बसाउने व्यवस्थाका लागी आवश्यक योजना तथा कार्यक्रम तयार गरिएको छ । वडामा रहेको शिव पाञ्चायन, इशानेश्वर, त्रिपुरेश्वर, रामरामेश्वर मन्दिर, १०८ वरपिपल, अनन्त कर्मगुफा, शितलगुफा, लगायत चौतारी पोखरी संरक्षण गरी धार्मिक तथा साँस्कृतिक महत्वका स्थानहरुको संरक्षण वडाको प्राथमिकतामा राखिएको छ । यस वडा ग्रामिण र अर्धशहरी प्रकृतिको भएकाले सन्तुलित र समानुपातिक विकासका लागी योजना पहिचान प्रकृयादेखि योजनाको विश्लेषण, सम्झौता, कार्यान्वयन, अनुगमनका साथसाथै योजनाको संरक्षण र विकासका हरेक निर्णय प्रकृयामा टोल विकास संस्था, वडावासीहरुलाई समावेश गरिनुले वडाको सन्तुलित विकासमा सहयोग पुगेको हामीले महशुस गरेका छौ ।

सिमित श्रोत र साधनका वावजुद संघ, प्रदेश अन्य स्थानीय तहसँग सर्म्पक, समन्वय गरी नियमित रुपमा अवसर सृजना गर्न वडावासीहरुको आर्थिक, सामाजिक, साँस्कृतिक विकास गर्नका लागी सदैव कृयाशील रहनु हुने नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिका सदस्यहरु, पूर्व जनप्रतिनिधिहरु, वडाका राजनैतिक दल, टोल विकास संस्था, आमा समूह, युवा क्लब, लगायत सम्पूर्ण वडावासीहरु प्रति हार्दिक धन्यवाद आभार व्यक्त गर्न चाहन्छु ।

धन्यवाद !

# वडामा गरिएका असल अभ्यास र भावी कार्यक्रम



वडाध्यक्ष श्री दलबहादुर दुरा
व्यास नगरपालिका वडा नं.११

तनहुँ जिल्लामा रहेका १० वटा पालिकाहरु मध्येको एक व्यास नगरपालिका र यसको ११ नं. वडा भौगोलिक हिसाबले नगरपालिकाको दोस्रो ठूलो वडा हो । यस वडा तनहुँ जिल्लाको सदरमुकाम दमौली र पृथ्वी राजमार्गको उत्तरतर्फ अवस्थित छ । यस वडामा साविकको व्यास नगरपालिका वडा नं.३ र ४, साविक घाँसीकुवा गा.वि.स.को ६ नं. वडा र साविक तनहुँसुर गा.वि.स.को वडा ४, ५, ७ र ९ मिली बनेको हो । यस वडामा सेन राजाहरुले शासन गरेको ऐतिहासिक तनहुँसुर दरवार, भगवतीपानी मन्दिर, धार्मिक महत्वको निर्वु वराह मन्दिर र धार्मिक तथा पर्यटकीय सम्भाव्यता बोकेको चमेरे गुफा रहेका छन् । विभिन्न जातजाती, भाषा, धर्म, पेशा, व्यवसाय र कृषि पेशामा आश्रित मानिसहरुको बसोबास यस वडामा रहेको छ । शैक्षिक क्षेत्रमा यस वडामा रहेका सामुदायिक विद्यालय मध्ये दुई वटा माध्यमिक विद्यालय, तीन वटा आधारभूत विद्यालय र तीन वटा प्राथमिक विद्यालयहरु रहेका छन् । तनहुँसुर स्वस्थ्य चौकी रहेको यस वडामा पक्की सडक, खानेपानी र विद्युतको राम्रै विकास भएको छ ।

२०७९ बैशाख ३० मा सम्पन्न भएको स्थानीय तहको निर्वाचनमा हामी जनप्रतिनिधिहरु निर्वाचित भएपछि करिब १ वर्षको समयावधिमा हाम्रो वडामा भए गरिएका असल अभ्यासहरुलाई निम्नानुसार प्रस्तुत गर्न चाहन्छु ।

- **नागरिक सहायता कक्षः** वडा कार्यालयमा सेवाग्राहीहरुको लागि आवश्यक पर्ने निवेदन र फोटोकपी निःशुल्क प्रदान गरिएको छ, जसले गर्दा लेखपढ गर्न नसक्ने र पैसा कै कारणले काम रोकिने अवस्था केही हदसम्म रोकिएको छ ।
- **डिजिटल वडा पत्रः** प्रत्येक नागरिकले म कुन काममा आएको छु र त्यस कामको लागि लाग्ने समय र दस्तुरको बारेमा सेवाग्राहीले जानकारी प्राप्त गरेका छन् ।
- **वडावासीसँग सम्वाद कार्यक्रमः** प्रत्येक महिनाको १४ गते बिहान ११.०० बजे वडा भित्रका जनसमुदायसँग जनसरोकारका विषय र वडाले दिने सेवा सुविधा सम्बन्धी जनताका गुनासाहरुप्रति भएका कमी कमजोरीहरुलाई सुधार गर्ने अभ्यास भएको छ । वडाको अनुकुलमा जनता होइन जनताको अनुकुलमा वडा चल्ने वातावरण बन्न थालेको छ ।
- **सुझाव पेटिकाः** वडामा सबै वडावासीले देख्ने ठाउँमा सुझाव पेटिका राखिएको छ, जसले गर्दा जनप्रतिनिधि र वडाका कर्मचारीले गरेका कमी कमजोरी प्रति वडावासीले लिखित रुपमा उजुरी लेखी उक्त पेटिकामा आफ्ना कुराहरु राख्न सक्ने छन् र वडाले समय समयमा उक्त उजुरी पेटिका खोली आफु विरुद्धको उजुरी प्रति सजग हुने अवसर मिलेको छ ।
- **वडावासी सँग भेटघाटः** हामी निवार्चित भएपछि हाम्रो कलस्टरमा परेका टोलहरुको नियमित बैठकमा र त्यस टोलमा रहेका आमा समूहको नियमित बैठकमा स्वयं हामी उपस्थित भई वडाले दिने सेवा सुविधा र वडाप्रति उहाँहरुको गुनासो, सुझावहरु प्रत्यक्ष जानकारी लिई त्यस्ता सुझाव र गुनासाहरुलाई वडाको नियमित बैठकमा छलफल गरी सुधारका उपायहरु खोजिएको छ ।

**भावी योजनाहरु**

जसरी वडामा टोल अध्यक्षहरुको फोन नम्बर हुन्छ त्यसै गरी प्रत्येक टोलमा आमा समूह गठन गरी ३५ वटै टोलमा आमा समूहको अध्यक्षहरुको नाम र सम्पर्क नम्बर वडामा राख्ने । महिलाहरुलाई वडामा हुने प्रत्येक कार्यक्रमको जानाकारी दिने, वडामा महिला सहभागिता बढाउने साथै वडा स्तरीय महिला सञ्जाल गठन गर्ने, बालबालिकाहरुको लागी वडा स्तरीय बाल क्लव गठन गर्ने, वडा स्तरीय दलित समन्वय समिति गठन गर्ने, कृषक समूह र जेष्ठ नागरिक समन्वय समिति गठन गरी सोही समिति मार्फत वडामा विनियोजन भएको रकमबाट आवश्यक तालिम तथा कार्यक्रम सञ्चालन गर्ने । विकास निर्माण सम्बन्धी कामको समय समयमा अनुगमन गरी त्यहाँ भइरहेका ढिला सुस्ती र कामको गुणस्तरका बारेमा जानकारी लिने र त्यसको प्रभावकारी ढँगबाट सल्लाह सुझाव दिने । वडा भित्र रहेका सरकारी कार्यालय र विद्यालयबाट दिने सेवाको बारेका अनुगमन गरी आवश्यक सल्लाह र सुझाव दिने । नगरपालिका, संघ र प्रदेशबाट प्राप्त हुने विकास निर्माणको बजेटबाट भए गरेका कामको पनि अनुगमन गर्ने र आवश्यक सल्लाह सुझाव दिने ।

अन्तमा जुन उत्साह लिएर हामीहरुलाई चुनावमा नगरवासीले मत दिई विजयी गराउनु भयो त्यसै दिनदेखि हाम्रो हालको पद रहुन्जेल वडावासीको सेवाका लागि हाम्रो समय खर्च गर्नेछौ । वडावासी दिदीबहिनी, दाजुभाई र आमावुवाहरुलाई दिएको आश्वासन प्रति हामीहरु पूर्ण रुपमा उत्तरदायी भएर काम गर्नेछौ भन्ने प्रतिवद्धता समेत व्यक्त गर्न चाहन्छौ ।

धन्यवाद !

# वडा विकासको अनुभव



वडाध्यक्ष श्री बमबहादुर आले
व्यास नगरपालिका वडा नं.१२

तनहुँ जिल्ला गण्डकी प्रदेश व्यास नगरपालिका नगर कार्यपालिकाको कार्यालय दमौली सदरमुकामदेखि ५ कि.मि.पूर्वमा यस व्यास नगरपालिकाको वडा नं.१२ रहेको छ । यसको सिमाना पूर्वमा बन्दीपुर गाउँपालिकाको वडा नं.१, पश्चिममा व्यास नगरपालिकाको वडा नं.१, उत्तरमा भानु नगरपालिकाको वडा नं.५ र व्यास नगरपालिकाको वडा नं.११ र दक्षिणमा छाब्दी खोला, व्यास नगरपालिकाको वडा नं.१३ र १४ पर्दछ । विभिन्न समयमा देशको राजनैतिक तथा भौतिक संरचनासँगै यस वडाको भौतिक सिमाना र नाम पनि हेरफेर हुँदै आएको छ । २०१७ सालमा कर्लुङ पञ्चायत, २०३३ सालमा घाँसीकुवा गाउँ पञ्चायत, २०४६ सालमा प्रजातन्त्र स्थापना भए पश्चात् घाँसीकुवा गा.वि.स. र २०७३ फागुन २७ गतेदेखि लोकतन्त्रिक गणतन्त्रको प्राप्तिसँगै देशको पुनर्संरचनाबाट घाँसीकुवा गा.वि.स. व्यास नगरपालिका वडा नं.१२ हुन पुग्यो । यस वडाको पूर्वदेखि पश्चिमसम्म १२ कि.मि. र उत्तरदेखि दक्षिणसम्म ८ कि.मि.मा फैलिएको छ । यसको धेरै जसो भू-भाग डाँडापाखा र वनजंगलले ढाकिएको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार यस वडाको जनसंख्या विवरण जम्मा घरधुरी संख्या १७७५, महिला ३३५२ र पुरुष २९६४ गरी जम्मा ६३१६ रहेको छ । यस वडामा ब्राम्हण, क्षेत्री, नेवार, मगर, गुरुङ, तामाङ, चेपाङ र दलित जातीहरुको बसोबास रहेको छ । जसमध्ये २५ प्रतिशत दलित जातीहरु रहेका छन् । यहाँ आफ्नै किसिमको भाषा, धर्म, संस्कृति भएपनि सामुदायिक रुपमा हिन्दू धर्म मान्नेहरुको संख्या पाइन्छ । यहाँको मुख्य पेशा कृषि, व्यापार, जागिर र वैदेशिक रोजगारमा निर्भर रहेको छ । यहाँ निम्न वर्गीयहरुको संख्या अधिक भएको हुँदा आत्मनिर्भर बनाउन कृषि, पशु, घरेलु व्यवसाय र पर्यटन प्रवर्द्धन व्यवस्थापन गराउन पर्ने देखिन्छ ।

धार्मिक तथा पर्यटनतर्फः घाँसीकुवा पार्क, कर्लुङ कोटकालिका, अशोक गुफा, भंगेर स्थान जस्ता धार्मिक तथा ऐतिहासिक स्थलहरुले प्राकृतिक रुपमै सौन्दर्यको खानीको रुपमा रहेको छ । विभिन्न साँस्कृतिक महत्वले गर्दा यस वडाको चौतर्फी विकास लागि दमौलीदेखि छाब्दी वाराही आउने पक्की सडक खण्डको धेरै जसो भाग यसै वडाको दक्षिण क्षेत्रमा पर्दछ । पूर्वदेखि पश्चिम १२ कि.मि. पृथ्वी राजमार्ग यसै वडाको उत्तरी भागमा पर्दछ । विश्व बैंकको आर्थिक सहयोगमा छिर्कनेदेखि वडा कार्यालय हुँदै छाब्दीसम्मको ११ कि.मि. सडक निर्माण गर्नको लागि डि.पि.आर. भएको र सो कार्य सम्पन्न भएमा यस वडाका स्थानीयवासीको जनजीवनमा आमूल परिवर्तन हुन आउने देखिन्छ । यस वडाको उत्तर सिमानामा भानु प्राणी उत्थान प्राधिकरणको निर्माण सम्बन्धी कार्य सञ्चालन भइरहेको छ । साथै यस वडाबाट उपलब्ध गराउने सेवा प्रदायक सामाजिक संघ संस्थाहरुमा विद्यालय ९, स्वास्थ्य चौकी १, सामुदायिक स्वास्थ्य केन्द्र १, आमा समूह १७, सामुदायिक वन ७, क्लव ११, मेलमिलाप केन्द्र १, टोल विकास संस्था १२ रहेका छन् ।
यस वडाको प्रत्येक आर्थिक वर्षमा योजना छनौट गर्दा टोल विकास संस्थाहरुको भेलाबाट छनौट भई आएअनुसार कृषि, शिक्षा, खानेपानी, सडक, नाला, ग्राभेल, भवन, लगायतका पूर्वाधार निर्माणका लागि बजेट विनियोजित गर्ने व्यवस्था मिलाइएको छ ।

लोकतान्त्रिक पद्धतिबाट सम्पन्न निर्वाचनबाट यस वडाको जनप्रतिनिधि भइरहँदा वडावासीहरुको इच्छा आकांक्षा पुरा गराउने हाम्रो कर्तव्य हो । यहाँको सर्म्पूण मागहरुलाई सम्वोधन गर्ने अथक प्रयास गर्दागर्दै पनि सिमित स्रोत र साधनले जे जति उपलब्धि हासिल हुन सक्छ त्यही नै हाम्रो सफलता हुनेछ । विकास निर्माणमा निरन्तर लागि रहँदा जहाँ जहाँबाट जे जस्तो साथ र सहयोग, सुझाव र सल्लाह प्राप्त हुनेछ त्यसैलाई आधार लिई आजसम्मको यात्रा सफल हुन आएको छ । अतः सम्पूर्ण वडावासी, नगरपालिका, प्रदेश सरकार, संघीय सरकार र अन्य सम्बन्धित निकायहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्दै यही २०७९ चैत्र ३० गते सु-सम्पन्न ३१ औं वार्षिक उत्सव व्यास नगरपालिका तनहुँको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

धन्यवाद !

# वडा विकासका गतिविधि



वडा अध्यक्ष श्री बसन्त आले
व्यास नगरपालिका वडा नं.१३

तनहुँ जिल्लाको सदरमुकामबाट नजिकै रहेको विकास उन्मूख वडा मध्ये व्यास १३ पनि एक हो । यस वडाको पूर्वमा व्यास १४, पश्चिममा सेती नदी, उत्तरमा छाब्दी खोला र दक्षिणमा खिरखादी खोला रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार यस वडाको जनसंख्या पुरुष १६५९ र महिला १८६६ गरी कुल ३५२५ रहेको छ । कुल २६.०४ वर्ग कि.मि. क्षेत्रफल भएको यस वडा भौगोलिक रुपमा १० प्रतिशत समथर भू-भाग र ९० प्रतिशत पहाडी भू-भाग रहेको छ । यस वडामा दलित, जनजाति र खस आर्यको बसोबास रहेको छ । कृषि र पर्यटन यस वडाको मुख्य सम्भावनाका क्षेत्रको रुपमा रहेको छ । यस वडाले भौतिक विकासका साथसाथै शिक्षा, सिप विकास र मानवीय विकासमा बढी जोड दिएको छ । आर्थिक वर्ष २०७९/०८० मा सञ्चालन भएका योजना तथा कार्यक्रमहरु बुँदागत रुपमा निम्नानुसार छन्:

१. **कृषि:** यस वडाको मुख्य आय आर्जनको माध्यम भनेको कृषि नै हो । यस वडामा कृषि विकासका लागि १९ वटा टोलका कृषककहरुबाट १९ वटा कृषक समूह र समूहहरुबाट एक कृषि सहकारी गठन गरिएको छ । १९ वटा टोलमा १९ वटा तरकारी नर्सरी निर्माण गरी निशुल्क तरकारीको विरुवा र कृषि औजार वितरण गरी सम्पूर्ण परिवारलाई तरकारीमा आत्मनिर्भर बनाइएको छ भने बढी भएको उत्पादन सहकारी मार्फत बजारीकरण गर्ने कार्य अगाडि बढाइएको छ ।

२. **शिक्षा:** यस वडा भित्र ६ वटा सामुदायिक विद्यालय र २ वटा संस्थागत विद्यालय रहेका छन् । शैक्षिक गुणस्तर वृद्धिका लागि सहयोग पुऱ्याउन अग्रज शिक्षा विद्हरुको शिक्षा सुधार समिति गठन गरिएको छ । यस वडा भित्रका एस.ई.ई. परीक्षा दिने विद्यार्थीका लागि तीन विषयको ट्यूसन पढाउन प्रति विद्यार्थी रु.३,०००। (तीन हजार) अनुदान दिने व्यवस्था गरिएको छ । साथै कक्षा १० का अतिरिक्त कक्षा लिने विद्यार्थीका लागि खाजाको व्यवस्था गरिएको छ । प्रत्येक विद्यालयमा सुझाव पेटिका राखिएको र सोही सुझाव अनुसार प्रत्येक प्रधान अध्यापक सहित सम्पूर्ण शिक्षक समक्ष अन्तरक्रिया कार्यक्रम राखिएको छ । विद्यालयको दिगो आय आर्जनका लागि विद्यालयका हाता र सार्वजनिक जग्गा भित्र सुन्तला र आँपको विरुवा रोप्ने कार्य अगाडि बढिरहेको छ । शिक्षा सुधार समितिको संयोजनमा अभिभावक, शिक्षक, विद्यालय व्यवस्थापन समिति भेला आयोजना गरी छलफल गरिंदै आएको छ । वडा शिक्षा समितिद्वारा विद्यालयहरुको नियमित अनुगमन गरिंदै आएको छ । सबै विद्यालयहरुमा पाठ्यपुस्तक, परीक्षा तथा अन्य कार्यक्रममा एक रुपता ल्याउने सहमति भएको छ । एस.ओ.एस. बालग्राम नेपाल संस्थासँगको सहकार्यमा विविध शैक्षिक तथा आयआर्जनका कार्यक्रम अगाडि बढेका छन् ।

३. **पर्यटन:** धार्मिक पर्यटन, कृषि पर्यटन र खेलकुद पर्यटन विकासका लागि विविध योजनाहरु अगाडि बढाइएको छ । पर्यटन विकास समिति निर्माण गरी क्रियाशील भएको छ । झाँक्रिथान पर्यटन मार्गको कार्य अगाडि बढिरहेको छ । कालिका मन्दिर निर्माण सम्पन्न भई छिट्टै उद्घाटन हुने कार्यक्रम छ । पुष्प तथा फलफूल बगैचा निर्माण समिति गठन गरी पुष्प

नर्सरीको निर्माण गरिएको छ। कुकुरढुङ्गे, आशापानी, आलेगाउँमा पुष्प तथा फलफूलको बगैंचा निर्माण कार्य अगाडि बढेको छ । फुटवल मैदानको अभावलाई पूर्ति गर्न र खेल पर्यटनको विकास गर्न वडाका ४ स्थान (बेलबास, आलेगाउँ, फच्याङ थानीको थान र बेनिकोट भ्फाँक्रिथान) मा ११ साइड ए फुटबल मैदान निर्माण गर्ने योजना रहेको छ । थानीको थान र भ्फाँक्रिथानको फुटबल मैदान जिल्ला कै उच्च स्थानको फुटबल मैदान हुनेछ ।

४. **सामाजिक, आर्थिक विकासः** यस वडा भित्रका शिक्षित महिलाहरु सम्मिलित वडा महिला संजाल गठन गरी महिला सिप विकास र आयआर्जनसँग सम्बन्धित विविध कार्यक्रम र तालिम (मेड्पा कार्यक्रम मार्फत) अगाडि बढेको छ । परम्परागत बाँसका सामग्री निर्माण तालिम, बुटिक तालिम, बाखा पालन तालिम (एस.ओ.एस. बालग्राम नेपाल मार्फत) थाकलको पातको झोला तथा टोपी बनाउने तालिम, सिकर्मी तालिम (सि.टि.ई.भि.टी.), कुखुरा पालन तालिम ( एस.ओ.एस), उद्यमशीलता तालिम सञ्चालन भइरहेका छन् ।

५. **भौतिक विकासः** वडाका भौतिक विकासका लागि मुख्यत देहायका बमोजिमका योजनाहरु अघि बढेका छन्ः

(क) व्यास १३ वडा कार्यालय भवन निर्माणाधीन अवस्थामा रहेको,

(ख) दमौली केशवटार सुखौरा मोटर मार्गको कालोपत्रेका लागि बजेट विनियोजन भई अगाडि बढेको,

(ग) शहिद बुद्ध सिं मार्ग कालोपत्रे,

(घ) बेनीकोट भञ्ज्याङ सुन्तला मार्ग कालोपत्रे,

(ङ) बेनीकोट भञ्ज्याङ रिङरोड बगर्दी खण्ड तारजाली,

(च) छाब्दी खोला सैसती ढांड अधुरो पुल निर्माण सम्पन्न,

(छ) मिलिजुली आमा समूह भवन ढांड, बेलबास सामुदायिक भवन निर्माण सम्पन्न,

(ज) कमेरे साँध खोला लिफ्ट खानेपानी, छाब्दी दोभान बोरिङ लिफ्टिङ खानेपानी योजना सम्पन्न,

(झ) वडाका सबै घरधुरीमा विद्युतीकरण सम्पन्न,

अन्तमा यस वडाको विकास निर्माणमा सहयोग पुऱ्याउनु हुने टोल विकास संस्था, आमा समूह, विभिन्न संघ संस्था, व्यास नगरपालिका, गण्डकी प्रदेश सकार, संघीय सरकारमा रहने पदाधिकारीहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्दै आफ्नो अमूल्य मत दिई हामीहरुलाई जनप्रतिनिधिको रुपमा विजयी गराउनु हुने सम्पूर्ण वडावासीहरुमा धन्यवाद टक्रयाउँदै नयाँ वर्ष २०८० को हार्दिक मंगलमय शुभकामना व्यक्त गर्न चाहन्छु ।

धन्यवाद !

# अनुभव र असल अभ्यास



वडाध्यक्ष श्री काजीमान श्रेष्ठ
व्यास नगरपालिका वडा नं.१४

व्यास नगरपालिका वडा नं.१४ का निर्वाचित हामी जनप्रतिनिधिको रुपमा चयन भए पश्चात् गरिएका विभिन्न कार्यक्रमहरु मध्येका राम्रा अभ्यासको प्रस्तुति गर्ने शिलशिलामा यहाँ संक्षिप्त विवरण प्रस्तुत गरिएको छ । यस वडा तनहुँ जिल्लाको सदरमुकाम दमौली बजारबाट पूर्व दक्षिण दिशातर्फ करिब १४ किलो मिटरको दुरीमा केशवटार टोलमा अवस्थित छ । यस वडामा जम्मा १० वटा टोलहरु रहेका छन् । यस वडाको भौगोलिक, सामाजिक, आर्थिक पक्षको सामान्य परिचय निम्न अनुसार प्रस्तुत गरिएको छ ।

यस वडा साविक केशवटार गा.वि.स. रहेको थियो । साविक केशवटार गा.वि.स.को वडाहरु क्रमश: वडा नं.२ नयाँगाउँ, वाडा नं.३ ठीन, वडा नं.४ हर्कपुर, वडा नं.५ केशवटार, वडा नं.६ रुम्सी, वडा नं.७ कुलुङ.लाई संघीय संरचना अनुसार व्यास नगरपालिका वडा नं.१४ कायम भएको हो । यस वडा भित्रका भौगोलिक अवस्थितिलाई हेर्ने हो भने अधिकांश भू-भाग पहाडी क्षेत्र अर्थात् भीर पखेरा रहेको छ । यस वडाको झण्डै ५४ प्रतिशत क्षेत्र वनले ओगटेको छ । वनजंगल भित्र विभिन्न जातका बोट विरुवाहरु रहे पनि विशेष गरी साल जातका रुखहरु बढी मात्रमा रहेको पाइन्छ । यस वडा अन्तर्गत नयाँगाउँ टोल, ठीनटोल, हर्कपुर टोल र रुम्सी टोलका सामुदायिक वनहरुमा मृग, घोरल र चितुवा आदि प्रजातिका जंगली जनावरहरु पाइन्छ । यहाँका सामुदायिक वन उपभोक्ता समितिहरुले सालका काठ तथा कुकाठहरु बेचेर वर्षेनी लाखौं रुपैयाँ आम्दानी गरिरहेका छन् ।

यस वडा भित्र बसोबास गर्ने विभिन्न जातजातिहरु मध्ये बाहुल्यताका हिसाबले मगर जातिका मानिसहरु रहेका छन् । यस क्षेत्रमा मगर जातिका मानिसहरुको बाहुल्यताका कारण यहाँको सामाजिक परम्परा र संस्कार पनि मगर जाति विशेष रहेको छ । यहाँको संस्कृतिमा कौरा नाच, झ्याउरे नाच र मारुनी नाच विशेष प्रचलनमा रहेको छ । धार्मिक स्थलको रुपमा प्रसिद्ध छाब्दी वाराही मन्दिर र जलवाराही मन्दिर रहेको छ भने पर्यटकीय हिसाबले पहाडकी रानी बन्दीपुरसँग कुलुङकोटको सम्बन्ध नजिक रहेकोले पर्यटन विकामा विशेष महत्व रहेको छ ।

यहाँका अधिकांश मानिसहरु कृषि पेशामा आवद्ध रहेका छन् । यस वडा भित्र तीन वटा सामुदायिक होमस्टेहरु सञ्चालनमा रहेका छन् । यहाँका मानिसहरुको वैकल्पिक आयस्रोतमा वैदेशिक रोजगार रहेको छ । फलफूल र तरकारी पनि यहाँका मानिसहरुको आम्दानीको अर्को स्रोत रहेको छ । फलफूलमा विशेष गरी सुन्तला र केरा रहेको छ ।

यस वडाको आर्थिक वर्ष २०७९/०८० मा विनियोजित योजनाहरु जम्मा ६५ वटा रहेकोमा वर्षको पूर्वाद्धको अन्त्यसम्ममा अधिकांश आयोजनाहरुको सम्झौता भई कार्यान्वयन आइसकेको अवस्था छ । वडा र नगरपालिकाले विनियोजन गरेका आयोजनाहरु सम्झौता अनुसारै समयमा गुणस्तरीय रुपमा सम्पन्न भएका छन् । वडाबाट कृषि क्षेत्रका लागि विनियोजन गरिएका बजेटहरु ८० प्रतिशत लागत सहभागितामा कार्यक्रमहरु सम्पन्न भएका छन् । यस वडाका करिब आधा जनसंख्यालाई लक्षित गरी

गर्जौडी बृहद् खानेपानी आयोजना स्थानीय तह, प्रदेश र संघको संयुक्त लगानीमा करिब रु.८ करोड बजेटको लगानीमा कार्यान्वयन भइरहेको छ । यस वडा भित्रका विद्यालयदेखि विभिन्न सरकारी निकायहरुको कार्यसञ्चालन चुस्त र दुरुस्त बनाउन जनप्रतिनिधिहरुले संयुक्त रुपमा अनुगमन गरी सुधारका लागि आवश्यक सुझाव र निर्देशनहरु प्रदान गर्दै आएको छ । केशवटार मा.वि.ले महायज्ञ गरी एम्बुलेन्स सेवा सञ्चालन गर्ने लक्ष्य उद्घोष भए बमोजिम यस क्षेत्रका बासिन्दाहरुद्वारा प्रदान गरिएको चन्दाबाट धेरै वर्षदेखि रोकिएर रहेको एम्बुलेन्स सेवा गत आश्विन महिनादेखि निरन्तर सञ्चालनमा रहेको छ । यस वडामा सञ्चालित जम्मा तीन वटा सामुदायिक विद्यालयहरु मध्ये केशवटार मा.वि. बाल विकास केन्द्र सहित कक्षा १ देखि कक्षा १२ सम्म सञ्चालनमा रहेको छ । यस वडा भित्रका विद्यालयहरुको शैक्षिक गुणस्तर वृद्धि गर्न विशेष गरी भौतिक पूर्वाधारलाई सुधार गर्न विद्यालयको घेरावार निर्माण र कक्षा ११ र १२ का कक्षा कोठामा आधुनिक र आकर्षक फर्निचर निर्माण गर्न ८ लाख रुपैयाको बजेट विनियोजन गरी उक्त योजनाको कार्यान्वयन समेत भइरहेको छ ।

यस वडाको वडा कार्यालय रहेको स्थान वरपर विद्यालयहरु, सरकारी निकायहरु, बैंक तथा सहकारी संस्थाहरु समेत सञ्चालन भएको र दिन प्रतिदिन बजार क्षेत्र समेत विस्तार हुँदै गइरहेकोले विशेष शान्ति सुरक्षालाई व्यवस्थित गर्न एक प्रहरी चौकी स्थापनाका लागि वडाको पहलमा नगरपालिका र जिल्ला प्रहरी कार्यालय बिच समन्वय र समझदारी कायम गरिएको छ । पर्यटनको विकास र विस्तारका लागि यस क्षेत्रमा सञ्चालित होमस्टेहरुलाई व्यवस्थित र सुधार गर्न होमस्टेहरुको अनुगमन गरी होमस्टे सञ्चालकहरुलाई तालिम समेतको व्यवस्था गरिएको छ । असल र वास्तविक कृषकहरुको पहिचान गरी कृषकहरुलाई प्रोत्साहन गर्न विशेष कृषि अनुदानको व्यवस्था गरिएको छ । वर्षाद्को बेलामा अर्थात् विपद्को कारण क्षति पुऱ्याइका घर वस्ती र खेतबारीको संरक्षणका लागि तारजाली खरिद गरी वितरण गर्ने कार्यक्रम रहेको छ । यस वडामा निर्माणाधीन वडा भवन यस वर्ष निर्माण सम्पन्न गर्ने लक्ष्यका साथ टेण्डर भई कार्यान्वयन प्रारम्भ भएको छ । साथै दमौली केशवटार मोटर मार्ग कालोपत्रे निर्माणका लागि टेण्डर आव्हान प्रक्रियामा रहेकोले यस वर्ष गुदी फच्याङसम्म निर्माण कार्य सम्पन्न हुनेछ ।

अन्तमा, यस वडाको विकास निर्माणमा हामीलाई सहयोग र समन्वय गर्नु हुने समाजेवी महानुभावहरु विद्यालय शिक्षक लगायत टोल विकास संस्था, आमा समूह, युवा क्लब, सामुदायिक वन, खानेपानी तथा सरसफाई उपभोक्ता समिति, छाब्दी बाराही विकास कोष समिति लगायत सम्पूर्ण वडावासी दाजुभाई, दिदीबहिनीहरु, नगर कार्यपालिका, प्रदेश सरकार र संघीय सरकारलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

धन्यवाद !

# नगरपालिकामा हाम्रो भूमिका



कार्यपालिका सदस्य श्री रनसिं नेपाली

व्यास नगरपालिकाको विकासमा हाम्रो भूमिका अकाट्य छ । जनप्रतिनिधि हुनुको नाताले व्यास नगर र नगरवासीको विकासको चाहनालाई पूरा गर्न क्रियाशील रहनु अपरिहार्य छ । २०७९ जेठ २५ गते व्यास नगरपालिकाको कार्यपालिका सदस्य निर्वाचित भएपछि कार्यकारिणी पदमा रही प्रत्यक्ष भूमिकामा खरो उत्रनु आफ्नो मुख्य अभिभारा ठानेको छु । आर्थिक, सामाजिक र समाजका सर्वाङ्गीण पक्षमा आज मुलुकले व्यहोरेका प्रायः सबै जसो समस्याहरुबाट यो व्यास नगरपालिका भिन्न छैन भन्ने मेरो बुझाई रहेको छ ।

व्यास नगरपालिकाको १४ वटै वडाहरुको केन्द्रिय प्रशासनिक इकाई व्यास नगर कार्यपालिका भएकोले सिङ्गो नगरको आगामी ५ वर्षको समृद्धिको सुत्रपात गर्न हामी सफल हुनु पर्नेछ । जनताको जीवनमा सकारात्मक परिवर्तनको अनुभूति नभएमा हाम्रो कार्यकाल व्यर्थ सावित हुनेछ र हामीहरु आफ्नो श्रेष्ठताको दावी गर्न असक्षम हुनेछौ भन्ने लाग्दछ । मुलतः हाम्रा दुई वटा सरकार छन्, पहिलो स्थायी सरकार कर्मचारी र दोस्रो सरकार भनेको निर्वाचित जनप्रतिनिधि जस भित्र नगर सभा, नगर कार्यपालिका एवं वडा समितिहरु रहेका छन् ।

विषय वस्तुको पर्याप्त अध्ययन विना निष्कर्षमा पुग्नु अपरिपक्कता हुन्छ । तथापि हामी जनप्रतिनिधिहरुलाई गल्ती गर्ने छुट छैन । त्यसैले सबै नगरवासीको शिक्षा, स्वास्थ्य र सरसफाई, उद्योग, व्यापार व्यवसाय, कृषि, यातायात, भौतिक विकास, रोजगार, पर्यटन, वन र वातावरण, खानेपानी तथा विपद् व्यवस्थापन, सामाजिक न्याय र सुशासन एवं समाजमा रहेको विकृति बिसंगती, अन्धविश्वास र कुसंस्कार, लैङ्गिक तथा जातीय विभेद जस्ता सवालमा हाम्रो सरोकार हाम्रो मुल लक्ष्य हुनु पर्दछ । परम्परागत सोच र कार्यशैलीबाट गन्तव्यमा पुग्न नसकिने तथ्यलाई स्वीकार्न ढिलो नगरौं । हुनत नगरवासीको विकासका चाहनालाई सम्पूर्ण रुपमा पुरा गर्न तत्काल हाम्रा स्रोत साधन र शक्ति पर्याप्त नहुन सक्छ तर हामी आफ्नो लक्ष्यप्रति प्रतिवद्ध भएर लागि रहँदा यो असम्भव पनि छैन ।

कार्यपालिका र वडा समितिहरु आफै स्थानीय सरकारको प्रारम्भिक इकाइ हुन् । तसर्थ हाम्रो सिमित स्रोत साधनले पनि नगरमा राम्राराम्रा योजनाहरु बनाई स्थानीय बासिन्दालाई उक्त योजनाहरुमा सहभागी गराउँदै सबैलाई बिना भेदभाव जनमैत्री सेवामार्फत सन्तुष्ट बनाउन प्रयास गर्नु पर्छ । आवश्यकताको प्राथमिकताको आधारमा योजना छनौट गरेर मात्र न्योचित एवं सन्तुलित विकास हुन सक्छ । अन्यथा चुनाव केन्द्रित, दलगत र व्यक्तिगत स्वार्थ प्रेरित आग्रह र पूर्वाग्रही मानसिकताले वस्तुगत योजना छनौट हुँदा सिङ्गो नगरलाई नै कुरुप बनाउछ । यसबाट हाम्रो व्यास नगर कामको नगर नभई नामको मात्र नगर हुनेछ । तसर्थ हामी सम्पूर्ण जनप्रतिनिधिहरु हामीप्रतिको जनताको भरोसालाई पुरा गर्न अव्वल सावित हुनै पर्छ ।

नगरको प्रशासनिक कार्यमा भएका कैयौ उल्लेखनीय कार्यहरु मूल्याङ्कन अभावले छायाँमा परेका छन् भने हामी भित्रको व्यवसायिक मानसिकता, जनता र राष्ट्र प्रतिको सेवा भाव अनि आन्तरिक समन्वयको कमीले व्यवस्थापकीय सुस्पष्टता आउन सकिरहेको छैन । सर्वसाधारण जनता, उपभोक्ता समिति, प्राविधिक तथा प्रशासनिक कर्मचारी र जनप्रतिनिधिहरु बिचको सुसम्बन्धबाट हाम्रा सेवा प्रवाहमा थप सहजता ल्याउनु पर्ने देखिन्छ । जनतालाई केन्द्रमा राखी कार्यलाई जीवन संगत बनाउँदै नगरलाई अगाडि बढाऔं ।

हामी जनताको शासक होइनौ, सेवक हौ भन्ने महशुस गरी कर्मलाई माया गर्दै संधै सत्य र न्यायको पक्षमा उभिउ । म होइन हामी भन्दै, स्पष्ट र पारदर्शी, व्यक्तिगत नाफा र घाटा रहित, राम्रो परिणाम आउने गरी काम गरौ यसैमा हामी सबैको सपना साकार हुनेछ ।

धन्यवाद !

# ग्रामिण पर्यटनको मुटु होमस्टे



श्री हरिसिं गुरुङ
पर्यटन सल्लाहकार, व्यास न.पा.

**पृष्ठभूमिः**

नेपालमा पर्यटनको पृष्ठभूमिलाई नियाल्ने हो भने दोश्रो विश्वयुद्ध पश्चात् गोर्खाली फौजसँग नाता गासिएका अंग्रेज (बृटिश) अफिसरहरुले तिनका गाउँघरमा गरेको भेटघाट र पर्वतारोहणका इतिहासलाई शुरुआति विन्दूको रुपमा लिन सकिन्छ । सन् १९४२ बाट हिमाल आरोहणको थालनी भए तापनि सन् १९५० मा फ्रेन्च आरोही मोरिस हरजोगले अन्नपूर्ण हिमाल र सन् १९५३ मा सर एडमण्ड हिलारी र तेन्जिङ नोर्गे शेर्पाले सगरमाथाको सफल आरोहण गरे पश्चात् नै नेपाल विश्व पर्यटन बजारमा परिचित हुन गई नेपाल बारे चर्चा परिचर्चा हुन थालेको पाइन्छ । हिमालय पर्वत श्रृङ्खलाहरुको अध्ययन अनुसन्धान गर्ने क्रम सँगसँगै सन् १९५० तिरबाट सुरु भएको साहसी पर्यटन सन् १९६० को दशक तिर आउँदा फिरन्ते (हिप्पी) पर्यटन, सन् १९७० को दशकबाट पदयात्रा र १९८० पछि जलयात्राको विकास भएको पाइन्छ । त्यसै गरी सन् १९९० पछि पर्यापर्यटन र सन् २००० पछि ग्रामिण पर्यटनको प्रारम्भ भएको छ भने नेपालको पहिलो नमूना पर्यटकीय गाउँ भनेर स्याङ्जाको शिरुबारी (१९९६) लाई लिइन्छ ।

मूर्त एवं अमूर्त साँस्कृतिक सम्पदालाई मूल आधार बनाई स्थानीय उत्पादन र पर्यावरणसँग रमाउने गरी समुदायमा आधारित ग्रामिण पर्यटन विकासको सबैभन्दा महत्वपूर्ण पाटोको रुपमा हाल मुलुकभरी Home-stay को विकास द्रूत गतिमा भइरहेको पाइन्छ । Home-stay नेपालीमा उल्था गर्दा घरबास रहे तापनि यसको वास्तविक अर्थ भने पारिवारिक बसाई भन्ने बुझिन्छ । होमस्टेको सबैभन्दा महत्वपूर्ण विशेषता भन्नु Hospitality (a home away from a home) अर्थात् आतिथ्यता जुन आफ्नो घरबाट टाढा गएर पनि आफ्नै घरको अनुभुत गर्न सकिन्छ भन्ने हो । हाल गण्डकी प्रदेशका विभिन्न स्थानीय सरकारहरुमा गरी करिब पाँच सय सामुदायिक होमस्टे दर्ता भएको पाइन्छ । जसमध्ये तनहुँ जिल्लामा मात्र ६० र ती मध्ये १० वटा व्यास नगरपालिका अन्तर्गत दर्ता रहेका छन् । गण्डकी प्रदेश सरकारको एक प्रतिवेदन अनुसार आ.व. २०७८/०७९ सम्ममा करिब तीन सय पचास सामुदायिक होमस्टेहरुले प्रदेश सरकारको अनुदान प्राप्त गर्न सफल भएका छन् । जसमध्ये करिब ५ प्रतिशत दलित होमस्टे, १५ प्रतिशत खसआर्य र बाँकी ८० प्रतिशत होमस्टे आदिबासी जनजातिका रहेका छन् भने हाल नवीकरण सहित व्यवसायिक वा आंशिक रुपमा सञ्चालित होमस्टेको संख्या करिब ६० प्रतिशत रहेको छ । सञ्चालनमा रहेका होमस्टेहरुको २ वर्षअघि र हालको अवस्थालाई साधारणतया विश्लेषण गर्दा पनि गाउँको व्यक्तिगत एवं सामुदायिक सरसफाई, विकासका पूर्वाधारहरु, साँस्कृतिक सचेतना, नेतृत्व विकास, उद्यमशीलता, वातावरण संरक्षण एवं सामाजिक एकता आदि जस्ता क्षेत्रहरुमा भएको उल्लेख्य प्रगतिहरु अन्य विषयगत क्षेत्रले पनि सिको गर्ने विषय बनेको छ ।

**ग्रामिण पर्यटन र पर्यटकः**

भ्रमणको कुनै एक मात्र इच्छा वा कारण छैन तापनि धार्मिक, साँस्कृतिक, सामुदायिक, तालिम, गोष्ठी, खोज तथा अध्ययन; अनुसन्धान, शिक्षा, स्वास्थ्य, खेल तथा मनोरञ्जन, हिमाल आरोहण, पदयात्रा तथा भाषा एवं संस्कृति आदान प्रदान आदि उद्देश्यले मानिसहरु एक ठाउँबाट अर्को तथा एक देशबाट अर्को

देशको भ्रमण गर्दछन् । UNWTO (विश्व पर्यटन संगठन) अनुसार पर्यटक बन्नका लागि कम्तिमा यी ३ कुराको आवश्यक पर्दछ ।

१. आफ्नो स्थायी बसोबासबाट अन्यत्र कतै जानु पर्दछ ।

२. घुम्न गएको स्थानमा आर्थिक उपार्जन गर्ने कुनै पनि खालको कार्यमा संलग्न हुनु हुँदैन ।

३. घुम्न गएको स्थानमा कम्तिमा २४ घण्टा बिताएको हुनु पर्दछ ।

भ्रमणको क्रममा पर्यटकहरु सहभागी हुने कुनै पनि क्रियाकलापहरु जस्तैः पर्वतारोहण, पदयात्रा, जलविहार, बञ्जी, चट्टान आरोहण, जंगल सफारी, दृश्यावलोकन, सुटिङ्, खानपिन तथा नाचगान, किनमेल, दर्शन तथा पूजाआजा आदि पर्यटन हुन् जसलाई हामी पर्यटकीय उपज (products) पनि भन्ने गर्दछौं । ग्रामिण क्षेत्रमा पर्यटकहरु विशेषतः मौलिक कलासंस्कृति, स्थानीय अर्गानिक खानाका परिकार, जीवनशैली, जैविक विविधताका साथै प्राकृतिक सौन्दार्यतामा बढी रमाउने गरेको पाइन्छ । यी उपजहरु नै यथार्थमा पर्यटकीय गन्तव्य विकासका मुख्य आधारहरु हुन् । जसको योजनावद्ध तरिकाले विकास गर्न प्रथमतः गन्तव्यहरुको सही पहिचान (Exploration) त्यस पश्चात् क्रमशः विकास (Development), प्रवर्द्धन (Promotion) र संरक्षण (Conservation) एक चक्रीय रुपमा सञ्चालन गर्न सके मात्र दिगो पर्यटन विकास हुन सक्ने संसारिक रीत बनेको छ ।

**समुदायमा आधारित ग्रामिण पर्यटकीय उद्यमः**

ग्रामिण क्षेत्रमा पर्यटन प्रवर्द्धनगरी त्यसबाट प्राप्त प्रतिफल ग्रामिण समुदायसम्म पुऱ्याउने, त्यसैगरी ग्रामिण क्षेत्रका जनतालाई पर्यटन व्यवसायमा सहभागी गराई जीवनस्तर सुधार गर्ने, स्थानीय स्तरमा स्वरोजगारको अवसर सृजना गर्ने, ग्रामिण पर्यटनमा रमाउने पर्यटकलाई सहज बसोबासको लागि व्यवस्थापन गरी गाउँका ऐतिहासिक, धार्मिक, प्राकृतिक, साँस्कृतिक एवं पुरातात्विक स्थल तथा सम्पदाहरुको बारेमा जानकारी दिने र पर्यटकलाई सुलभ, सरल र सहज वातावरणमा स्थानीय परिकार, रितीरिवाज, कला संस्कृतिका साथै रहनसहनको उत्कृष्ट अनुभव प्रदान गर्ने उद्देश्यका साथ सञ्चालन गरिने होमस्टे वास्तवमा ग्रामिण पर्यटनको मुटु हो, जहाँबाट समग्र स्थानीय क्षेत्र वा समुदायको आर्थिक, सामाजिक, साँस्कृतिक एवं राजनीतिक विकासका सन्देश समेत सञ्चार हुने गर्दछ ।

होमस्टे वास्तवमा समुदायमा आधारित ग्रामिण पर्यटकीय उद्यम भए तापनि हाल बजार क्षेत्रमा समेत सञ्चालन रहेको पाइन्छ । गण्डकी प्रदेश सरकारको होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७६ ले होमस्टेलाई दुई भागमा वर्गीकरण गरिदिएको छ निजी र सामुदायिक । कार्यविधिले होमस्टे दर्ता तथा नवीकरण प्रकृया, दर्ताका लागि न्यूनतम् मापदण्ड तथा दर्ता पश्चात् सञ्चालनका आधारभूत मापदण्ड, पर्यटकका लागि आचार संहिताका साथै होमस्टे व्यवस्थापन तथा सञ्चालन समिति र समितिको काम, कर्तव्य र अधिकारको बारे स्पष्ट मार्गदर्शन गरेको छ । उक्त कार्यविधि बमोजिम स्थानीय तह होमस्टे समन्वय समितिको भूमिकालाई प्रभावकारी बनाउन सके मात्र पनि गाउँ गाउँमा व्यवस्थित एवं गुणस्तरीय होमस्टेहरुको विकास गरी ग्रामिण पर्यटनका माध्यम सभ्य, समृद्ध एवं सुसंस्कृत समाज निर्माण गर्न सकिन्छ ।

**होमस्टे गतिविधिः**

प्रायः व्यवस्थित रुपले सञ्चालन भइसकेका होमस्टेहरुमा पाहुनाहरु गाउँ प्रवेश हुनासाथ समाज घरमा ( समाज घर नभए पायक पर्ने स्थलमा) फुलमाला, टिकाको साथमा वाद्यवादन (पञ्चेबाजा वा मादल, खैजडी, बाँसुरी, ढोलक आदि जे उपलव्ध छ) सहित स्वागत गर्ने चलन छ । स्वागत स्थलमै गाउँमा

उपलब्ध अर्गानिक खाजाको प्रबन्ध गर्ने गर्दछन् । स्वागत तथा खाजा कार्यक्रम सँगसँगै गाउँको बारेमा संक्षिप्त जानकारीका साथ पाहुनाहरुको बसाई अवधिभर सञ्चालन गरिने क्रियाकलापको बारेमा जानकारी गराउने प्रचलन पाइन्छ । पाहुनाहरुले इच्छाएमा केही गाउँहरुमा पहिलो रातको खाना सामुहिक र भोलि बिहानको नास्ता तथा खाना भने जुन घरमा बसिन्छ सोहि घरमानै व्यवस्थापन गर्ने गरेको पाइन्छ ।

पाहुनाहरुका लागि जाडो याममा राती ८:०० र गर्मीमा ८:३० बजेसम्म खाना खुवाइवरी साँस्कृतिक कार्यक्रमको लागि समाजघर वा कार्यक्रम स्थलमा पुऱ्याई दिने चलन छ । साँस्कृतिक कार्यक्रममा युवा तथा बाबाआमा समूहको छुट्टा छुट्टै प्रस्तुतीमा रमाउन सकिन्छ । साँस्कृतिक कार्यक्रमको लागि जाडोमा राती ९:०० बजेसम्म र गर्मीमा १०:०० बजेसम्म सञ्चालन गर्ने गर्दछन् । भोलि बिहान भने पाहुनाहरु कोही बिहानको नास्ता पछि र कोही खाना पछि जाने खाल्का हुन्छन् र सोही अनुसार व्यवस्थापन गर्ने गरेको पाइन्छ । खाना पश्चात् जाने पाहुनाहरुका लागि भने गाइड सहित गाउँ भ्रमण गराउने व्यवस्था गरिएको हुन्छ । १० जना भन्दा बढिको समूहमा आउने जाने पाहुनाहरुका लागि सामुहिक रुपमा स्वागत तथा बिदाई गर्न सहज हुने होमस्टे व्यवस्थापन समितिहरु भन्ने गर्दछन् । होमस्टेको प्याकेज अन्तर्गत स्वागत सत्कार र बिदाई, रात र बिहानको खाना, वेड, बिहानको नास्ता र गाउँ भ्रमण आदि समेटिएको हुन्छ । साँस्कृतिक कार्यक्रम भने कतै छुट्टै स-शुल्क प्याकेजको रुपमा राखेको पाइन्छ भने कतै स्वइच्छाले दान गर्ने चलन पनि पाइन्छ । उल्लेखित प्याकेजको लागि नेपालका प्राय व्यवसायिक होमस्टेहरुमा हाल रु. नौ सयदेखि बाह्र सय पचास रुपियाँसम्मको मेनु रहेको पाइन्छ ।

**हाम्रो दायित्वः**

होमस्टेमा अनुभव संगाल्न तथा रमाउन जाने पाहुनाहरुले पनि जिम्मेवार पर्यटकले निभाउन पर्ने दायित्वलाई बिर्सन हुँदैन । जसले स्थानीय समुदायको सुख; शान्ति र समृद्धिका साथै प्रकृति र संस्कृतिको संरक्षण एवं विकासका लागि समेत महत्वपूर्ण योगदान पुऱ्याउन सक्दछ । साधारणतया पाहुनाहरुले होमस्टेमा उपलब्ध हुन नसक्ने खाना, पेय पदार्थ र सुविधा बारे सञ्चालकलाई दबाव नदिंदा । छिमेकीलाई असर पर्ने गरी हो हल्ला नगरिदिंदा, सञ्चालकको क्षमता बाहिरको सेवा सुविधाको माग नगरिदिंदा । अनैतिक तथा गैरकानूनी गतिविधिहरु (यौंनजन्य हिंसा, लागु औषधहरुको सेवन, बिक्री वितरण तथा ओसारपसार आदि) नगरिदिंदा । स्थानीय सामाजिक मूल्य मान्यताका साथै जैविक विविधता र वातावरणीय परिस्थितिलाई सम्मानका साथै उपयुक्त बोलीवचन तथा समुदायलाई सजिलो हुनेखाले पोशाक लगाइदिंदा, होमस्टेका साधारण कार्यहरुमा हात बढाईदिँदा (सघाइदिंदा) मात्र पनि हामीले सोंचेजस्तो गाउँघर र समाज निर्माण गर्न पर्यटनले ठूलो टेवा पुऱ्याउन सक्दछ । त्यसैगरी समुदाय एवं होमस्टे सञ्चालकहरु पनि आफ्नो पेशाप्रति त्यतिकै जिम्मेवार हुन जरुरी छ । पाहुनाहरु फरक फरक पृष्ठभूमि र इच्छा अनुसार भ्रमणमा आएका हुन्छन् । उनीहरुको विविधतालाई सम्मान गरी मौलिक कला संस्कृतिका साथ स्थानीय उत्पादनहरुद्वारा आतिथ्यता प्रदान गर्न सक्नु होमस्टेको पहिलो दायित्व रहन्छ । त्यसैगरी प्याकेज अनुसारको सेवा सुविधा, स्वच्छ वातावरणका साथै पर्यटन व्यवसाय प्रतिको ईमान्दारिता नै समुदायमा आधारित ग्रामिण पर्यटन विकासका महत्वपूर्ण पक्षहरु हुन् ।

**सन्दर्भ सामग्रीः**


- नेपालको संविधान २०७२,
- ग्ल्थत्इ  का विभिन्न समयमा प्रकाशित वुलेटिनहरु,
- पर्यटन नीति २०६५,
- वार्षिक प्रगति पुस्तिका २०७८ पर्यटन मन्त्रालय गण्डकी प्रदेश,
- होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७६ गण्डकी प्रदेश ।

# एस.ओ.एस. बालग्रामको गतिविधि

श्री अमृत पन्थी
परियोजना संयोजक

एस.ओ.एस. बाल ग्राम लामो इतिहास बोकेको एक गैरसरकारी संस्था हो । डाक्टर हेर्मनमाइनरको अग्रसरतामा इ.स. १९४९ मा सुरु भएको एस.ओ.एस. बाल ग्रामले अभिभावक गुमाएका वा अभिभावक गुमाउने खतरामा रहेका बालबालिकालाई संरक्षण गर्दै आइरहेको छ । एशियामा सर्वप्रथम एस.ओ.एस. बालग्राम भारतमा स्थापना भएको हो भने नेपालमा वि.स. २०२८ सालमा स्थापना भएको हो । सुरुवाती समयदेखि नै अभिभावक गुमाएका वा अभिभावक गुमाउने खतरामा रहेका बालबालिकालाई उनीहरुको पालन पोषण र शिक्षामा सहयोग गर्दै आइरहेको यस संस्था नेपालको ७ वटा प्रदेश मध्ये ६ वटा प्रदेशमा बालग्राम स्थापना गरी अभिभावक गुमाएका बालबालिकालाई सहयोग गर्दै आइरहेको छ ।

एस.ओ.एस. बालग्राम नेपालले अनाथ, परित्याग गरिएका र अन्य कमजोर आर्थिक अवस्था भएका बालबालिकाहरूको लागि पारिवारिक वातावरणमा हुर्काउदै आइरहेको छ । आफन्त गुमाएका वा संरक्षकहरु नभएका बालबालिकाहरूलाई एस.ओ.एस.बालग्राम नेपालले उनीहरूलाई पारिवारिक वातावरणमा हुर्काइ तिनीहरुको भविष्य सुनिश्चित गर्ने काम गर्छ ।

समुदायमा आधारित परिवार सवलीकरण कार्यक्रम व्यास, एस.ओ.एस. बालग्राम नेपालको एकमात्र परियोजना जुन समुदाय आधारित भइ समुदायमा भएका अनाथ, परित्याग गरिएका र अन्य कमजोर आर्थिक अवस्थाका कारण शिक्षाबाट बन्चित हुन सक्ने बालबालिकाहरुलाई तिनीहरु कै परिवारका अरु सदस्यसँग आफ्नै समुदाय राखेर बालबालिकाको शिक्षा र नेतृत्व विकासमा जोड दिइ परिवारलाई आर्थिक रुपमा सबल बनाई बालबालिकाको भविष्य सुनिस्चित गर्ने कार्यक्रम हो । २४ नोभेम्वर २०२० मा सुरु गरिएको यस परियोजनामा २८ अनाथ बालबालिकाहरुलाई उनीहरुको शिक्षा स्वास्थ्य तथा पौस्टिक आहारको लागि सहयोग गर्दै आएको छ भने कमजोर आर्थिक अवस्था भएका ४०७ लाभग्राही परिवारका ६८७ बालबालिकाहरुलाई शैक्षिक सहयोग गर्दै आएको छ । मुख्यतया ४ वटा क्षेत्रमा यस परियोजनामा काम गर्ने गर्दछ । जसमा बाल संरक्षण, जीविकोपार्जन, शिक्षा र स्थानीय सरोकारवालाहरुको क्षमता अभिबृद्धि तथा दिगोपनाको लागि स्थानीय वडा र नगरपालिकासँग सहकार्यमा विभिन्न कार्यक्रमहरु गर्दै आइरहेको छ । जस अन्तर्गत हरेक विद्यालय र टोलमा ३३ वटा बाल क्लबहरु गठन गरी विभिन्न जनचेतनामूलक र क्षमताअभिवृद्धिका कार्यक्रम सहित खेलकुदका सामग्री तथा बालबालिकाहरुको सहभागिताको सुनिश्चित गर्दै आइरहेको छ । त्यस्तै दुवै वडामा वडा बाल संरक्षण समिति गठन गरी उक्त समितिको कर्तव्य र अधिकारको बारेमा वकालत गर्दै आइरहेको छ । त्यस्तै समाजमा रहेका सामाजिक बिकृतिहरुको पहिचान गरी बाल क्लबहरुको अग्रसरतामा जनचेतनामूलक कार्यक्रमहरु गर्दै आएको छ । स्थानीय रुपमा उपलब्ध स्रोत साधन र हावापानी र माटो अनुसारको उत्पादन र सम्भावित बजारहरुको अध्यन गरी छनौटमा परेका ४०७ परिवारलाई उनीहरुको इच्छा र क्षमता अनुरुपको जिबिकोपार्जनको लागि आधुनिक बाख्रा पालन, कृषि तथा अन्य व्यवसायको लागि तालिम दिंदै आर्थिक रुपमा सहयोग गर्ने योजना सहित कार्य अगाडि बढिरहेको छ । त्यस्सै गरी वडा नं.१३ र १४ का ९ सामुदायिक विद्यालयहरुको आवश्यकता पहिचान गरी शैक्षिक तथा खेलकुद सामग्रीहरु साथै आवस्यकता अनुसार खानेपानी शौचालय तथा अन्य विषयमा सहयोग गर्दै आएको छ । समुदायमा आउने कुनैपनि गुनासाहरु सुनुवाईका लागि दुवै वडामा वडा अध्यक्षको नेतृत्वमा विभिन्न क्षेत्रको प्रतिनिधित्व हुने गरी ११ सदस्यीय स्थानीय कार्यसम्पादन समूह गठन गरी उहाँहरुको सल्लाह, सुझाव अनुसार कार्यक्रमहरु गर्दै आइरहेको छ । यस परियोजनाको उद्देश्य परियोजनाको अवधि पश्चात् उक्त आवश्यकतामा रहेका बालबालिकाहरुलाई स्थानीय सरकारले निरन्तरता दिनुका साथै उक्त परिवारलाई आर्थिक तथा चेतानात्मक रुपमा सबल बने बालबालिकाको हक अधिकार र संरक्षणको सुनिश्चितताको लागि पहल गर्दै आइरहेको छ ।

एस.ओ.एस. बालग्राम नेपाल परिवार सबलीकरण कार्यक्रम व्यास बिगत २ वर्षदेखि व्यास नगरपालिका वडा नं.१३ र १४ मा विशेष गरी अभिभावक गुमाएका र गुमाउने सम्भावना भएका बालबालिका साथै बाबा आमा दुवै भएर पनि न्यून आर्थिक तथा चेतनाको अभावले बालबालिकाको उचित स्याहार हेरचाह तथा शिक्षामा लगानी गर्न नसक्ने परिवारका बालबालिकाहरुलाई शैक्षिक सहयोग गर्दै आएको छ । यस कार्यक्रमको उद्देश्य वडास्तरीय सयन्त्रबाट छनौटमा परेका बालबालिकालाई शैक्षिक सहयोग तथा परियोजना उक्त छनौटमा परेका परिवारहरुलाई समेत सहयोग गर्ने लक्ष्य सहित काम गर्दै आएको छ । यसका अलवा सिंगो समुदायमा संयन्त्र निर्माण गर्न बालमैत्री कार्यक्रमहरु गर्दै जनचेतना फैलाउने कार्य गर्दै आएको । उक्त कार्यहरु नगरपालिका र वडा कार्यालयहरुसँग समन्वय र स्रोत साझेदारीमा विभिन्न कार्यक्रम गर्दै आएको । त्यसैको फलस्वरुप वडा नं. १३ र १४ का जनप्रतिनिधिहरुसँग हालै बसेको संयुक्त बैठकबाट वडाको अग्रसरतामा निर्माण हुन लागेको बाल उद्यान, कक्षा ९ र १० का सबै विद्यार्थीहरुलाई अतिरिक्त कक्षाको व्यवस्था र परियोजना पश्चात् समस्यामा रहेका बालबालिकाहरुको शैक्षिक सहयोगको दिगोपनको लागि फलफूल बिरुवा बृक्षारोपन गर्नका लागि यस परियोजना र वडा कार्यालय संयुक्त समिति बनाइ साझेदारीमा उक्त कार्यहरु पुरा गर्न निर्णय गरिएको छ । फलस्वरुप छनौटमा परेका परिवार र बालबालिकालाई मात्रै नभई सिंगो समुदायले नै अपनत्व लिने ध्यले संयुक्त रुपमा काम गर्दै आएको र आउने दिनमा पनि यस कार्यहरुलाई निरन्तरता दिदैसिंगो वडा र समुदायको विकासका लागि हातेमालो गर्दै अघि बढ्ने दुवैपक्ष दृढ छ । यस परियोजनामा अमृत पन्थीको नेतृत्वमा १२ जना स्थानीय र ५ जना बाह्य गरी जम्मा १७ जना कर्मचारीहरु कार्यरत छन् ।

# संगठन संरचना



नगर सभा
नगर सभाद्वारा गठित समितिहरु
नगर कार्यपालिका
नगर कार्यपालिकाद्वारा गठित
नगर प्रमुख
निजी
नगर उपप्रमुख
प्रमुख प्रशासकीय
१. प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा
(क) कर्मचारी प्रशासन उपशाखा
-वडा कार्यालय व्यवस्थापन इकाई
-दर्ता चलानी तथा सोधपुछ इकाई
(ख) कानुन तथा फैसला कार्यान्वयन उपशाखा
(ग) जिन्सी व्यवस्थापन उपशाखा
(घ) उपभोक्ता हित संरक्षण इकाई
(ङ) नगर प्रहरी तथा बजार नियन्त्रण इकाई
२. योजना तथा पूर्वाधार विकास शाखा
(क) योजना तथा अनुगमन उपशाखा
(ख) शहरी पूर्वाधार विकास उपशाखा
-सार्वजनिक खरिद इकाई
(ग) सडक तथा यातायात उपशाखा
(घ) खानेपानी, सिंचाई तथा ढल व्यवस्थापन उपशाखा
(ङ) विद्युत, मेकानिकल तथा यान्त्रिक इकाई
३. शिक्षा तथा सामाजिक विकास शाखा
(क) विद्यालय प्रशासन उपशाखा
(ख) युवा तथा खेलकुद उपशाखा
(ग) संस्कृति तथा साहित्य प्रवर्द्धन उपशाखा
(घ) महिला, बालबालिका, अपाङ्गता तथा ज्येष्ठ नागरिक उपशाखा
४. भवन नियमन तथा घर नक्सापास शाखा
(क) घर नक्सा पास उपशाखा
(ख) विपद व्यवस्थापन उपशाखा
(ग) भूउपयोग तथा अभिलेख व्यवस्थापन इकाई
(घ) भूमि इकाई
(ङ) आपतकालिन कार्य सञ्चालन केन्द्र
५. स्वास्थ्य तथा जनसंख्या शाखा
(क) स्वास्थ्य सेवा तथा रोग नियन्त्रण उपशाखा
(ख) आयुर्वेद तथा वैकल्पिक चिकित्सा उपशाखा
(ग) नगर अस्पताल व्यवस्थापन इकाई
६.उद्योग, पर्यटन, श्रम तथा रोजगार प्रवर्द्धन शाखा
(क) उद्योग विकास उपशाखा
(ख) पर्यटन प्रवर्द्धन इकाई
(ग) श्रम तथा रोजगार समन्वय उपशाखा
-मेड्पा
-सामी
-प्रधानमन्त्री रोजगार कार्यक्रम
७. आथिक प्रशासन शाखा
(क) लेखा व्यवस्थापन उपशाखा
(ख) वेरुजु फछ्र्यौट इकाई
८. सूचना प्रविधि शाखा
(क) सूचना प्रवर्द्धन उपशाखा
(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्ध
९. राजस्व व्यवस्थापन शाखा
१०. आन्तरिक लेखा परीक्षण शाखा
११. कृषि, पशुपंक्षी तथा सहकारी विकास शाखा
(क) कृषि विकास उपशाखा
(ख) पशुपंक्षी विकास उपशाखा
(ग) सहकारी तथा साझेदारी
१२. वन वातावरण तथा सरसफाई शाखा
(क) वन, वातावरण उपशाखा
(ख) सरसफाई उपशाखा
१३. जग्गा विकास आयोजना

# वडा कार्यालयको संगठन संरचना



# हाल कार्यरत कर्मचारीहरुको विवरण

**(क) नगर कार्यपालिकाको कार्यलय तर्फका शाखा, उपशाखा प्रमुखहरुको विवरण**

| सि.नं. | पद | कर्मचारीको नाम थर | शाखा/उपशाखा/इकाई | सम्पर्क नं. |
|---|---|---|---|---|
| १. | प्र.प्र. अधिकृत | श्री गंगालाल सुबेदी | नगरपालिका कार्यालय | ९८५६००२१११ |
| २. | अधिकृत आठौं | श्री कुमार कञ्चन जि.सी. | आन्तरिक लेखापरीक्षण शाखा | ९८५६०६०५१७ |
| ३. | अधिकृत आठौं | श्री राजेन्द्र कार्की | उद्योग, पर्यटन, श्रम,रोजगार प्रवर्द्धन शाखा | ९८५६०७५६७४ |
| ४. | व.इन्जिनियर | डा. राजु पौडेल | योजना तथा पूर्वाधार विकास शाखा | ९८४६०५०३७६ |
| ५. | पशु वि.अधिकृत | डा.मनोज विश्वकर्मा | कृषि, पशु तथा सहकारी शाखा | ९८६०३८७४०६ |
| ६. | ज.स्वा.अधिकृत | श्री प्रमोद सोती | स्वास्थ्य तथा जनसंख्या शाखा | ९८४५०६४६४७ |
| ७. | अधिकृत सातौं | श्री रामचन्द्र हड्खले | सामान्य प्र.तथा जनशक्ति शाखा | ९८५६०६००८६ |
| ८. | इन्जिनियर सातौं | श्री रविन्द्रलाल मुल | जग्गा विकास आयोजना | ९८५६०४३४९१ |
| ९. | अधिकृत सातौं | श्री गोकर्णराज वाग्ले | सूचना प्रविधि शाखा | ९८४६०३७२७० |
| १०. | अधिकृत सातौ | श्री कृष्णराज घिमिरे | राजस्व व्यवस्थापन शाखा | ९८४६०९१३३५ |
| ११. | इन्जिनियर सातौं | श्री अमृत के.सी. | घर नक्शा शाखा | ९८४६०५४०११ |
| १२. | अधिकृत सातौं | श्री नविन पराजुली | शिक्षा तथा सामाजिक विकास शाखा | ९८५६०६३५७७ |
| १३. | लेखा अधिकृत | श्री हेमन्त गुरुङ्ग | आर्थिक प्रशासन शाखा | ९८५६०००३०३ |
| १४. | अधिकृत छैटौं | श्री भाग्यशाली ढुंगाना | वन, वातावरण तथा सरसफाई शाखा | ९८४६०६२०८७ |
| १५. | ब.अ.न.नि. | श्री कल्पना दाहाल | नगर अस्पताल व्यवस्थापन | ९८५६०६३०४१ |
| १६. | ज.स्वा.निरीक्षक | श्री लक्ष्मी गुरुङ | स्वा. सेवा तथा रोग नि.उपशाखा | ९८५६०६३८४३ |
| १७. | कविराज निरीक्षक | श्री सरोज मिश्र | आयुर्वेद तथा वै.चि उपशाखा | ९८५६०६३१६५ |
| १८. | अधिकृत छैटौं | श्री कल्पना खनाल | पशुपंक्षी विकास उपशाखा | ९८४६०९०६५० |
| १९. | अधिकृत छैटौं | श्री राधा आचार्य | म.,बा.अपाङ्गता तथा ज्ये.ना.उपशाखा | ९८४६१२०४७२ |
| २०. | अधिकृत छैटौं | श्री भेषराज तिवारी | योजना तथा अनुगमन उपशाखा | ९८४६४६०९६४ |
| २१. | अधिकृत छैटौं | श्री कृष्णप्रसाद पौडेल | जिन्सी व्यवस्थापन उपशाखा | ९८४६०४३३५१ |
| २२. | ब.केन्द्र उत्प्रेरक | श्री राजुहरि पण्डित | सहकारी तथा साझेदारी उपशाखा | ९८५६०४३१८९ |
| २३. | इन्जिनियर | श्री विरेन्द्र थापा | शहरी पूर्वाधार विकास उपशाखा | ९८१७१८७१८९ |
| २४. | सू.प्र.अधिकृत | श्री विशाल पण्डित | रा.तथा अन्तराष्ट्रिय स.स.उपशाखा | ९८५६०७०१०२ |
| २५. | इन्जिनियर | श्री रोचक क्षेत्री | सडक तथा यातायात उपशाखा | ९८५६०३४४५३ |
| २६. | इन्जिनियर | श्री कमल शर्मा | खानेपानी, सिंचाई तथा ढल व्य.उपशाखा | ९८२४१८७९३६ |
| २७. | स्था.कृषि प्राविधिक | श्री प्रतिमा बगाले | कृषि विकास उपशाखा | ९८६५००३१३६ |
| २८. | ना.सु. | श्री किशोर वास्तोला | युवा तथा खेलकुद उपशाखा | ९८५६०६२३८८ |
| २९. | ना.सु. | श्री तिलकुमारी थापा | कर्मचारी प्रशासन उपशाखा | ९८४६०२८४३६ |
| ३०. | न.प्र.स.नि. | श्री रुद्रबहादुर दरै | नगर प्रहरी तथा बजार नि.इकाई | ९८०६७२५८०८ |
| ३१. | इलेक्ट्रिसियन | श्री पूर्णबहादुर दरै | विद्युत तथा मेकानिकल इकाई | ९८४६२७४३०० |
| ३२. | कार्यक्रम संयोजक | श्री लुना राना | सामी कार्यक्रम | ९८४९६७०५६९ |
| ३३. | रोजगार संयोजक | श्री सुजिता थापा | प्रधानमन्त्री रोजगार कार्यक्रम | ९८४३०४३८१५ |
| ३४. | इन्जिनियर | श्री सुवास गौतम | भूमि आयोग | ९८५६०६५८८९ |
| ३५. | एम.आइ.एस.अ. | श्री सुमिता पन्थ | पन्जीकरण इकाई | ९८४६७७६६७८ |
| ३६. | उद्यम वि.स.क. | श्री भिमाकुमारी खत्री | लघु उद्यम विकास कार्यक्रम | ९८६८१८९७०३ |

**(ख) वडा सचिवहरुको विवरण**

| सि.नं. | पद | कर्मचारीको नाम थर | वडा | सम्पर्क नं. |
|---|---|---|---|---|
| १. | ना.प्रा.स. (सहायकस्तर पाँचौं) | श्री मञ्जु कंडेल | १ | ९८४६३३३०८३ |
| २. | शाखा अधिकृत (अधिकृत छैटौं) | श्री पम्फा थापा बस्नेत | २ | ९८४६०९१९८५ |
| ३. | शाखा अधिकृत (अधिकृत छैटौं) | श्री सावित्री आचार्य | ३ | ९८४६६१४१४० |

| | | | | |
|---|---|---|---|---|
| ४. | अधिकृत (अधिकृत छैटौं) | श्री दुर्गाप्रसाद पौडेल | ४ | ९८४६०५५८६४ |
| ५. | अधिकृत (अधिकृत छैटौं) | श्री विश्वनाथ पौडेल | ५ | ९८४६११४०४७ |
| ६. | ना.सु. (सहायक पाँचौं) | श्री पदमबहादुर थापा | ६ | ९८५६०५५०६२ |
| ७. | कार्यक्रम अधिकृत (अधिकृत छैटौं) | श्री सन्तोष गोदार | ७ | ९८४१६७५००९ |
| ८. | ना.सु. (सहायक पाँचौं) | श्री गोविन्दराज मिश्र | ८ | ९८५६०६०९३३ |
| ९. | अधिकृत (अधिकृत छैटौं) | श्री शंकरदेव पौडेल | ९ | ९८४६३४६३९० |
| १०. | शाखा अधिकृत (अधिकृत छैटौं) | श्री पुष्पराज आचार्य | १० | ९८४६०४०४३५ |
| ११. | ना.सु. (सहायक पाँचौं) | श्री रामप्रसाद खनाल | ११ | ९८४६१३०१२३ |
| १२. | अधिकृत (अधिकृत छैटौं) | श्री नवराज कंडेल | १२ | ९८४६०५५२७० |
| १३. | ना.सु. (सहायक पाँचौं) | श्री बिष्णुकुमार श्रेष्ठ | १३ | ९८४६०९२३१८ |
| १४. | ना.प.स्वा.प्रा. (सहायक चौथो) | श्री राजन थापा | १४ | ९८६८१८२२९६ |

**(ग) स्वास्थ्य संस्था प्रमुखहरुको विवरण**

| सि.नं. | पद | कर्मचारीको नाम | स्वास्थ्य संस्थाको नाम | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १. | मेडिकल अधिकृत | श्री नविना न्यौपाने | व्या.न.कोभिड व्य.अ. | ९८६१०२०१६६ |
| २. | हे.अ. /स.पाचौं | श्री सरिता मिश्र | चारकुने आ.स्वा. केन्द्र | ९८६३४१७९३४ |
| ३. | हे.अ. /स.पाचौं | श्री सुभद्रा आचार्य | केराबारी आ.स्वा.केन्द | ९८०३९२०९६८ |
| ४. | अ.हे.व. /स.चौंथो | श्री उज्ज्वल न्यौपाने | सिमलटार आ.स्वा.केन्द | ९८४६०८८९४५ |
| ५. | अ.हे.व. /स.चौंथो | श्री रसिता अधिकारी | रानीटारी श.स्वा.केन्द्र | ९८४६१९४१८१ |
| ६. | सि.अ.हे.व. /स.पाचौं | श्री सुनिता श्रेष्ठ | पतेनी आ.स्वा.केन्द | ९८४६०९१०७८ |
| ७. | सि.अ.हे.व. /अ.छैंठौं | श्री रामबहादुर गुरुङ्ग | श्याम्घा स्वास्थ्य चौकी | ९८४६०९२९५० |
| ८. | अहेव /स.चौंथो | श्री इन्दु नेपाली | मादीबेशी सा.स्वा.इ. | ९८०६५५१३६१ |
| ९. | सि.अ.हे.व. /स.पाचौं | श्री सुकमाया गुरुङ्ग | छापथोक श.स्वा.केन्द्र | ९८६६०२१२८६ |
| १०. | हे.अ. /स.पाचौं | श्री मिना लौडारी | पाथ्रा आ.स्वा.केन्द्र | ९८६०४३९४१० |
| ११. | ज.स्वा.निरीक्षक /अ.छैठौं | श्री पुजा सोती | रिस्ती २ स्वा. चौकी | ९८४५५४५९५४ |
| १२. | अ.हे.व. /स.चौंथो | श्री सुस्मिता शाही | रिस्ती स्वास्थ्य चौकी | ९८६५१२१४३८ |
| १३. | अ.हे.व. /स.चौंथो | श्री बसन्त रिजाल | सोतीबेशी सा.स्वा.इ. | ९८४१२१२४५९ |
| १४. | अ.हे.व. /स.चौंथो | श्री देविन्द्र कार्की | कात्तिकेचौर स्वा.चौकी | ९८४५०७३२७४ |
| १५. | अ.हे.व. /स.चौंथो | श्री तपस्या दाहाल | सतिश्वाँरा स्वा.चौकी | ९८६९५५३७४९ |
| १६. | हे.अ. /स.पाचौं | श्री खुसीराम क्षेत्री | गजुरे स्वास्थ्य चौकी | ९८४६९१२००५ |
| १७. | हे.अ. /स.पाचौं | श्री बेलीमाया थापा | तनहुँसुर स्वा.चौ.से.का. | ९८५६०६०९१० |
| १८. | अहेव /चौथो | श्री अम्बिका सिग्देल | दुम्सी आ.स्वा.सेवा के. | ९८६०४७७४४ |
| १९. | ज.स्वा.नि. /अ.छैठौं | श्री मिलन सुर्खाली | तनहुँसुर स्वास्थ्य चौकी | ९८६३४१७८३५ |
| २०. | ज.स्वा.नि. /अ.छैठौं | श्री हरिश्चन्द्र न्यौपाने | घाँसीकुवा स्वा.चौकी | ९८४६४९४८०९ |
| २१. | हे.अ. /स.पाचौं | श्री सागर तिवारी | पोखरीभञ्ज्याङ्ग स्वा.चौ. | ९८४७६१४८०५ |
| २२. | अ.हे.व. /स.चौंथो | श्री पदमकुमारी थापा | छाब्दी शहरी स्वा.केन्द्र | ९८४६९११०९२ |
| २३. | अ.हे.व. /स.चौंथो | श्री नरेश बोहरा | केशवटार स्वा.चौकी | ९८४०४०५२२२ |
| २४. | अ.हे.व. /स.चौंथो | श्री साबित्री आले | दुम्सीशहरी स्वा. केन्द्र | ९८४६४२०४६० |
| २५. | अ.हे.व. /स.चौंथो | श्री अञ्जु पोखेल बराल | घाँसीकुवा स्वा.चौ.से.का. | ९८४६०८९२८३ |
| २६. | अ.हे.व. /स.चौंथो | श्री अमनकानु बानिया | स्याम्घा स्वा.चौ.से.का. | ९८४९८१५८९८ |
| २७. | अ.न.मी /स.चौंथो | श्री सन्तोषी श्रेष्ठ | बर्लाची श.स्वा.केन्द्र | ९८६९८३६९५३ |
| २८. | वरिष्ठ वैद्य | श्री सुरेन्द्र ठाकुर | शिशाघाट आयुर्वेद औ. | ९८०२८००१९५ |
| २९. | कविराज निरिक्षक | श्री राम श्रेष्ठ महतो | रिस्ती आयुर्वेद औ. | ९८५६०६००२९ |
| ३०. | वैद्य निरीक्षक | श्री विवेक पौडेल | केशवटार आयुर्वेद औ. | ९८५६०६३७४० |

# शैक्षिक संस्था र प्रमुख/प्रधानाध्यापकहरुको विवरण

**(क) सामुदायिक क्याम्पस/विद्यालय तथा प्रमुख/प्रधानाध्यापकहरुको विवरण**

| क्र.स. | क्याम्पस/विद्यालयको नाम | वडा | प्रमुख/प्र.अ. | प्र.अ.सम्पर्क | क्या./वि.व्य.स.अध्यक्षको नाम | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| १. | आदिकवि भानुभक्त क्याम्पस | १ | श्री महाप्रसाद हड्खले | ९८५६०७९८५८ | श्री बुद्धिकुमार श्रेष्ठ | ९८४६०९१९१६ |
| २. | जलदेवी मा.वि. | १ | श्री जयराम सेढाई | ९८४६०९०११७ | श्री होमबहादुर बस्नेत | ९८४६०४३४६६ |
| ३. | निर्मल मा.वि. | १ | श्री गणेशचन्द्र बस्नेत | ९८५६०६००३९ | श्री तमबहादुर दरै | ९८४६२७४९२८ |
| ४. | बालमन्दिर मा.वि. | २ | श्री राजेन्द्रप्रसाद खनाल | ९८४६०९०४८८ | श्री क्या.सन्तलाल श्रेष्ठ | ९८४६०६२९८७ |
| ५. | सत्यवती मा.वि. | २ | श्री एकबहादुर गुरुङ्ग | ९८४६०४३१९१ | श्री करुण काफ्ले | ९८५६०७३००१ |
| ६. | महर्षि वेदव्यास सँस्कृत मा.वि. | ३ | श्री चेतनारायण लामिछाने | ९८४९७९३८९१ | श्री तुलसीशरण सिग्देल | ९८४६०४३३९१ |
| ७. | शिव पाञ्चायन मा.वि. | ३ | श्री वलराम वाग्ले | ९८५६०६०६८० | श्री विष्णुभक्त न्यौपाने | ९८६३१९६८८७ |
| ८. | जनजुक्त शाही मा.वि. | ५ | श्री ज्ञानेन्द्र न्यौपाने | ९८४६४१६०५३ | श्री अच्युतराज काफ्ले | ९८४६०९०५५५ |
| ९. | उदय मा.वि. | ५ | श्री रोहिणीराज पौडेल | ९८५६०२७९३० | श्री श्रीभद्र खनाल | ९८५६०६००५२ |
| १०. | पराशर मा.वि. | ५ | श्री रामदत्त पौडेल | ९८४६०१०३१० | श्री उषा क्षेत्री | ९८४६६१०६०५ |
| ११. | महेन्द्रज्योति मा.वि. | ६ | श्री बुद्धिकुमार श्रेष्ठ | ९८४६३१७४७५ | श्री केशरबहादुर आले | ९८४६०३७९५६ |
| १२. | इन्दु मा.वि. | ६ | श्री सन्तोष न्यौपाने | ९८४६०६२३८६ | श्री ज्ञानबहादुर गुरुङ | ९८६०४३३००१ |
| १३. | क्यामिन मा.वि. | ७ | श्री सूर्यमणि पौडेल | ९८४६०९०१२७ | श्री रामबहादुर मभकोटी | ९८४६०८९८९१ |
| १४. | क्यामिनकोट मा.वि. | ७ | श्री युवराज वाग्ले | ९८४६०११८६० | श्री टिकाबहादुर गुरुङ | ९८६६००१८८७ |
| १५. | माहेन्द्री मा.वि. | ९ | श्री शिवचन्द्र आचार्य | ९८४६०४०९८९ | श्री नारायणदत्त पौडेल | ९८५६०६०३१० |
| १६. | वसाहास्थान मा.वि. | ९ | श्री राजेन्द्र शर्मा | ९८५६०४६७३३ | श्री गणेश गुरुङ | ९८६९३९५४५१ |
| १७. | चण्डिदेवी रा.मा.वि. | १० | श्री रामचन्द्र पोखेल | ९८५६०६४४४२ | श्री बाबुराम पौडेल | ९८४६२३३०२० |
| १८. | सर्वज्योति मा.वि. | १० | श्री भरत काफ्ले | ९८५६०६३२१७ | श्री विष्णुप्रसाद अधिकारी | ९८४६०६७२१३ |
| १९. | शिव मा.वि. | १० | श्री तिर्थराज परियार | ९८४६२०४०८१ | श्री विकास रिजाल | ९८५६०३३७७५ |
| २०. | भानु मा.वि. | १० | श्री बिष्णुप्रसाद श्रेष्ठ | ९८४६१४२९३० | श्री बिष्णुबहादुर थापा | ९८१८७६४९७६ |
| २१. | अमर सिं मा.वि. | ११ | श्री बाबुराज वाग्ले | ९८४६६४३४५० | श्री गंगाबहादुर घर्ती | ९८४८४४७३६८ |
| २२. | वाराही मा.वि. | ११ | श्री हिराबहादुर अधिकारी | ९८४६०६७१०० | श्री कर्णबहादुर बस्नेत | ९८४६२३५४६१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २३. | सिद्धेश्वरी मा.वि. | १२ | श्री नारायणप्रसाद अधिकारी | ९८४६४९७५०८ | श्री फमबहादुर थापा | ९८२३०५८१३२ |
| २४. | अमरज्योति मा.वि. | १२ | श्री रामजी तिमल्सेना | ९८४६०६२४८० | श्री गुणबहादुर के.सी | ९८२३३४९२६३ |
| २५. | जनजागृति गंगा मा.वि. | १३ | श्री चन्द्रमणि कोइराला | ९८४६०११५९७ | श्री रेशमबहादुर वि.क | ९८४६९५४५४२ |
| २६. | केशवटार मा.वि. | १४ | श्री मनवीर राना | ९८४६१९५४१८ | श्री रामबहादुर आले | ९८४३२६६६९२ |
| २७. | शुक्र आ.वि. | ५ | श्री टिकाराम दाहाल | ९८४६०६२८६५ | श्री प्रेमबहादुर क्षेत्री | ९८६९५४९७५५ |
| २८. | रत्नज्योति आ.वि. | ६ | श्री देउराज गुरुङ्ग | ९८४६०८३०६७ | श्री रञ्जन बकस मिया | ९८१७१७९०४७ |
| २९. | अमृत आ.वि. | ६ | श्री रविचन्द्र वाग्ले | ९८४६७४५०९४ | श्री नम्रता श्रेष्ठ | ९७४५९५८४९६ |
| ३०. | माहेन्द्री आ.वि. | ६ | श्री गणेशबहादुर क्षेत्री | ९८५६०६०१४७ | श्री रिता न्यौपाने | ९८०६७७२०४६ |
| ३१. | शंकर आ.वि. | ६ | श्री दीपकराज काफ्ले | ९८४६०१०४४९ | श्री सूर्यकान्त काफ्ले | ९८४६४९९०११ |
| ३२. | शहिदधर्म आ.वि. | ८ | श्री खड्कबहादुर गुरुङ्ग | ९८४६२९५९२६ | श्री खेमबहादुर गुरुङ | ९८४६७८७४८४ |
| ३३. | लक्ष्मी आ.वि. | ९ | श्री हरिश्चन्द पौडेल | ९८४६४३५८८९ | श्री हरिदत्त पौडेल | ९८५१२३२८१० |
| ३४. | सरस्वती आ.वि. | ९ | श्री इन्द्रकला आचार्य | ९८४६०९८७७१ | श्री सन्तोष जि.सी. | ९८४६७३५६०१ |
| ३५. | जनता आ.वि. | १० | श्री बुद्धिबहादुर वराली | ९८४६२४६४८० | श्री बालकृष्ण वि.क. | ९८०५८०४७८४ |
| ३६. | चण्डेश्वरी आ.वि. | ११ | श्री मिलनबहादुर आले | ९८१७१७२४८९ | श्री विनोद गुरुङ | ९८६४४३८७३० |
| ३७. | बसन्त आ.वि. | ११ | श्री माधव खनाल | ९८५६०६०००९ | श्री श्रीराम आले मगर | ९८४६३७३६५० |
| ३८. | चण्डिका आ.वि. | ११ | श्री सुरेन्द्र अधिकारी | ९८४६०९०१२० | श्री विरबहादुर खड्का | ९८४६३७२१३२ |
| ३९. | मत्स्यकन्या आ.वि. | १२ | श्री सुनिता देवकोटा | ९८४५११४४३० | श्री मुक्तबहादुर भुजेल | ९८४६६०९७४१ |
| ४०. | सिद्धबेनी आ.वि. | १३ | श्री सुकबहादुर राना | ९८४६४०२४४४ | श्री यमबहादुर आले | ९८१६१९९३२३ |
| ४१. | गुदीफच्याङ्ग आ.वि. | १३ | श्री विन्दु थापा मगर | ९८४६२७५२६५ | श्री सूर्यनाथ पन्थ | ९८१९१६६२९८ |
| ४२. | अमरज्योति आ.वि. | १४ | श्री सुनिल थापा | ९८१९१८५४५९ | श्री चित्रबहादुर थापा | ९८१९११०३३९ |
| ४३. | बुद्धदाहाल प्रा.वि. | १ | श्री भैरव पन्त | ९८४६०६७३४४ | श्री मणिजंग बस्नेत | ९८४६०६७१७२ |
| ४४. | जनसेविका प्रा.वि. | १ | श्री कमला पौडेल | ९८४६०२४०२४ | श्री रामबहादुर गुरुङ | ९८१३०६८२९७ |
| ४५. | जनसेवा प्रा.वि. | २ | श्री शारदा थापा अधिकारी | ९८४६०९०७४१ | श्री लोकबहादुर विश्वकर्मा | ९८४६७६५३६६ |
| ४६. | वेदव्यास प्रा.वि. | ४ | श्री सिता वाग्ले | ९८४६१३१७११ | श्री उर्मिला आचार्य | ९८४१८७४४१३ |
| ४७. | मदर्शा आ.वि. | ४ | श्री सत्तार मिया | ९८४६१३०५८४ | श्री सुनिता परियार | ९८०२८३४४०३ |
| ४८. | पद्मा प्रा.वि. | ५ | श्री कृष्णबहादुर परियार | ९८४६१३४२६५ | श्री अमरबहादुर थापा | ९८१५१०१३६२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४९. | सिन्धू प्रा.वि. | ५ | श्री मदन वाग्ले | ९८४६०२६२३० | श्री विमला कुमाल | ९८१६१७०८५२ |
| ५०. | मानुङ प्रा.वि. | ५ | श्री झुलबहादुर थापा | ९८०४१८८९२९ | श्री सुनिता थापा | ९८२७१०७८०९ |
| ५१. | संगम प्रा.वि. | ५ | श्री सोमप्रसाद थापा | ९८४६०६२७७१ | श्री गीता चौधरी | ९८०५८४१५८१ |
| ५२. | जनज्योति प्रा.वि. | ६ | श्री भुपाल गुरुङ्ग | ९८०६७५३०१० | श्री प्रकाश मल्ल | ९८१६६४१८०३ |
| ५३. | अमर प्रा.वि. | ६ | श्री मातृका रिमाल | ९८४६२१६५४२ | श्री सफी मियाँ | ९८०४११३२५७ |
| ५४. | देउराली प्रा.वि. | ६ | श्री सितादेवी लम्साल | ९८४६०६७४०२ | श्री शर्मिला थापा | ९८०६६८४५४५ |
| ५५. | बसन्तकाली प्रा.वि. | ७ | श्री रामकृष्ण नागिला | ९८५६०६०६९९ | श्री सुबास वाग्ले | ९८१९१८७१८५ |
| ५६. | व्यास नगर समता विद्यालय | ७ | श्री अर्जुन सुनार | ९८४६४५५५१९ | श्री सतिशचन्द्र न्यौपाने | ९८४६०६७२५२ |
| ५७. | पञ्चज्योति प्रा.वि. | ७ | श्री मोहन गुरुङ्ग | ९८४६२४४८४९ | श्री विलबहादुर बोटे | ९८२७४५२७१३ |
| ५८. | सोमाजन प्रा.वि. | ८ | श्री प्रेमराज सोती | ९८४६२३३६३३ | श्री उर्मिला पाहारी | ९८६०५३२७२१ |
| ५९ | सहजीवन प्रा.वि. | ८ | श्री इन्दिरा घिमिरे | ९८४६५१०५८० | श्री रिता अधिकारी मिश्र | ९८४०४२२९५१ |
| ६०. | कृष्णालय प्रा.वि. | ८ | श्री परशुराम मिश्र | ९८४६३३०५३४ | श्री कृष्णबहादुर सुनार | ९८१५१६५५५३ |
| ६१. | नयाँज्योति प्रा.वि. | ८ | श्री कृष्णचन्द्र मिश्र | ९८४६३९४६०७ | श्री रामजी पौडेल | ९८४६२८८६०६ |
| ६२. | तातोपानी प्रा.वि. | ११ | श्री शान्ता सेढाइ कैनी | ९८४६०१०१९१ | श्री चित्रबहादुर आले | ९८४६७७६०७१ |
| ६३. | जनकल्याण प्रा.वि. | ११ | श्री शशीकला पौडेल | ९८४६५३७६२२ | श्री धनबहादुर दरै | ९८१६६२४४४२ |
| ६४. | सूर्योदय प्रा.वि. | ११ | श्री रश्मी थापा मगर | ९८४६७२३३५० | श्री भक्तराम आले | ९८०६५६०२६५ |
| ६५. | जनमिलन प्रा.वि. | १२ | श्री संगिता पन्थ | ९८४६०८३६१० | श्री बद्री पन्थ | ९८२६१५४५४८ |
| ६६. | वि.पी. प्रा.वि. | १२ | श्री दिलकुमारी वि.क. | ९८४६२६४२४७ | श्री अनिता थापा | ९८०६५९५७६५ |
| ६७. | छाब्दी वाराही आ.वि. | १२ | श्री गणेशबहादुर वि.क. | ९८४६१३३७५८ | श्री इन्द्रप्रसाद कँडेल | ९८१९११३९६७ |
| ६८. | कर्लुङ्ग प्रा.वि. | १२ | श्री पदमबहादुर पन्त | ९८५६०६४३५० | श्री अम्बिका नेपाली | ९८१५१२०४८६ |
| ६९. | मनकामना प्रा.वि. | १२ | श्री लक्ष्मी श्रेष्ठ | ९८४६१६५४७७ | श्री लालबहादुर अधिकारी | ९८१७१८३३४६ |
| ७०. | सितला प्रा.वि. | १३ | श्री गजेन्द्रराज पन्थ | ९८१७१९०८०५ | श्री दिलबहादुर परीयार | ९८०६५३१३०९ |
| ७१. | बाल कल्याण प्रा.वि. | १३ | श्री रामचन्द्र उपाध्याय | ९८४६०६२५६९ | श्री हेमबहादुर थापा | ९८४६४८८०३९ |
| ७२. | बुद्ध प्रा.वि. | १३ | श्री नविना थापा | ९८१८८३०८२८ | श्री वृषराज गुरुङ | ९८१७१३८२२२ |
| ७३. | बेनीमित्र प्रा.वि. | १३ | श्री मानबहादुर आले | ९८४६५४१४१७ | श्री लेखबहादुर थापा | ९८०६५२२६१५ |
| ७४. | केशवटार प्रा.वि. | १४ | श्री सन्तराज आले | ९८१४१२१७०२ | श्री मनबहादुर थापा | ९७४८७५३८०४ |

(ख) संस्थागत कलेज/विद्यालय तथा प्रमुख/प्रधानाध्यापकहरुको विवरण

| सि.नं. | कलेज/विद्यालयको नाम | वडा | प्रमुख/प्रधानाध्यापकको नाम | सम्पर्क नं. |
|---|---|---|---|---|
| १. | दमौली कलेज | ३ | श्री राजेन्द्र कैनी | ९८४६०६२८०३ |
| २. | पराशर कलेज | ४ | श्री अमृत भण्डारी | ९८४६०६०९८० |
| ३. | वाराही कलेज | ३ | श्री प्रकाश खड्का | ९८४६३७४७८० |

माध्यमिक विद्यालय

| | | | | |
|---|---|---|---|---|
| ४. | न्यू मनकामना आ.मा.वि. | १ | श्री तिलकबहादुर चौहान | ९८५६०२८८३७ |
| ५. | दमौली पब्लिक आ.मा.वि. | १ | श्री सन्तबहादुर तामाङ | ९८४६०६२६५७ |
| ६. | तनहुँ ज्ञानगंगा आ.मा.वि. | १ | श्री ऋषिकेश क्षत्री | ९८४६०६२०२३ |
| ७. | इन्द्रेणी स्काइ बोर्डिङ स्कुल | १ | श्री जयराम अधिकारी | ९८४६०४८१९७ |
| ८. | मादीश्री आ.मा.वि. | १ | श्री बिष्णुबहादुर खड्का | ९८५१०४४१७७ |
| ९. | व्यास दिव्यज्योति आ.मा.वि. | २ | श्री सुरज सुब्बा | ९८०६६३८३१४ |
| १०. | महमाइ आ.मा.वि. | २ | श्री | |
| ११. | वाराही आ.मा.वि. | ३ | श्री उदित पौडेल | ९८५११३४१६४ |
| १२. | गोरखकाली आ.मा.वि. | ३ | श्री विणा कैनी | ९८५१०७९०६३ |
| १३. | दमौली फ्यूचर स्टार बोर्डिङ स्कुल | ३ | श्री प्रेमबहादुर राउत | ९८४६०५५९१७ |
| १४. | दमौली आ.मा.वि. | ४ | श्री कमल गुरुङ | ९८१९१४८०४० |
| १५. | पराशर मा.वि. | ४ | श्री अमृत भण्डारी | ९८५६०६०९८० |
| १६. | कन्काइ ग्लोवल मा.वि. | ४ | श्री मिलन गोदार | ९८६२९०२७२७ |
| १७. | रामज्योति आ.मा.वि. | ४ | श्री विपिन गौली | ९८४६२७५२५२ |
| १८. | दमौली मोडेल एकेडेमी | ४ | श्री प्रकाश खड्का | ९८४६३७४७८० |
| १९. | आदर्श विद्या गृह | ४ | श्री शिव थापा | ९८१८०१६६६५ |
| २०. | व्यास मनकामना आ.मा.वि. | ५ | श्री रामकृष्ण वि.क. | ९८५६०६०४४५ |
| २१. | शान्ती वर्ष आ.मा.वि. | ५ | श्री जगतबहादुर बि.क. | ९८४६१६५१९० |
| २२. | ग्रीन स्टार बोर्डिङ स्कुल | ५ | श्री विश्वेश्वर खनाल | ९८४६०५५४०६ |
| २३. | कालिका एकेडेमी | ६ | श्री आनन्द खनाल | |
| २४. | दोभान अंग्रेजी बोर्डिङ स्कुल | ७ | श्री सिकन्दर गुरुङ्ग | ९८४६०५५२१६ |
| २५. | सतिश इङ्गलिस बोर्डिङ स्कुल | १० | श्री दीर्घबहादुर दरै | ९८४६०४०३२९ |
| २६. | ब्लुमिङ एकेडेमी | ११ | श्री रनसिं नेपाली | ९८४६१६५८३२ |

निम्न माध्यमिक विद्यालय.

| | | | | |
|---|---|---|---|---|
| २७. | लर्ड वुद्ध एकेडेमी | १ | श्री दिलुमाया थापा | ९८४६०९२३५४ |
| २९. | अगसवर्ग हाउस एकेडेमी | १ | श्री बिबि राई | ९८४६१७२८५१ |

| | | | | |
|---|---|---|---|---|
| ३०. | विश्वशान्ति इङ्गलिस बोर्डिङ स्कुल | २ | श्री | |
| ३१. | मोर्डन चिल्ड्रेन एकेडेमी | ५ | श्री विकास थापा मगर | ९८१६६८६६६२ |
| ३२. | बाह्रबिसे बोर्डिङ स्कुल | ६ | श्री जीवराज श्रेष्ठ | ९८१६१८९९८१ |
| ३३. | सामुदायिक अंग्रेजी विद्या मन्दिर | ७ | श्री मनहरी अधिकारी | ९८४२२६८७२६ |
| ३४. | राजापानी इङ्गलिस बोर्डिङ स्कुल | ९ | श्री नशिव कार्की | |
| ३५. | कलेस्ती रिभर साइड | ९ | श्री कुलबहादुर थापा | ९८४१५३९०४८ |
| ३६. | सनफ्लावर इङ्गलिस बोर्डिङ स्कुल | १० | श्री आकास खनाल | ९८१५१८४००३ |
| ३७. | दुम्सी मेमोरियल इङ्गलिस स्कुल | १० | श्री नरबहादुर वि.क. | ९८४६६२९७३५ |
| ३८. | न्यू मुनसन एकेडेमी | १० | श्री किशोर गुरुङ्ग | ९८५६०६०५२२ |
| ३९. | माया युनिभर्स एकेडेमी | ११ | श्री मञ्जिल राना | ९८१४११७१०६ |
| ४०. | विनायक मेमोरियल इ. स्कुल | १२ | श्री विधायक भट्टराई | ९८४६०६०८४५ |
| ४१. | तनहुँ ड्रिमल्याण्ड इ.बोर्डिङ स्कुल | १२ | श्री विमल खत्री | ९८६६०४१९९५ |
| ४२. | प्रभातज्योति इङ्गलिस बोर्डिङस्कुल | १४ | श्री कृष्ण चौलागाई | ९८५७२६८२६३ |

**प्राथमिक विद्यालय**

| | | | | |
|---|---|---|---|---|
| ४३. | चाइल्ड नेचर मन्टेश्वरी | १ | श्री सीताकुमारी के.सी. | ९८४६०२४५२८ |
| ४४. | डिस्कभरी इन्टरनेशल म. स्कुल | २ | श्री सावित्री खड्का | ९८४६५३८३२० |
| ४५. | यूनाइटेड एकेडेमी फर एड्भान्स | ५ | श्री विश्वास के.सी. | ९८५६०६०६६७ |
| ४६. | दोभान अंग्रेजी बोर्डिङ स्कुल | ७ | श्री आनन्द राई | ९८०६५००५२९ |
| ४७. | ज्ञानदीप बोर्डिङ स्कुल | ११ | श्री रोशन नागिला | ९८४६०६५१५६ |
| ४८. | छाब्दी वाराही इ. बोर्डिङ स्कुल | १२ | श्री नवराज अधिकारी | ९८४६१३१६८० |
| ४९. | न्यू भिजन इङ्गलिस बोर्डिङ स्कुल | १३ | श्री सुरज बुढाथोकी | ९८४६७६५४८० |

# आ.व.२०७९।०८० को फागुन मसान्तसम्मको आम्दानी खर्च

लेखा अधिकृत श्री हेमन्त गुरुङ
आर्थिक प्रशासन व्यवस्थापन शाखा

**(क) आम्दानी विवरण**

| सि.नं. | आम्दानीका शीर्षकहरु | अनुमान रु. | यथार्थ रु. |
|---|---|---|---|
| १ | **आन्तरिक आय** | | |
| | ११३१३ सम्पत्ति कर | १,५०,००,०००।०० | ७४,४४,४८१।७९ |
| | ११३१४ मालपोत कर | ७०,००,०००।०० | ४४,३०,८८८।०० |
| | ११३२१ घरबहाल कर | ३,००,००,०००।०० | ५७,९६,२७७।९८ |
| | ११३२२ घर भाडा | २,००,००,०००।०० | १,००,९६,८९१।६७ |
| | ११३२२ मेशनरी उपकरण भाडा | ६,००,०००।०० | ३,५०,०००।०० |
| | ११४७२ विज्ञापन कर | १०,००,०००।०० | ०।०० |
| | १४१५७ प्राकृतिक स्रोत साधन उपयोग कर | ८,७०,००,०००।०० | २,१७,०४,७९५।०० |
| | ११४७९ मनोरन्जन कर | १,००,०००।०० | ३,६९,९३०।०० |
| | १४२१३ लिलाम बिक्री | १,००,०००।०० | ३,९२,८७७।२५ |
| | १४२२१ मिलापत्र | ५०,०००।०० | २४,४००।०० |
| | १४२२४ परीक्षा | ७८,०००।०० | २,१५,६२५।०० |
| | १४२२९ सिफारिस | १,७०,००,०००।०० | ८५,४८,९३३।०० |
| | १४२२९ विविध फाराम | १२,००,०००।०० | ५,५४,१५२।०० |
| | १४२४१ सवारी पार्किङ | ७,००,०००।०० | ६,०२,६६०।०० |
| | १४२४२ घर नक्सा पास | १,६०,००,०००।०० | ६५,५२,४८६।२८ |
| | १४२४५ नाता प्रमाणित | ४,००,०००।०० | ३,३१,८०५।०० |
| | १४२४९ अन्य विविध आय | ६,००,०००।०० | १,६८,६५४।०० |
| | १४२५३ दर्ता र नवीकरण | ४०,००,०००।०० | १७,७९,९९१।०० |
| | १४२५३ व्यक्तिगत घटना दर्ता | १,००,०००।०० | १४,२४४।०० |
| | १४३११ दण्ड जरिवाना | १५,००,०००।०० | १,२७,६१६।०० |
| | १४३१३ धरौटी सदरस्याहा | ५,००,०००।०० | ८०,०००।०० |
| | १४५२१ सरसफाई | ८०,००,०००।०० | ४३,४२,९५५।०० |
| | १४५२१ शौचालय | ७२,०००।०० | ४८,०००।०० |
| | १४५२१ स्थानीय वातावरण शुल्क | १,००,००,०००।०० | १,२७,६४,५९३।५० |
| | १४६११ व्यवसाय कर | ५०,००,०००।०० | १८,२४,६६२।२५ |
| | **जम्मा आन्तरिक** | **२२,६०,००,०००।००** | **८,८५,६६,९१८।७२** |
| २ | **संघीय सरकार** | | |
| | १३३११ वित्तीय समानीकरण अनुदान | २०,६९,००,०००।० | १५,५१,७५,०००।०० |
| | १३३१२ सशर्त अनुदान (चालु) | ५०,७०,००,०००।० | ३२,३०,७०,०००।०० |
| | १३३१२ सशर्त अनुदान (पूँजीगत) | १०,२९,५०,०००।० | ५९,५७,०००।०० |
| | १३३१७ समपूरक अनुदान | २,१०,००,०००।० | ०।०० |

| | | | |
|---|---|---|---|
| | १३३१५ विशेष अनुदान | ४,००,००,०००।० | ०।०० |
| | १४२२९ सडक बोर्ड नेपाल | १,३६,००,०००।० | ४४,६१,२१७।०० |
| | ११४११ राजस्व बाँडफाँड | १५,७२,९९,०००।० | ५,२६,३७,०७८।९२ |
| | **जम्मा** | **१,०४,८७,४९,०००।०** | **५४,१३,००,२९५।९२** |
| ३ | **प्रदेश सरकारबाट** | | |
| | १३३११ वित्तीय समानीकरण अनुदान | २,५९,८१,०००।०० | १,२९,९०,२५०।०० |
| | १३३१३ सशर्त अनुदान | ०।०० | २५,००,०००।०० |
| | १३३१७ समपुरक अनुदान | ८०,००,०००।०० | ४०,००,०००।०० |
| | ११४५६ राजस्व बाँडफाँड | २,०९,७१,०००।०० | १,३१,१७,८८२।०० |
| | **जम्मा** | **५,४९,५२,०००।००** | **३,२६,०८,१३२।००** |
| ४ | **अन्य निकायबाट प्राप्त** | | |
| | १४२२९ कृषि सम्बन्धी कार्यक्रम (मुल्य श्रृखला) | १५,००,०००।०० | १३,२५,७८७।०० |
| | ११३१५ मालपोतबाट रजिष्ट्रेशन शुल्क | १०,००,००,०००।०० | १,६५,६४,८७६।२० |
| | ३३१४३ नगर विकास कोष बहुउद्देश्यीय भवन | ११,००,००,०००।०० | ०।०० |
| | **जम्मा** | **२१,१५,००,०००।००** | **१,७८,९०,६६३।२०** |
| ५ | **जनसहभागिता र अन्य** | | |
| | १३४११ जनसहभागिता नगद/पूर्वाधार विकास | ६०,००,०००।०० | ०।०० |
| | ३२१२२ अन्य तथा सञ्चित कोष अल्या | १६,७५,५३,०००।०० | १६,७५,५२,०३८।४० |
| | **जम्मा** | १७,३५,५३,०००।०० | १६,७५,५२,०३८।४० |
| | **कुल जम्मा** | **१,७१,४७,५४,०००।०** | **८४,७९,१८,०४८।२४** |

**कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत प्रत्यक्ष भुक्तानी भएका कार्यक्रमहरु**

| | | | |
|---|---|---|---|
| १ | सामाजिक सुरक्षा भत्ता | २६,००,००,०००।०० | १५,४९,११,२०२।०० |
| २ | गरिवसँग विश्वेश्वर | ५,४६,०००।०० | १,०५,०००।०० |
| ३ | नवप्रवर्तनीय | १,००,००,०००।०० | ३८,३५,०००।०० |
| | **जम्मा** | **२७,०५,४६,०००।००** | **१५,८८,५१,२०२।००** |

**(ख) खर्च विवरण (१) चालु खर्च**

| | | |
|---|---|---|
| २११११ पारिश्रमिक कर्मचारी | ५१,६९,७८,०००।०० | ३०,११,६३,५५८।९६ |
| २१११२ पारिश्रमिक पदाधिकारी | १,६५,६९,०००।०० | १,१८,५०,०००।०० |
| २११२१ पोशाक | ३१,००,०००।०० | ०।०० |
| २११२२ खाद्यान्न | २,३०,०००।०० | ७९,६८०।०० |
| २११३१ स्थानीय भत्ता | ८७,०००।०० | ०।०० |
| २११३२ महंगी भत्ता | ४१,४४,०००।०० | १७,१८,०३५।३३ |
| २११३३ फिल्ड भत्ता | ३,००,०००।०० | ०।०० |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | २६,००,०००।०० | २,९७,८००।०० |
| २११३९ अन्य भत्ता | १२,१२,०००।०० | २,९२,०००।०० |
| २११४१ पदाधिकारी बैठक भत्ता | ४३,२८,०००।०० | १९,१३,०००।०० |
| २११४२ पदाधिकारी अन्य सुविधा | १७,२०,०००।०० | ७,०७,३६७।०० |

| | | |
|---|---|---|
| २११४९ पदाधिकारी अन्य भत्ता | १२,००,०००।०० | ७५,०००।०० |
| २१२१३ कर्मचारीको योगदानमा आधारित बिमा खर्च | ७,००,०००।०० | १३८,८००।०० |
| २१२१४ कर्मचारी कल्याण कोष | ६५,००,०००।०० | ०।०० |
| २१२२२ पदाधिकारीको योगदानमा आधारित | ७०,०,०००।०० | ३,६३,०००।०० |
| २२१११ पानी तथा बिजुली | ५४,०३,०००।०० | १२,८५,२९६।०० |
| २२११२ सञ्चार महसुल | १०,७०,०००।०० | २,३६,०३८।०० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | ८०,९५,०००।०० | ४८,१२,६५१।०० |
| २२२१३ सवारी साधन मर्मत खर्च | ५०,००,०००।०० | ९,२३,४७४।०० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | १२,००,०००।०० | ५,९०,७९६।०० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा | ३२,४४,०००।०० | १०,४६,००३।०० |
| २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत खर्च | ९५,०००।०० | ०।०० |
| २२३११ मसलन्द तथा कार्यालय सामग्री | १५,६५,०००।०० | २४१,२३८।०० |
| २२३१२ पशुपंक्षीहरूको आहार | १,००,०००।०० | ६४,८००।०० |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | १,४२,५१,०००।०० | १०,६१,३०३।०० |
| २२३१४ इन्धन - अन्य प्रयोजन | ४५,०००।०० | ११,६००।०० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ४७,२०,०००।०० | २४,३७,३८७।०० |
| २२३१९ अन्य कार्यालय सञ्चालन खर्च | १,०६,६३,०००।०० | ३४,२३,७५०।०० |
| २२४११ सेवा र परामर्श खर्च | ५८,४४,०००।०० | ५,०३,०५०।०० |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन | १०,००,०००।०० | ०।०० |
| २२४१३ करार सेवा शुल्क | ५२,९४,०००।०० | ४९,७७,२००।०० |
| २२४१४ सरसफाई सेवा शुल्क | १७,००,०००।०० | ९,१२,६४९।०० |
| २२४१९ अन्य सेवा शुल्क | ५,००,०००।०० | ०।०० |
| २२५१२ सिप विकास तथा जनचेतना तालिम तथा | ९२,८०,०००।०० | १२,१७,९८५।०० |
| २२५२२ कार्यक्रम खर्च | ७,६५,४९,०००।०० | १२,१७६,५७९।५० |
| २२५२९ विविध कार्यक्रम खर्च | ९,८६,२८,०००।०० | ४२,९३३,०२७।९४ |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | ३,४०,०००।०० | १५,०००।०० |
| २२६१२ भ्रमण खर्च | २३,०५,०००।०० | ६८५,३६०।०० |
| २२६१९ अन्य भ्रमण खर्च | ३,००,०००।०० | ०।०० |
| २२७११ विविध खर्च | ७९,३५,०००।०० | १,२४३,०६५।०० |
| २२७२१ सभा सञ्चालन खर्च | १५,००,०००।०० | ३५८,०५५।०० |
| २४२११ आन्तरिक ऋणको ब्याज | ९५,००,०००।०० | ४,६००,०००।०० |
| २५२११ गैर वित्तीय व्यवसायहरूलाई चालु सहायता | १०,००,०००।०० | ०।०० |
| २५३११ शैक्षिक संस्थाहरूलाई सहायता | १,४४,००,०००।०० | ३,४७२,६५४।०० |
| २५३१२ स्वास्थ्य संस्थाहरूलाई सहायता | १५,००,०००।०० | ०।०० |
| २५३१३ उपभोक्ता समिति तथा गैर सरकारी संस्था | २०,००,०००।०० | ०।०० |
| २५३१४ धार्मिक तथा साँस्कृतिक संस्था सहायता | १५,००,०००।०० | २।५७,४२७।०० |
| २५३१५ अन्य संस्था सहायता | २,००,०००।०० | ०।०० |
| २६३११ स्थानीय तह निःशर्त चालु अनुदान | १०,००,०००।०० | ०।०० |

| | | |
|---|---|---|
| २७२११ छात्रवृत्ति | १,५०,०००।०० | ०।०० |
| २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | १,३८,५०,०००।०० | १,२०,८८,०००।०० |
| २७२१३ औषधी खरिद खर्च | ५१,५०,०००।०० | २४,२९,२९७।६० |
| २८१४२ घर भाडा | ९,९८,०००।०० | २,००,५००।०० |
| २८२११ राजस्व फिर्ता | २,००,००,०००।०० | ०।०० |
| **जम्मा** | **८९,८२,४२,०००।००** | **४२,२८,०२,४२७।३३** |

**(२) पूँजीगत खर्च**

| | | |
|---|---|---|
| ३११११ आवासीय भवन निर्माण/खरिद | १,२२,००,०००।०० | १३,१०,०८७।०० |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | १२,८०,००,०००।०० | ४८,२९,६५९।०० |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | १,५०,०००।०० | ९५,०००।०० |
| ३१११४ जग्गा विकास कार्य | १,००,००,०००।०० | ०।०० |
| ३११२२ मेशिनरी तथा औजार | ४४,७०,०००।०० | १८,५९,३८७।०० |
| ३११२३ फर्निचर तथा फिक्चर्स | १,५०,०००।०० | ०।०० |
| ३११३१ पशुधन तथा बागवानी विकास खर्च | १०,००,०००।०० | ३,४७,०५०।०० |
| ३११४१ सुरक्षा प्रणाली तथा उपकरण प्राप्ति खर्च | ८०,००,०००।०० | २,७६,४०२।०० |
| ३११५१ सडक तथा पुल निर्माण | १२,१५,००,०००।०० | १,४३,४५,०७१।०० |
| ३११५२ रेलमार्ग तथा हवाई मैदान निर्माण | १,००,०००।०० | ९१,७८३।०० |
| ३११५३ विद्युत संरचना निर्माण | ९०,५०,०००।०० | ११,३५,६५३।०० |
| ३११५४ तटबन्ध तथा बाँध निर्माण | ३५,५०,०००।०० | ७,०९,२६०।०० |
| ३११५५ सिंचाई संरचना निर्माण | ८१,५०,०००।०० | ४,२९,६४१।०० |
| ३११५६ खानेपानी संरचना निर्माण | ७,३०,७५,०००।०० | १,३५,६९,१६८।०० |
| ३११५८ सरसफाई संरचना निर्माण | ५३,००,०००।०० | २,८५,०००।०० |
| ३११५९ अन्य सार्वजनिक निर्माण | ४२,६८,१७,०००।०० | ११,५९,०२,०९७।७१ |
| ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ५,००,०००।०० | ०।०० |
| ३११७१ पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | ४५,००,०००।०० | ४९,५९८।०० |
| जम्मा | **८१,६५,१२,०००।००** | **१५,५२,३४,८५६।७१** |
| कुल जम्मा | **१,७१,४७,५४,०००।००** | **५७,८०,३७,२८४।०४** |

# लेखापरीक्षण तथा पेश्की बेरुजु सम्बन्धी विवरण

अधिकृत आठौं श्री कुमार कञ्चन जि.सी.
आन्तरिक लेखापरीक्षण शाखा

व्यास नगरपालिकाको स्थापनाकालदेखि आर्थिक वर्ष २०७८/०७९ सम्म आइपुग्दा नगरपालिकामा देखिएका बेरुजुहरुको अध्ययन गर्दा लेखापरीक्षण मापदण्ड अनुसार व्यास नगरपालिका कार्यालयको आन्तरिक लेखापरीक्षण शाखा र महालेखा परीक्षकको कार्यालयद्वारा लेखापरीक्षण गर्दा विभिन्न आर्थिक वर्षहरुमा योजना तथा कार्यक्रमहरुको लागि उपलब्ध गराइएको पेश्की वापतको रकम, लेखापरीक्षण गर्दा बिल, भरपाई तथा निर्णयहरु संलग्न गर्न छुटेका कागजपत्रहरुलाई आधारमानि नियमित गर्नु पर्ने बेरुजु र आर्थिक ऐन, नियम विपरीत लेखिएका असुल उपर गर्नु पर्ने खर्चहरुको समग्र बेरुजुको अध्ययन गर्नका लागि नगरपालिकामा बेरुजु फछ्र्यौट समिति र लेखा समिति गठन गरिएको छ । उक्त समितिहरुको बैठकबाट बेरुजु प्रतिवेदन उपर व्यापक रुपमा दफावार अध्ययन एवं छलफल गर्दै नगरपालिकाको नियमितता, मितव्यीतता र प्रभावकारी रुपमा आर्थिक विवरणहरुको लेखाजोखा समेत गरी कमभन्दा कम बेरुजु कायम गर्ने तर्फ नगर कार्यपालिका मार्फत नगर सभामा आफ्नो राय प्रतिक्रिया सहित प्रतिवेदन पेश गर्दै आइरहेको सर्न्दभमा सोही प्रतिवेदनका आधारमा महालेखा परीक्षक समक्ष सम्परीक्षणको लागि विवरण पेश गर्ने गरिएको छ ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययीता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्ने तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु नै लेखापरीक्षणको उद्देश्य रहेको हुन्छ । लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना भए नभएको, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपभोग, जवाफदेहीता एवं पारदर्शीता, सेवा प्रवाह लगायतका बिषयहरुमा मूल्यांकन गरी लेखापरीक्षकबाट प्रतिवेदन तयार पारी बेरुजु हुने देखिएमा बेरुजु कायम गर्ने गरिन्छ । यसरी बेरुजु रकम बढी देखिनुमा विशेष गरी दक्ष एवं अनुभवी कर्मचारीको अभाव तथा कमी रहनु, दैनिक सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसक्नु, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नराख्नु, सञ्चालित योजना तथा कार्यक्रमको प्रभावकारी रुपमा प्रस्ताव तयार, प्रस्ताव स्वीकृत गरी अन्तिम मूल्यांकन गराई भुक्तानी दिने परिपाटीको अभाव देखिनुका साथै लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै महालेखा परीक्षकबाट उपलब्ध हुने प्रारम्भिक प्रतिवेदन उपर दफाबार छलफल गरी बेरुजु उपर आवश्यक कारबाही गरी समयमानै महालेखा परीक्षकको कार्यालयलाई जवाफ उपलब्ध नगराइएको कारण पनि बेरुजुको भार बढी भएको देखिन आउँछ । तसर्थ नगरपालिका स्थापनाकालदेखि हालसम्म देहाय बमोजिमको कुल बेरुजु रहन आएको देखिन्छ, जुन बेरुजु रकम सम्परीक्षणका लागि प्रत्येक वर्ष महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्ने गरिएको छ ।

| सि.न. | वेरुजु विवरण | आ.व.०७७।०७८ सम्मको कुल बाँकी | आ.व.०७८।०७९ मा थप | आ.व.०७८।०७९ सम्मको कुल |
|---|---|---|---|---|
| १ | असुल उपर गर्ने बेरुजु | ४,३७,८४,५९५।०० | १,४६,४१,२२०। | ५,८४,२५,८१५।०० |
| २ | नियमित गर्ने बेरुजु | १३,८९,३२,२६१।१२ | ७,५१,०४,७५९। | २१,४०,३७,०२०।१२ |
| ३ | पेश्की बाँकी बेरुजु | १०,९२,०५,११९।३२ | २,४९,४५,५००। | १३,४१,५०,६१९।३२ |
| | **जम्मा** | **२९,१९,२१,९७५।४४** | **११,४६,९१,४७९।** | **४०,६६,१३,४५४।४४** |

आ.व.२०७७।०७८ सम्मको कुल बाँकी बेरुजु रु.२९,१९,२२९७५।४४ मध्ये आ.व.२०७८।०७९ को म.ले.प. डोर मुकाम दमौलीमा रु.७,१०,५४६४४। सम्परीक्षण गरिदिनका लागि पेश गरिएकोमा प्रारम्भिक म.ले.प. प्रतिवेदनमा उल्लेख हुन बाँकी देखिन्छ । त्यस्तै २०७८।०७९ को कुल पेश्की बेरुजु रु.११,४६,९१,४७९। मध्ये आ.व.२०७९।०८० मा रु.४,७२,२३६। असुल उपर गरी सकिएको छ भने उक्त रकम म.ले.प. प्रतिवेदनमा उल्लेख हुन बाँकी देखिन्छ ।

# उद्योग तथा पर्यटन विकास सम्बन्धी गतिविधि

अधिकृत आठौं श्री राजेन्द्र कार्की
उद्योग, पर्यटन, श्रम तथा रोजगार प्रवर्द्धन शाखा

**पर्यटनतर्फः**

व्यास नगरपालिका पर्यटन विकासको निकै धेरै सम्भावना भएको क्षेत्र हो । ऐतिहासिक, साँस्कृतिक, प्राकृतिक, धार्मिक, साहित्यिक क्षेत्रले भरिपूर्ण रहेको यस नगरपालिका समथर भू-भागदेखि उच्च पहाडी धरातलमा अवस्थित छ । समुन्द्रिक सतहदेखि २८० मि. को उचाइमा रहेको वेलवास क्षेत्रदेखि १२४५ मिटर उचाइमा रहेको तनहुँसुर दरवार यसै नगरपालिका भित्र पर्दछ । बहुजाती, बहुसंस्कृति, बहुधर्ममा आस्था र विश्वास राख्ने आ-आफ्नो भाषा, संस्कृति, रितिरिवाज, भेषभूषा र पहिचानबाट सु-सज्जित यो नगरपालिका बहुआयामिक पहिचान भएको नगरपालिका पनि हो । समग्र विकासको प्राथमिकताको आधारमा कृषि पछिको पहिलो प्राथमिकतामा राखेर व्यास नगरपालिकाले पर्यटन विकासमा निकै ठूलो लगानी र योगदान  दिंदै आएको छ । मादीभ्याली उपत्यका विकास परियोजना, १०८ फिट उचाइको व्यास ऋषिको मूर्ति, तनहुँसुर पर्यटन मार्ग पूर्वाधार निर्माण, मानहुँकोट पूर्वाधार निर्माण, कृतिम ताल निर्माण परियोजना अन्तर्गत नारेश्वर ताल व्यास १० जस्ता परियोजनाहरु अगाडि सारेर व्यास नगरपालिका दीर्घकालीन सोंचका साथ पर्यटन विकासमा अगाडि बढेको छ ।

मादी र सेती नदीको संगमस्थल भन्दा १५० मिटर अघि मादी नदीको पश्चिमतर्फ पराशर ऋषिको आश्रम सोही नदीको पूर्वपट्टि व्यास गुफा अवस्थित छ । महर्षि पराशरको तपोभूमि तथा वेदव्यासको जन्मभूमि दमौलीले वास्तवमा एउटा सिङ्गो इतिहास बोकेको छ । यति मात्र होइन यिनै कथासँग गाँसिएको दमौलीबाट करिब १० कि.मि. उत्तरमा रहेको पाथरघाट (पराशर ऋषिको अर्को आश्रम), ७ कि.मि. पूर्वतर्फ छाब्दी बाराही, पश्चिमतर्फ करिब ३ घण्टा उकालै उकालो हिंडेपछि पुग्न सकिने मानहुँकोट र त्यहाँबाट अवलोकन गर्न सकिने सूर्योदय र सूर्योस्तका दृश्य, पाटनको वनस्पति उद्यान, तनहुँ कालिका जंगल पार्क, विभिन्न जातजाति तथा धर्मावलम्बीहरुद्वारा निर्मित मठ, मन्दिर, गुम्बा, मस्जिद तथा संग्रहालयहरु, बाह्रै महिना अवलोकन गर्न पाइने विभिन्न चाडपर्व र साँस्कृतिक कार्यक्रमहरु, नजिकैको भानुघाँसी पार्क आदिले वास्तव मै दमौलीलाई विविधतायुक्त बनाएको छ । काठमाडौंबाट पृथ्वी राजमार्ग हुँदै १५० कि.मि.पश्चिम र पोखराबाट ५० कि.मि. पूर्वमा अवस्थित वेदव्यासको जन्मभूमि दमौलीलाई पर्यटकीय हवको रूपमा विकास गरी समग्र व्यास पराशरक्षेत्र (शास्त्र, वेद, पुराण तथा विभिन्न विद्वानहरुका अभिव्यक्ति अनुसार चेदी देश/चुँदी, यमुना नदी/मादी, सरस्वती नदी/सेती, पराशर आश्रम, पारकोट/पुरकोट, पराशरघाट/पाथरघाट, मत्स्यगन्धा/सत्यवती, छाब्दी वाराही आदि) को ऐतिहासिक, धार्मिक, साँस्कृतिक, प्राकृतिक एवं जैविक विविधताको व्यापक खोज तथा अध्ययन अनुसन्धान गर्नका लागि यस नगरपालिका अत्यन्त उपयुक्त स्थानको रुपमा समेत रहेको छ ।

पूर्व, पश्चिम, उत्तर, दक्षिण चारै दिशाबाट अध्ययन गर्दा नेपालको मध्य विन्दुमा अवस्थित दुलैपानी क्षेत्र यसै नगरपालिकाको वडा नं.७ मा पर्दछ । जसका कारण पनि व्यास नगरपालिकाको महत्व पर्यटकीय दृष्टिकोणबाट झनै उच्च रहेको पाइन्छ । यो क्षेत्र पर्यटकीय स्थल पोखरा, चितवन र अन्नपूर्ण सर्किटको पनि बीच भागमा अवस्थित छ । पराशर ऋषिको तपोभूमि, वेदव्यासको जन्मभूमि, ऐतिहासिक स्थल तनहुँसुर, पवित्र धार्मिक स्थलहरु छाब्दी वाराही, क्यामिन कालिका, भगवतीपानी, राजापानी महादेव, गुम्बा, चर्च, मस्जिद, क्होइबो आदि पर्दछन् । यसैगरी सम्भावित साँस्कृतिक ग्राम तथा होमस्टेहरु पर्दछन् ।

<u>नगरपालिकामा पहिचान भएका तथा सम्भाव्य प्रमुख पर्यटकीय प्रकार एवं उपजहरुः</u>

| | | | | | |
|---|---|---|---|---|---|
| १. | ग्रामिण पर्यटन | २. | पदयात्रा पर्यटन | ३. | धार्मिक पर्यटन |
| ४. | जलयात्रा पर्यटन | ५. | प्याराग्लाइडिङ | ६. | रक क्लाइम्बिङ |
| ७. | माउन्टेन बाइकिङ | ८. | साँस्कृतिक पर्यटन | ९. | कृषि पर्यटन |
| १० | शैक्षिक पर्यटन | ११ | व्यवसायिक पर्यटन | १२ | खेल तथा मनोरञ्जन पर्यटन |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | वन तथा पर्या पर्यटन | १४ | गुफा भ्रमण | १५ | मानव निर्मित बाँध तथा तालहरु |
| १६ | स्थानीय अर्गानिक खाना | १७ | पार्क तथा क्याम्प साइटहरु | १८ | ऐतिहासिक/पुरातात्विक सम्पदा |
| १९ | प्राकृतिक सौन्दर्य, दृश्यावलोकन तथा चलचित्र पर्यटन आदि । | | | | |

**दर्ता गरी सञ्चालनमा रहेका होमस्टेहरु**

(क) तनहुँसुर सामुदायिक होमस्टे, व्यास -११, तनहुँसुर (ख) देवस्थल सामुदायिक होमस्टे, व्यास -११, तनहुँसुर
(ग) कालीडाँडा सामुदायिक होमस्टे, व्यास -१० (घ) कुलुङ सामुदायिक होमस्टे, व्यास -१४
(ङ) केशवटार सामुदायिक होमस्टे, व्यास -१४ (च) जौवारी सामुदायिक होमस्टे, व्यास -९
(छ) आँपश्वाँरा दलित सामुदायिक होमस्टे, व्यास -१३ (ज) दुम्सी नमूना ग्राम दरै सामुदायिक होमस्टे, व्यास -१०

**पर्यटन व्यवस्थापन एवं सुदृढीकरण सम्बन्धी सञ्चालनका भएका कार्यक्रमहरु**

१. होमस्टे व्यवस्थापन समितिका लागि अभिमुखीकरण कार्यक्रम,
२. पर्यटन व्यवसायीहरुका लागि व्यास नगरपालिकाको पर्यटन विकास सम्बन्धी वर्तमान अवस्था, सम्भावना, अवसर र चुनौति विषयक अन्तरक्रिया कार्यक्रम,
३. पर्यटकीय गन्तव्य तथा उपजहरु समावेश गरी पुस्तिका प्रकाशन कार्य,
४. पर्यटन प्रवर्द्धनका लागि परिचयात्मक भ्रमण कार्यक्रम (FAM Trip),

**उद्योगः**

व्यास नगरपालिका क्षेत्रभित्र ठूला प्रकृतिका चुनढुङ्गा उद्योगदेखि स्लेट ढुङ्गा तथा घरेलु प्रकृतिका स-साना उद्योगहरु समेत रहेका छन् । जथाभवी छरिएर रहेका ढुङ्गा कटिङ्ग उद्योगहरुलाई एकीकृत गर्ने प्रयास भइरहेको छ । एकीकृत उद्योग विकासलाई अगाडि बढाउने क्रममा औद्योगिक ग्रामको स्थापनाका लागि संघ र प्रदेश सरकारसँग निरन्तर प्रयत्न भइरहेको छ । मनोमानी तवरले सञ्चालनमा रहँदै आएका उद्योगहरुलाई कानुनी तथा करको दायरामा ल्याउने कार्य निरन्तर हुँदै आएको छ ।

**उद्योग सम्बन्धी भएका थप प्रयासहरुः**

१. अव्यवस्थित रूपमा सञ्चालन गरिँदै आएको स्लेट ढुंगा उत्खनन् र कटिङ उद्योगहरुलाई व्यवस्थित गर्नका लागि अति आवश्यक देखिएकोले त्यस सम्बन्धी उद्योगहरुलाई प्रक्रिया पुरा गरी नगरपालिकामा दर्ता गराई नियमन गर्ने उद्देश्यले व्यास नगरपालिका स्लेट ढुंगा उत्खनन तथा कटिङ उद्योग सञ्चालन कार्यविधि, २०७७ निर्माण गरी लागू गरिएको छ । साथै सम्बन्धित उद्योग सञ्चालकहरुसँग चरणबद्ध रूपमा छलफल गरी दर्ताका लागि समय सीमा निर्धारण गरी दर्ता प्रक्रियामा नियमन गरिएको छ ।
२. विभिन्न ठूला तथा साना उद्योगहरुको अनुगमनको कार्यहरु निरन्तर गरिनुका साथै उद्योगहरुको व्यवस्थापन र सञ्चालन प्रक्रियामा सहजीकरण र सहयोग गरिँदै आएको छ ।
३. **गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा)** (Micro Enterprise Development For Poverty Allevation- MEDPA) कार्यक्रम सञ्चालनका लागि यस आर्थिक वर्षमा वडा नं.१३ र १४ छनोट गरिएको छ । सामाजिक परिचालनको माध्यमबाट सम्भावित उद्यमीहरु छनोट गरी उद्यमशीलता विकास तालिम प्रदान गरिएको छ । प्राविधिक सिप विकास तालिमको लागि आवश्यक कार्यहरु सहित यस वर्षको कार्य योजना बमोजिम गतिविधिहरु अगाडि बढाइएको छ ।
४. **निर्माण व्यवसाय इजाजत पत्र दर्ता तथा नवीकरणः** सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शीता, स्वच्छता, इमान्दारिता, जवाफदेहिता, विश्वसनीयता तथा भेदभाव रहित प्रतिस्पर्धालाई संस्थागत गरी निजी क्षेत्रको सहभागितालाई विश्वसनीय बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०), दफा १०२ (२) र व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी व्यास नगरपालिकाले घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र नियमन गर्ने कार्यविधि २०७७ बनाई लागु गरेको छ । उक्त कार्यविधि अनुसार नगरपालिका क्षेत्रभित्र ६० वटा घ वर्गको निर्माण व्यवसाय दर्ता एवं नवीकरण भई सञ्चालनमा रहेका छन्:

# बैरेनी जग्गा एकीकरण आयोजना

इन्जिनियर सातौं श्री रविन्द्रलाल मुल
जग्गा विकास आयोजना

बैरेनी जग्गा एकीकरण आयोजना व्यवस्थित शहरी विकासका लागि व्यास नगरपालिकाद्वारा २०७७ साल माघ महिनामा भूकम्प प्रविधि राष्ट्रिय समाज, नेपाल (एनसेट) को प्राविधिक सहयोगमा सञ्चालन गर्ने निर्णय गरी काठमाडौ उपत्यका बाहिर तथा गण्डकी प्रदेशमा नै पहिलो पटक प्रारम्भ गरिएको एउटा प्रयास हो । उक्त निर्णय बमोजिम व्यास नगरपालिका तथा एनसेटको केही कर्मचारीहरू समावेश गरी जग्गा एकीकरण आयोजना कार्यान्वयन इकाइको गठन भएको थियो । उक्त आयोजना कार्यान्वयन इकाइले व्यास १०, बैरेनी क्षेत्रको करिब १५०० रोपनी क्षेत्रफलमा आयोजनाको सम्भाव्यता अध्ययन गरेको थियो । यसै सिलसिलामा आयोजना सञ्चालन गर्न सम्भव देखिए पश्चात् प्रथम चरणमा पूर्वमा व्यास मार्गदेखि ५० मि., पश्चिममा मादी नदीले कटान गरी बनेको डिल, उत्तरमा बोटेनी खोल्सी र दक्षिणमा बोटेगाउँ जाने बाटो यति चार किल्लामा २५० लाभग्राही/उपभोक्ता रहने गरी ३५१ कित्ता नम्बर समेटिएको १,३२,८१४।२४ वर्ग मिटर (२६१ रोपनी) क्षेत्रफलमा आयोजना कार्यान्वयन गर्नका लागि आयोजनाको मस्यौदा योजना तयार गरी शहरी विकास मन्त्रालयमा पेश गरिएकोमा नेपाल सरकारबाट स्वीकृत भई २०७८/११/०२ गतेको राजपत्रमा प्रकाशित भएको थियो । व्यास नगरपालिका तथा उपभोक्ताको लगानी तथा नगर विकास कोषको ऋण सहयोगमा सञ्चालन हुन गइरहेको बैरेनी जग्गा एकीकरण आयोजना हाल कार्यान्वयन चरणमा प्रवेश गरेको हुँदा आयोजनाको सु-सम्पन्नताका लागि यो भूमि पुजन कार्यक्रम आयोजना गर्न लागिएको हो ।

हाल आयोजनाको प्रारम्भिक चरणको जग्गा सम्याउने तथा रिटेनिंग वाल निर्माण गर्ने कार्यका लागि ठेकेदार छनौट भई निर्माण कार्य सुरु भइसकेको छ । यसैगरी जग्गा योगदान तथा फिर्ता दिने नीति र जग्गा योगदान प्रतिशत तालिकाको मस्यौदा तयार भएको छ । साथै प्रत्येक जग्गाधनीहरूले गर्नु पर्ने योगदानको विस्तृत योगदान तालिका (Long Sheet) तथा चक्लाबन्दी नक्शा तयार गर्ने कार्य जारी छ ।

**आयोजना अनुमानित लागत :रु.१३,००,७२,१६५।०३**

| | |
|---|---|
| प्रारम्भिक चरणमा जग्गा सम्याउने तथा रिटेनिंगवाल निर्माण गर्ने कार्यका लागि | रु.८५,५८,९७०।४४ |
| दोस्रो चरणमाबाटो/ढल, कल्भर्ट तथा अन्य संरचनाको निर्माणका लागि | रु.१२,१५,१३,१९४।५९ |

- नगर विकास कोषसँग भएको सम्झौता बमोजिम कुल आयोजना खर्चको ७०% रकम नगर विकास कोषबाट ऋण प्रवाह हुने र बाँकी ३०% रकम व्यास नगरपालिकाद्वारा व्यहोरिने गरी आयोजना सञ्चालन गरिने छ । उक्त ऋण जग्गाधनीहरुले पूर्वाधार निर्माणका लागि गरेको योगदानबाट छुट्टाइएको सेल्स प्लट बिक्री गरी चुक्ता गरिने छ ।

**आयोजनाका पूर्वाधार/भौतिक संरचना:**

| | | |
|---|---|---|
| १. | सडक/ढल | ८ मि., ७ मि. तथा ६ मि. चौडाईको करीब ३.५ कि.मि. बाटो तथा ढल निर्माण गरिने |
| २. | स्ल्याब कल्भर्ट | आयोजना क्षेत्रमा एउटा कल्भर्ट निर्माण गरिने |
| ३. | गेबियन रिटेनिंग वाल | आयोजनाको उत्तरी भिरालो जग्गामा सुरक्षित घडेरी प्रस्ताव गर्न ग्याबियन वाल निर्माण गरिने |
| ४. | विद्युत प्रसारण लाइन तथा पोल | नेपाल विद्युत प्राधिकरण तनहुँ वितरण केन्द्रसँग लागत साझेदारीमा निर्माण गरिने |
| ५. | ढल व्यवस्थापन | आयोजना क्षेत्रको ढललाई सुरक्षित तवरले व्यवस्थापन गर्न अन्य संरचनाको निर्माण गरिने |

# घर नक्सा पास सम्बन्धी गतिविधि

इन्जिनियर सातौं श्री अमृत के.सी.
घर नक्सा शाखा

यस नगरपालिकाको स्थापनाकालदेखि नगर क्षेत्रमा निर्माण हुने संरचनाहरूको नियमित नक्सा पास प्रकृया सुरू भयो । व्यास नगरपालिकामा भूकम्पीय जोखिम न्यूनीकरण तथा सुरक्षित संरचना निर्माण सम्बन्धी क्रियाकलापहरु वि.स.२०५९ देखि नै शुरु भएको हो भने वि.सं. २०६८ सालदेखि भवन संहिता लागू भई निरन्तर सुरक्षित घर निर्माणका प्रयासहरु भइरहेको छ । सुरक्षित समुदाय निर्माणको उद्देश्यका साथ व्यास नगरपालिकाले वि.सं. २०५९ मा नगरपालिकाको घरहरुको सर्वेक्षण पछि भूकम्प परिदृष्य तयार गरेको छ । यसले नगर क्षेत्रभित्र बन्ने घरहरु बलियो बन्नै पर्छ भन्ने जागरूकता स्थानीयमा पैदा गऱ्यो । वि.सं.२०६८ सालमा व्यास नगरपालिकाले भवन संहिता कार्यान्वयन गर्ने निर्णय गर्यो । त्यसपछि नगरपालिकाले घर नक्सा शाखाको आयोजनामा हरेक वर्ष माघ २ गते भूकम्प सुरक्षा दिवस मार्फत सचेतनाका गतिविधिहरु सञ्चालन गर्दै आएको छ । भवन संहिता कार्यान्वयनको क्रममा व्यास नगरपालिका घर नक्सा शाखाले वि.सं.२०६८ सालदेखि नै डकर्मी तालिम, इन्जिनियर तालिम, ठेकेदार तालिम, सामुदायिक अभिमुखीकरण र घरधनीहरुलाई सचेतनाका कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ ।

सबै तयारी पूरा गरी नगरपालिकाको घर नक्सा शाखाले संरचना निर्माण प्रकृयामा तालिम प्राप्त डकर्मी तथा ठेकेदारहरुको संलग्नता होस् भन्ने हेतुले लाइसेन्स प्रणाली लागू गरेको छ । यसै गरी २०७२ सालमा भवन निर्माण अनुमति प्रक्रियाको कार्यविधि तयार गरी लागू भयो, जसमा नक्सा र भवन निर्माणको निरीक्षणका लागि चेक लिस्टहरु छन् । वि.सं.२०७३ सालमा परामर्शदाता मार्फत फिल्डमा निर्माणाधीन घरहरुको निरीक्षण गराउने र फोटो खिचेर पठाउनुपर्ने कार्यको शुरुवात भयो । हालसम्म नगरपालिका क्षेत्रमा १०० भन्दा बढी प्राविधिकहरु, ५०० भन्दा बढी डकर्मीहरु र ८० भन्दा बढी ठेकेदारहरुले भूकम्प प्रतिरोधि भवन निर्माणको लागि दक्षता अभिवृद्धि तालिम प्राप्त गरेका छन् । वि.सं.२०७८ मा आएर भवन निर्माण अनुमति प्रक्रिया तथा भवन निर्माण सुपरिवेक्षण जाँच गर्ने कार्यलाई अझ व्यवस्थित, वैज्ञानिक र चुस्त बनाउनको लागि भवन निर्माण अनुमति प्रक्रियाको सफ्टवेयरको प्रयोग गरिएको छ ।

नगरपालिकाको घर नक्सा शाखाले डकर्मी तथा परामर्शदाताहरुको गतिविधिलाई समेत अनुगमन गरी गलत कार्यलाई दण्ड सजायको परिधि भित्र ल्याउने समेत कार्य गरेको छ । हालसम्म आउँदा नगरपालिकामा वर्षमा सरदर ४०० देखि ५०० वटासम्म भवनहरु निर्माण हुने गरेकोमा ती मध्ये ८०-८५% भवनहरु निर्माण संहिता तथा मापदण्ड पालना गरेर बन्न थालेका छन् ।

भवन अनुमति भनेको स्थानीय सरकारी निकायद्वारा जारी गरिएको कानुनी कागजात हो, जसले व्यक्ति वा संस्थाहरूलाई निश्चित क्षेत्रमा निर्माण परियोजनाहरू सञ्चालन गर्न अनुमति दिन्छ । घर नक्सा शाखा भवन निर्माण अनुमति आवेदनहरू प्रशोधन र अनुमोदन गर्ने जिम्मेवार शाखा हो । घर नक्सा शाखाको प्राथमिक जिम्मेवारी भनेको निर्माण परियोजनाहरू सबै लागू हुने भवन संहिताहरू, क्षेत्र निर्धारण नियमहरू र अन्य स्थानीय अध्यादेशहरूको पालना गरी सुनिश्चित गर्नु हो । यसमा भवन निर्माण योजना र स्पेसिफिकेशनहरूको समीक्षा गर्ने, अनुमतिहरू जारी गर्ने र अनुमोदित निर्माण योजनाहरू अनुसार निर्माण कार्य भइरहेको छ कि छैन भनेर निरीक्षण गर्ने कार्य समावेश रहन्छ ।

घर नक्सा शाखाले परामर्शदाता इन्जिनियरहरू, निर्माणकर्ताहरू र घरधनीहरूलाई उनीहरूको भवन निर्माण योजनाहरू र अनुमति आवेदनहरूको तयारीमा मार्गदर्शन र सहयोग पनि प्रदान गर्दछ। थप रूपमा यसले भवनहरू सुरक्षित छन् र भूकम्प, आगलागी जस्ता प्राकृतिक विपत्ति उपर रहेका सुरक्षा नियमहरूको पालना गर्दछन् भने सुनिश्चित गर्न सो सम्बन्धी अन्य शाखा, निकाय, जनप्रतिनिधि तथा सोधकर्ता साथसाथै परामर्शदाता इन्जिनियरहरू, निर्माणकर्ताहरू र घरधनीहरूसँग समय समयमा छलफल तथा अन्तरकृया गर्ने गर्दछ। समग्रमा, घर नक्सा शाखाले निर्माण परियोजनाहरू सुरक्षित, संरचनात्मक रूपमा स्वस्थ र लागू हुने सबै नियमहरूको पालना सुनिश्चित गर्ने कार्यमा भूमिका खेल्दछ।

कुनै पनि नगरपालिकामा घर नक्सा शाखाको भूमिका आफ्नो क्षेत्राधिकार भित्र निर्माण गतिविधिलाई नियमन र निरीक्षण गर्नु हो। यहाँ घर नक्सा शाखाका केही नियमित कार्यहरू र जिम्मेवारीहरू उल्लेख गरिएको छ।

**नक्सा चेकजाँच, दर्ता तथा सर्जमिन:** घर नक्सा शाखाले नगरपालिकामा प्रेसित नक्सा चेकजाँच तथा दर्ता गरी सँधियाराको नाममा सूचना जारी गर्ने तथा सम्बन्धित जग्गामा गई फिल्ड सर्जमिन गर्ने कार्य गर्दछ।

**नक्सा र निर्माण अनुमतिहरूको समीक्षा र जारी गर्ने:** घर नक्सा शाखामा सबै सान्दर्भिक भवन कोडहरू, क्षेत्र निर्धारण नियमहरू र अन्य स्थानीय अध्यादेशहरू पूरा गरेको सुनिश्चित गर्न भवन निर्माण योजनाहरू र विशिष्टताहरूको समीक्षा गर्न जिम्मेवार छ। भवन निर्माण योजनाहरू स्वीकृत भएपछि, भवन निर्माण घर नक्सा शाखाले निर्माण सुरु गर्न आवश्यक अनुमतिहरू जारी गर्दछ।

**निर्माण प्रक्रियाको बखत निरीक्षण तथा अनुगमन:** निर्माण प्रक्रियाको बखत, घर नक्सा शाखाले अनुमोदित भवन निर्माण योजनाहरू अनुसार काम भइरहेको छ र सबै सान्दर्भिक संहिता र नियमहरूको पालना गरेको छ भनी सुनिश्चित गर्न निरीक्षण गर्छ। निरीक्षणहरू सामान्यतया निर्माणको विभिन्न चरणहरूमा हुन्छन्, जस्तै फाउन्डेशन, फ्रेमिङ, विद्युतीय, प्लम्बिङ, र अन्तिम निरीक्षण।

**भवन निर्माण संहिता र नियमहरू लागू गर्ने:** घर नक्सा शाखाले आफ्नो क्षेत्राधिकार भित्रका सबै लागू हुने भवन संहिता र नियमहरू लागू गर्न जिम्मेवार हुन्छ। यसमा भवन संहिता तथा मापदण्ड उल्लङ्घनका साथै जग्गा तथा सँधियारा खिचलोसँग सम्बन्धित उजुरीहरूको छानबिन गर्ने र समाधान गर्ने, आवश्यकता अनुसार विवाद सम्बन्धी सूचना जारी गर्ने र आवश्यक पर्दा कारबाही समेत गर्ने गर्दछ।

**निर्देशन र सहायता प्रदान:** घर नक्सा शाखाले परामर्शदाता, इन्जिनियरहरू, निर्माणकर्ताहरू र घरधनीहरूलाई उनीहरूको भवन निर्माण योजनाहरू र अनुमति आवेदनहरू तयार गर्न तथा लागू भएका नियमहरू पालना गर्न निर्देशन र सहयोग पनि प्रदान गर्दछ।

- घर नक्सा शाखाले मोबाइल क्लिनिक, घरधनी अभिमुखीकरण तालिम जस्ता कार्यक्रमहरू प्रत्येक १५/१५ दिनको फरकमा गर्दै आइरहेको छ भने यस आर्थिक वर्ष देखि निःशुल्क नक्सा कार्यक्रम लागू गरेको छ।

**समग्रमा**, घर नक्सा शाखाले निर्माण परियोजनाहरू सुरक्षित र वैधानिक ढंगले सञ्चालन हुने र त्यसले नगरपालिकाको समग्र विकास र वृद्धिमा योगदान पुऱ्याउने कुरा सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेल्छ।

# स्वास्थ्य तथा जनसंख्या सम्बन्धी गतिविधिहरु

जनस्वास्थ्य अधिकृत श्री प्रमोद सोती
स्वास्थ्य तथा जनसंख्या शाखा

## (क) स्वास्थ्य सेवा कार्यक्रमबाट भएका मुख्य मुख्य उपलब्धिहरुः

व्यास नगरपालिका अर्न्तगत रहेका १ वटा अस्पताल, २६ वटा सरकारी स्वास्थ्य संस्था, ३ वटा आयुर्वेद औषधालयहरु, ५२ वटा खोप केन्द्र, २३ वटा गाँउघर क्लिनिक र १०५ जना राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविकाहरुबाट आधारभूत स्वास्थ्य सेवा अर्न्तगत रहेर नियमित प्रबर्द्धनात्मक, प्रतिकारात्मक र उपचारात्मक स्वास्थ्य सेवाहरु उपलब्ध हुँदै आएको छ । व्यास नगरपालिकाको स्वास्थ्य सेवाको मुख्य सूचकहरुको उपलब्धिहरु निम्नानुसार रहेको छ ।

| सि.नं. | मुख्य मुख्य उपलब्धि/नतिजा सूचक | इकाई | परिमाण (आ.व.) | |
|---|---|---|---|---|
| | | | ०७८।७९ | ०७९।८० |
| १ | बि.सि.जी. खोप पाएका बच्चाहरु (१ वर्ष मुनिका) | जना | ८२३ | ५८५ |
| २ | डिपिटी तेस्रो खोप पाएका बच्चाहरु (१ वर्ष मुनिका) | ,, | ८२३ | ७७६ |
| ३ | पिसिभि तेस्रो खोप पाएका बच्चाहरु (१ वर्ष मुनिका) | ,, | ११०२ | ७८४ |
| ४ | पहिलो दादुरा खोप पाएका बच्चाहरु (९ देखि ११ महिना) | ,, | ११५५ | ७८४ |
| ५ | जेइ खोप पाएका बच्चाहरु (१२ देखि २३ महिना) | ,, | ११५५ | ८४२ |
| ६ | टिडि टु र टिडि टु प्लस खोप पाएका गर्भवती महिलाहरु | ,, | १२४६ | ७०१ |
| ७ | ४ पटक प्रोटोकल अनुसार गर्भवती जाँच | ,, | ८९२ | ५१६ |
| ८ | सुत्केरी महिलाहरुलाई प्रोत्साहन र यातायात सुविधा | ,, | ५५७ | ३०३ |
| ९ | १८० आइरन चक्की पाएका गर्भवती महिला | ,, | ८९२ | ५१६ |
| १० | पहिलो पटक गर्भ जाँच गरेका महिला | ,, | ११४४ | ८०६ |
| ११ | प्रोटोकल अनुसार सुत्केरी जाँच गरेका | ,, | ३९२ | १५९ |
| १२ | लगातार कण्डम प्रयोगकर्ताहरु | ,, | ३१२ | २१० |
| १३ | लगातार पिल्स प्रयोगकर्ताहरु | ,, | २९६ | २५० |
| १४ | लगातार डिपो प्रयोगकर्ताहरु | ,, | ४६२ | ४५३ |
| १५ | लगातार आइयुसिडि प्रयोगकर्ताहरु | ,, | ६६५ | ६७० |
| १६ | लगातार इम्प्लान्ट प्रयोगकर्ताहरु | ,, | ६३४ | १०५१ |
| १७ | बहिरङ्ग सेवा पाएका नयाँ बिरामीहरु | ,, | ८३९८० | ७४१८५ |
| १८ | झाडा पखला लागेका ५ वर्ष मुनिका बालबालिका | प्रति हजारमा | १३३ | ७३ |
| १९ | श्वास प्रश्वास रोग लागेका ५ वर्ष मुनिका बालबालिका | प्रति हजारमा | ३२१ | १८९ |
| २० | क्षयरोगका नयाँ बिरामी | जना | ७१ | ५२ |
| २१ | क्षयरोगको उपचार पुरा गरेका | ,, | ५७ | ३१ |
| २२ | भि.आई.ए. जाँच शिविर सञ्चालन | ,, | ४२५ | ९२१ |
| २३ | पहिलो पटक वृद्धि अनुगमन गरेका बालबालिकाको संख्या | ,, | १७६६ | १३०९ |

| | | | | |
|---|---|---|---|---|
| २४ | पूर्ण स्तनपान गरेका बालबालिकाहरु | ,, | ७६० | २७० |
| २५ | भिटामिन ए प्राप्त गरेका ६ देखि ५९ महिना सम्मका | ,, | १२५५८ | ११५०६ |
| २६ | बृहत पोषण प्याकेज सम्बन्धी तालिम प्राप्त गरेका | ,, | ७२ | ० |

**(ख) अन्य गतिविधिहरुः**

नियमित रुपमा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनुको साथसाथै स्वास्थ्य सेवालाई थप सुधार गरी स्वास्थ्य सेवालाई हरेक नागरिकहरुमा सहज पहुँच बनाउनका लागी स्वास्थ्य शाखाले अन्य विविध कार्यहरु समेत गर्दै आइरहेको छ । जस अन्तर्गत औषधी खरिद, रिक्त दरबन्दीमा कर्मचारी भर्ना, कर्मचारीहरुलाई तालिममा सहभागी, विभिन्न कार्यक्रमहरुको समीक्षा, महिलाहरुको पाठेघरको मुखको क्यान्सर सम्बन्धी स्वास्थ्य शिविर, क्षयरोगको जोखिम समूहमा खकार संकलन तथा परीक्षण लगायत निम्न अनुसारको कार्यहरु गर्दै आइरहेको छ :

- स्वास्थ्य संस्था स्तरीय वार्षिक समीक्षा गोष्ठी सम्पन्न,
- स्वास्थ्य संस्था स्तरीय पोषण सम्बन्धी समीक्षा कार्यक्रम सम्पन्न गरी योजना तर्जुमा गरिएको,
- स्वास्थ्य संस्थाहरुको मासिक नियमित बैठक तथा समीक्षा कार्यक्रमहरु सञ्चालन गरिदैं आएको,
- स्वास्थ्य संस्थाहरुको लागि अत्यावश्यक औषधी तथा सर्जिकल सामग्रीहरुका खरिद तथा नियमित आपूर्ति,
- ६ महिनादेखि ५ वर्षसम्मका बालबालिकाहरुलाई पहिलो चरणको राष्ट्रिय भिटामिन ए तथा जुकाको औषधी वितरण कार्यक्रम सम्पन्न,
- सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका दिवससँगै म.स्वा.स्व.से. सम्मान कार्यक्रम सम्पन्न,
- नगरपालिका भित्रका स्वास्थ्यकर्मीहरुलाई विभिन्न जिल्ला तथा प्रदेश स्तरीय तालिमहरु (SBA, MLP, IHMIS, DHIS2) उपलब्ध गराइएको,
- नगरपालिका अन्तर्गतका ७ वटा स्वास्थ्य संस्थाका कर्मचारीहरुको क्षमता अभिवृद्धि,
- पूर्ण खोप घोषणाका लागी सम्पूर्ण स्वास्थ्यकर्मी तथा नगरपालिका स्तरीय खोप समन्वय समितिहरुलाई अभिमुखीकरण सम्पन्न,
- व्यास नगरपालिका अर्न्तगत सञ्चालन गरिएको एकीकृत घुम्ती सेवा कार्यक्रममा १,९०० जना महिला र १,०६२ जना पुरुष गरी जम्मा २,९६२ जनालाई स्वास्थ्य सेवा प्रदान गरेको छ । जस अर्न्तगत २,४०२ जनाको सुगर परीक्षण, ९२१ जनाको पाठेघरको मुखको क्यान्सर परीक्षण, ८४ जनाको स्तनको क्यान्सर परीक्षण, १६९ जनाको खकारबाट क्षयरोग परीक्षण गरिनुका साथै १४ जनालाई आ.यु.सि.डी.सेवा, ११ जनालाई इम्प्लाण्ट सेवा, ६६ जनाको आङ्ग खस्ने समस्याको उपचार र बाँकी सबै जनालाई आवश्यकता अनुसारको औषधी उपचार सेवा प्रदान गरिएको छ,
- व्यास नगरपालिकाको ८२ जना महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई आँखा, नाक, कान, घाँटी तथा मुख स्वास्थ्य सम्बन्धी अभिमुखीकरण सम्पन्न ।

# दरबन्दी विवरण

अधिकृत सातौं श्री रामचन्द्र हड्खले
प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा

२०४८ चैत्र गतेको तत्कालीन सरकारको निर्णयले गठन भएको व्यास नगरपालिका विभिन्न आरोह अवरोह पार गर्दै आजसम्म आइपुग्दा देश संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संघीय संरचनामा संरक्षित छ। राज्य पुनर्सरचनाकै सिलसिलामा नेपाल सरकारले ७५३ स्थानीय तहको निर्माण गरेको छ । स्थानीय तहको जनसंख्याका आधारमा संघीय सरकारबाट कर्मचारी दरबन्दी संख्या तोकेर पठाएको थियो । जसको संख्यात्मक विवरण देहाय बमोजिम रहेको छ।

**७५ हजारभन्दा बढी जनसंख्या भएको नगरपालिकाको संगठन संरचना (२६ वटा) दरबन्दी तेरीज**

| क.सं. | पद, नाम | श्रेणी/तह | प्रा. | अ.प्रा. | जम्मा |
|---|---|---|---|---|---|
| **मुल कार्यपालिका तर्फः** | | | | | |
| १. | प्रमुख प्रशासकीय अधिकृत ( उपसचिव) | रा.प.द्धितीय | ० | १ | १ |
| २. | सि.डि. इन्जिनियर | रा.प.द्धितीय (प्रा.) सिभिल, जनरल, बि.आ., स्यानिटरी) वा अधिकृत नवौं/दशौं | १ | ० | १ |
| ३. | शाखा अधिकृत | रा.प.तृतीय शिक्षा/प्रशासन/कानून) वा अधिकृत सातौं/आठौं | ० | ३ | ३ |
| ४. | जनस्वास्थ्य अधिकृत/ब.म.वि.अ./म.वि.अ. | अधिकृत सातौं/आठौं/नवौं वा रा.प.तृतीय (विविध) | १ | ० | १ |
| ५. | शाखा अधिकृत/उद्योग अधिकृत | रा.प.तृतीय (कृषि/उद्योग) वा अधिकृत सातौं/आठौं | १ | १ | २ |
| ६. | लेखा अधिकृत | रा.प.तृतीय (लेखा) | ० | १ | १ |
| ७. | आन्तरिक लेखा परीक्षण अधिकृत | रा.प.तृतीय (लेखा)/अधिकृत सातौं/आठौं | ० | १ | १ |
| ८. | इन्जिनियर | रा.प.तृतीय (प्रा.) सिभिल, जनरल, बि.आ., स्यानिटरी, सिँचाई, हाइ वे) वा ईन्जिनियर सातौं/आठौं | ३ | ० | ३ |
| ९. | सूचना प्रविधि अधिकृत | अधिकृत छैठौं (प्रा.) | १ | ० | १ |
| १०. | जनस्वास्थ्य निरीक्षक | अधिकृत छैठौ/सातौं | १ | ० | १ |
| ११. | नायब सुब्बा | रा.प.अनं.प्रथम वा अधिकृत छैठौं/सहायक पाँचौं | ० | १२ | १२ |
| १२. | नायब सुब्बा (न्याय) | रा.प.अनं. प्रथम वा अधिकृत छैठौं/सहायक पाँचौं | ० | २ | २ |

| | | | | | |
|---|---|---|---|---|---|
| १३. | प्राविधिक सहायक (शिक्षा) | रा.प.अनं. प्रथम वा अधिकृत छैठौं/सहायक पाँचौं | ० | १ | १ |
| १४. | म.वि.नि./स.म.वि.नि. वा खरिदार | रा.प.अनं. प्रथम/सहायक पाँचौं वा खरिदार/सहायक चौथो | ० | २ | २ |
| १५. | रेन्जर/नायब सुब्बा | रा.प.अनं.प्रथम (प्रा.बन) वा अधिकृत छैंठौं/सहायक पाँचौं | १ | ० | १ |
| १६. | लेखापाल | रा.प.अनं.प्रथम वा अधिकृत छैठौं/सहायक पाँचौं | ० | १ | १ |
| १७. | सब-इन्जिनियर | रा.प.अनं.प्रथम (प्रा.जनरल, सिँचाई, हाई वे) वा ईन्जिनियर छैठौं/सहायक पाँचौं | ४ | ० | ४ |
| १८. | सव इन्जिनियर | रा.प.अनं.प्रथम (प्रा.जनरल, बिल्डिङ्ग आर्किटेक्ट) वा ईन्जिनियर छैठौं/सहायक पाँचौं | २ | ० | २ |
| १९. | सर्भेक्षक | रा.प.अनं.प्रथम (प्रा.) वा सहायक पाँचौं (प्रा.) | १ | ० | १ |
| २०. | सह-लेखापाल | सहायक पाँचौं/चौथो | ० | १ | १ |
| २१. | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम वा सहायक चौथो/पाँचौं | १ | ० | १ |
| | | प्रति नगर कार्यपालिका कर्मचारी संख्या | १७ | २६ | ४३ |
| | | ७५ हजारभन्दा बढी जनसंख्या भएको नगरपालिकाको संख्या | | २६ | |
| | | नगर कार्यपालिकाको जम्मा कर्मचारी संख्या | ४४ | ६७६ | १११८ |

नेपाल सरकारले दिएको कर्मचारी दरबन्दी अनुसार व्यास नगरपालिकाको भूगोल तथा जनसंख्यालाई आधार लिई सेवा प्रवाह उपलब्ध गराउँदा ज्यादै नै कठिनाई हुने भएको हुँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधिकार प्रयोग गर्दै व्यास नगरपालिकाद्वारा नगर प्रहरी, कार्यालय सहयोगी, कुचीकार र सवारी चालक समेतलाई समावेश गरी २२० जनाको कर्मचारी दरबन्दी कायम गरी सोही अनुसार संगठन व्यवस्थापन गरिएको छ र यसरी कायम गरिएको दरबन्दीलाई अनुमतिका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पेश गर्ने चरणमा रहेको छ । व्यास नगरपालिका पुरानो नगरपालिका भएको हुँदा यहाँ रहेको जनशक्तिको पद तथा तह र मन्त्रालयबाट प्राप्त भएको पद तथा तह अनुसार कर्मचारी दरबन्दी दाँजेर हेर्ने हो भने मन्त्रलयको दरबन्दी बमोजिम धेरै नै दरबन्दी फाजिलमा देखिन आउँछ । अतः नगरपालिकाले O & M गरी सभाबाट स्वीकृत गराई आफूले स्वीकृत गरे बमोजिमको तह र पद मिलान गरी सेवा प्रभाव दिंदै आइरहेको छ ।

# सूचना प्रविधि सम्बन्धी गतिविधिहरु

कम्प्युटर अधिकृत सातौं श्री गोकर्णराज वाग्ले
सूचना प्रविधि शाखा

व्यास नगरपालिकाको सूचना प्रणालीलाई व्यवस्थित र एकत्रित गरी अभिलेखीकरण गर्ने उद्देश्यका साथ २०५७ सालमा स्थापना भएको हो । कार्यालयका विभिन्न शाखा तथा उपशाखाहरुबाट उत्पादन भएका डाटा (प्रगति विवरण) लाई सूचना शाखा मार्फत नगरवासी सामु ल्याउनु यस शाखाको कर्तव्य रहेको छ । जसका लागि सम्पूर्ण शाखा तथा उपशाखाबाट सम्पादन भएका सम्पूर्ण कामहरुको प्रगति समयमा नै यस शाखा समक्ष उपलब्ध गराउनुपर्ने हुन्छ । हिजोका दिनमा जस्तो कागजी रुपमा अभिलेख राख्ने प्रचलन आज हराउँदै गएको छ किनकि आज सूचना प्रविधिले धेरै नै फड्को मारिसकेको छ । विश्वव्यापी रूपमा सूचना तथा सञ्चार प्रविधिको बढ्दो प्रयोगले सामाजिक अन्तरक्रिया तथा सामाजिक सेवा तथा सूचना प्रवाहमा आधारभूत परिवर्तन आएको छ । सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा निरन्तर विकास एवं गतिशील हुँदै जाँदा यसको नीतिगत चुनौतीहरु पनि सृजना भइरहेका छन् भने यस क्षेत्रको गतिशीलतालाई नीतिगत रूपले सम्बोधन गर्न देशमा हाल विद्यमान नीतिगत, संस्थागत तथा नियामक व्यवस्था पनि अपर्याप्त देखिएका छन् । नीतिगत व्यवस्थाको अभावमा पनि यस नगरपालिकाबाट हुने जनमुखी सेवा र सुविधामा उत्तरदायी भूमिका निर्वाह गर्दै पारदर्शी ढङ्गले सेवा प्रवाहका हेतुले कार्यसम्पादन सहज र सरल बनाउन सूचना प्रविधिको अधिकत्तम एवं उचित प्रयोग गर्दै आइएको व्यहोरा यहाँ अवगत गराउन चाहन्छु । यस शाखाबाट चालु आर्थिक वर्षमा सम्पादन गरिएका कार्यहरु देहाय बमोजिम रहेको छः

- नगरपालिकाबाट सम्पादन गरिएका कामहरुको मासिक, चौमासिक प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा समय मै पठाउनुका साथै वेवसाइटमा राख्ने,
- नगरपालिकाको लागि इमेल मार्फत प्राप्त पत्र परिपत्रहरु सम्बन्धित शाखा उपशाखामा प्रमुख प्रशासकीय अधिकृत मार्फत उपलब्ध गराउने,
- विदेश अध्ययन गर्न जाने विद्यार्थीहरुका लागि अंग्रेजी सम्बन्धी विभिन्न सिफारिसहरु तयार,
- नगरपालिकाको वेवसाइट दैनिक रूपमा सञ्चालन एवं अध्यावधिक गर्ने,
- नगरपालिकाको आधिकारिक सामाजिक सञ्जाल (फेसबुक, ट्विटर, युट्युब आदि) मा सूचना प्रवाह,
- नगरपालिका कार्यालय र सबै वडा कार्यालय जडान भएका इन्टरनेट सेवाको रेखदेख,
- हरेक वडा कार्यालयमा अडियो नोटिस वोर्ड (Audio Notice Board) स्थापना, इहाजिरी र सि.सि.क्यामेरा जडान एवं सञ्चालन,
- विभिन्न शाखामा आवश्यक पर्ने सफ्टवेयर/प्रणाली निर्माण गर्ने कार्य प्रकियामा रहेको,
- नगरपालिकालाई आवश्यक कानुनको मस्यौदा तयार गरी विधायन समिति मार्फत कार्यपालिका र नगर सभा समक्ष पेश गरी स्वीकृत भएपछि त्यस्ता ऐन, नियम, निर्देशिका आदि नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित गरी नगरपालिकाको वेवसाइटमा राख्ने,

आर्थिक वर्ष २०७९।०८० मा देहाय बमोजिमका कानुनहरु निर्माण भएका छन्:

| सि.नं. | विवरण | पारित मिति |
|---|---|---|
| १. | गर्भवती महिला पोषण कार्यक्रम कार्यविधि, २०७९ | २०७९।७।२२ |
| २. | एकल महिला तथा पुरुष सहयोग कार्यक्रम सम्बन्धी कार्यविधि, २०७९ | २०७९।७।२२ |
| ३. | मेलमिलाप केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ | २०७९।५।२२ |
| ४. | सवारी तथा यातायात व्यवस्थापन ऐन, २०७९ | २०७९।९।२९ |
| ५. | वातावरण तथा प्राकृतिक श्रोत संरक्षण ऐन, २०७९ | २०७९।९।२९ |
| ६. | शहरी योजना आयोग (गठन तथा सञ्चालन) ऐन, २०७९ | २०७९।९।२९ |
| ७. | संघ संस्था दर्ता तथा नियमन सम्बन्धी ऐन, २०७९ | २०७९।९।२९ |
| ८. | स्वास्थ्य सेवा ऐन, २०७९ | २०७९।९।२९ |
| ९. | वन ऐन २०७९ | २०७९।९।२९ |
| १०. | व्यास नगर प्रज्ञा प्रतिष्ठान ऐन, २०७९ | २०७९।९।२९ |
| ११. | व्यास नगर दीर्घ सेवा करार कर्मचारी प्रोत्साहन सम्बन्धी कार्यविधि, २०७९ | २०७९।१०।२२ |
| १२. | सहकारी संस्थालाई अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०७९ | २०७९।११।२३ |

# राजस्व प्रशासन परिदृश्य एवं सुधारको प्रयास

अधिकृत सातौं श्री कृष्णराज घिमिरे
राजस्व व्यवस्थापन शाखा

व्यास नगरपालिकाको शुरुका वर्षहरुमा आन्तरिक आयको अवस्था अत्यन्तै न्यून रहेको थियो भने वर्तमान अवस्थासम्म आइपुग्दा आन्तरिक आयले निकै नै प्रगति गरेको हामीले महशुस गरेका छौं तापनि यसैमा मात्रै हामी सन्तुष्टि हुने अवस्था भने छैन । व्यास नगरपालिकाले प्रदान गर्ने सेवा तथा सुविधामा वृद्धि, करका नयाँ क्षेहरुको पहिचान र विस्तार करदाताको अधिकारको संरक्षण र करसम्बन्धी विषयमा जनचेतना विस्तार जस्ता पक्षहरुमा सुधार गरी नगरपालिकाले नागरिकहरुको सबैभन्दा नजिकको सरकार अर्थात् स्थानीय सरकारको रुपमा स्थापित हुन सकिने प्रशस्त सम्भावनाहरुलाई वर्तमान अवस्थामा आत्मसाथ गरेको देखिन्छ । व्यास नगरपालिकाले हालसम्म गरेको संस्थागत प्रयासलाई हेर्ने हो भने नगरपालिका नीतिगत स्पष्टताका साथ अगाडि बढेको छ । तर पनि आन्तरिक आम्दानीमा महत्वपूर्ण टेवा पुग्ने घर वहाल कर, विज्ञापन कर, मनोरञ्जन कर, सवारी कर, पार्किङ्ग शुल्क, सरसफाई शुल्क जस्ता क्षेत्रहरुमा पूर्णरुपमा लागू गरी कार्यान्वयनमा ल्याउन सकेको छैन । तथा एकीकृत सम्पत्ति कर, व्यवसाय कर, मालपोत कर, प्राकृतिक साधन करको क्षेत्रमा भने सन्तोषजनक प्रगति हासिल गरेको छ ।

यसैगरी सेवा शुल्क र दस्तुरका क्षेत्रमा पनि नगरपालिकाको आन्तरिक आयले आशा लाग्दो रुपमा टेवा पुऱ्याएको छ । यसमा घर नक्शा पास दस्तुर तर्फको आम्दानी राम्रो भएपनि कोभिडको चपेटामा पर्नुका साथै जग्गा खरिद बिक्रीमा भएको रोकावट र बैंक तथा वित्तीय संस्थाहरुले गर्ने लगानीमा भएको कटौतीको कारणले गर्दा यसवर्ष आन्तरिक आयतर्फ केही गिरावट हुने देखिन्छ । राजस्व परिचालन अत्यन्त वृहत विषय बनिरहेको वर्तमान सन्दर्भमा यसको प्रशासन नगरपालिकाको एक्लो प्रयासबाट मात्र सम्भव नहुने हुनाले सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार अगाडि बढ्न जरुरी देखिन्छ । व्यास नगरपालिकाले राजस्वसँग सम्बन्धित सरोकारवाला र विभिन्न संघ सस्थाहरुसँगको समन्वय र सहकार्यलाई अगाडि बढाउन सकेको खण्डमा राजस्व प्रशासनमा थप सहयोग पुग्ने कुरामा दुईमत छैन ।

समयको क्रमसँगै सृजना हुने विकासको चुनौतीहरुलाई सम्वोधन गर्न र विद्यमान अवसरहरु उपयोग गर्न नगरपालिकाले सस्तो लोकप्रियताका लागि कमजोर राजस्व नीति तथा प्रशासन अवलम्बन गर्ने तर त्यसले नागरिकहरुको असिमित आवश्यकताहरु पुरा गर्नका लागि आवश्यक श्रोत साधन परिचालन गरी स्थानीय सरकारको रुपमा नागरिकहरु माझ स्थापित हुन कठिन बनाइरहेको छ । यसको ठिक विपरित करदातामैत्री राजस्व परिचालन नीति र कार्यक्रमको माध्यमबाट पारदर्शी ढंगबाट बढीभन्दा बढी राजस्व परिचालन गर्ने र सोहीअनुसार जनताहरुलाई आधारभुत शहरी सेवा सुविधाहरु सहज रुपमा उपलब्ध गराउने तर्फ अग्रसर हुनु नै आजको आवश्यकता हो । यसैले नगरपालिका सामु विद्यमान चुनौती र आम नगरवासीहरुको आवश्यकता, चाहना अनि आधारभूत सेवा सुविधाहरुको मागमा पर्न गएको दवावलाई सम्वोधन गर्न समयानुकुल नागरिकमैत्री राजस्व नीति, कार्यक्रम तथा परियोजनाहरु सञ्चालन गर्नु पर्ने देखिन्छ । करका दरहरुमा वृद्धि गर्नुभन्दा करको दायरा फराकिलो बनाउनु जरुरी छ । करको दायरामा नआएका करदाताहरुलाई दायरामा ल्याउने र करदाताहरुको विवरण अद्यावधिक गरी समय सापेक्ष करका दरहरुमा पनि समायोजन गर्न जरुरी हुन्छ । राजस्व प्रशासनलाई प्राथमिकतामा राखेर परियोजानागत रुपमा अगाडि बढ्न जरुरी देखिन्छ । आजको प्रविधिको विकाससँगैं करदाताहरुलाई कर तिर्नका लागि छिटो, सहज व्यवस्थाको लागि नगरपालिकाले आफ्नै एप निर्माण गरी करदाताहरुलाई सेवा उपलब्ध गराउनु सान्दर्भिक हुन्छ । करको दायरा बढाउनु, करको दायरामा आउन नसकेका करदाताहरुलाई दायरामा ल्याउने, आम्दानीका श्रोतहरुको पहिचान गरी आम्दानी वृद्धि हुने क्षेत्रलाई प्राथमिकता दिई अगाडि बढ्ने, राजस्व प्रशासनलाई चुस्त र दुरुस्त बनाउनको लागि जनशक्ति व्यवस्थापनलाई ध्यान दिने र समय समयमा कर्मचारीहरुलाई आवश्यकता अनुसार तालिमको व्यवस्था गर्ने, विभिन्न नगरपालिकाहरुले गरेका राम्रा कार्यहरुलाई आत्मसाथ गरी अगाडि बढ्न सकेको खण्डमा राजस्व प्रशासनलाई गतिशील बनाई आन्तरिक आयमा वृद्धि हुनेछ ।

# पशुपन्छी विकास सम्बन्धी गतिविधि

पशु विकास अधिकृत डा. मनोज विश्वकर्मा
कृषि, पशु विकास तथा सहकारी शाखा

व्यास नगरपालिकाको आर्थिक विकासको महत्वपूर्ण क्षेत्र मध्ये पशुपन्छी विकास क्षेत्र पनि एक हो । यस नगरपालिकाको बढ्दो गरिबी र वेरोजगारीको न्यूनीकरण गर्न पशुपन्छी क्षेत्रमा नगरपालिकाको लगानी बढाउनु पर्ने हुन्छ । परम्परागत, निर्वाहमूखी पशुपन्छी पेशालाई आधुनिक, आयमूलक, प्रतिष्पर्धि र व्यवसायिक बनाउँदै पशुपन्छी क्षेत्रको उत्पादन बढाउन आवश्यक छ । यसै सन्दर्भमा नगरपालिकामा पशुपन्छी सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ ।

**पशुपन्छी विकास सम्बन्धी भएका मुख्य कार्यक्रमहरु**

१. **औषधी उपचार सेवा**: कृषकहरूलाई परजिवी विरुद्ध एवं पशुपन्छीको विभिन्न समस्या अनुसार औषधी उपचार सेवा प्रदान गरिँदै आएको । चालु आ.व.को फागुन महिनासम्म १६६८ जना कृषकहरूलाई औषधी उपचार सेवा प्रदान गरिएको ।

२. **घुम्ती सेवा शिविर सञ्चालन**: एकीकृत घुम्ती सेवा शिविर १ र ५ देखि १४ नं वडाहरूमा सञ्चालन भई जम्मा १९५५ जना कृषकहरूलाई शिविर मार्फत पशुपन्छी स्वास्थ्य सेवा एवं परामर्श सेवा प्रदान गरियो ।

३. **सहकारी मार्फत बिक्री हुने दुध र खसी/बोकाको मासुमा अनुदान कार्यक्रम**: कृषकहरुको मागका आधारमा व्यवसाय दिगो राख्न र कृषकहरुलाई अझ प्रोत्साहन गर्न, उत्पादित वस्तुको परिमाण र बजारीकरणका आधारमा अनुदान प्रवाह गरेमा एकतिर सङ्गठित बजारमा गुणस्तरीय वस्तुको प्रवाह बढ्ने भने अर्कोतर्फ व्यवसाय दिगो र व्यवसायिक रुपमा अगाडि बढाउन मद्धत पुग्ने हुनाले नगरपालिकाले उत्पादनमा आधारित अनुदान कार्यक्रम आर्थिक वर्ष २०७६।०७७ देखि सञ्चालन गर्दै आइरहेको छ । चालु आ.व.मा सहकारी मार्फत बिक्री हुने दुधमा अनुदानप्रति लिटर रु.१ को दरले रु.१५ लाख र सहकारी मार्फत बिक्री हुने खसी/बोकाका मासुमा अनुदान प्रति के.जी. रु.१० को दरले रु.५ लाख विनियोजन भएको छ । सो कार्यक्रमबाट बर्षेनी ५०० जना भन्दा बढी कृषकहरू लाभान्वित भएका छन् ।

४. **पशु प्रवर्द्धन (गाई, भैसी, भेडा, बाखा) कार्यक्रम ५० प्रतिशत अनुदान**: पशुहरूको गोठ/खोर सुधार एवं विस्तार गर्न, औजार उपकरण व्यावस्थापन गर्न, घाँस खेती विस्तार गर्न र जैविक सुरक्षा अवलम्बन गर्न सहयोग पुऱ्याउने उद्देश्यका साथ नगरपालिकाले पशु प्रवर्द्धन कार्यक्रम सञ्चालन गरेको छ । सो कार्यक्रम तर्फ चालु आर्थिक वर्ष रु.२० लाख विनियोजन भएको छ ।

५. **पशुहरूमा पूर्ण खोप कार्यक्रम सञ्चालन**: नगरपालिका भित्रका पशुहरूलाई (गाई, भैंसी, भेडा, बाख्रा, वङ्गुर, कुकुर) विभिन्न महामारीजन्य रोगबाट जोगाउनको लागि खोप लगाउने कार्यक्रम सञ्चालन गर्न भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, तनहुँसँग समन्वय गरी खोप लगाउने कार्य भएको छ ।

६. रेविज रोग नियन्त्रणको लागि सामुदायिक कुकुरहरूमा रेविज रोग विरुद्धको खोप एवं बन्ध्याकरण कार्यक्रममा समन्वय, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र तनहुँको वार्षिक स्वीकृत कार्यक्रम अनुसारको रेविज रोग नियन्त्रणको लागि नगरपालिका भित्रका सामुदायिक कुकुरहरूमा रेविज रोग विरुद्धको खोप एवं बन्ध्याकरण कार्यक्रम सञ्चालनमा पशुपन्छी उपशाखाबाट समन्वय एवं सहकार्य भएको छ । जम्मा १५४ ओटा कुकुरहरूमा (६९ भाले र ८५ पोथी) रेविज विरुद्धको खोप एवं बन्ध्याकरण गरियो ।

७. उपभोक्तालाई स्वस्थ र स्वच्छ मासु उपलब्ध गर्न साथै अव्यवस्थित तरिकाले जथाभावी पशुवध गर्ने चलन र त्यसबाट वातावरणमा हुने प्रतिकुल असरलाई न्यूनीकरण गर्न, पशुवधलाई व्यवस्थित गर्न नगरपालिकाले व्यास ३ मा पशु वधस्थल निर्माण गरी सञ्चालनमा ल्याएको छ ।

८. **कृत्रिम गर्भाधान सेवा**: पशुपन्छीको उत्पादन र उत्पादकत्व बृद्धि गर्न नश्ल सुधार महत्वपूर्ण भएको हुदाँ कृत्रिम गर्भाधान कार्य भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, तनहुँसँगको समन्वयमा भइरहेको छ । नगरपालिका भित्र चालु आ.व.मा फागुन मसान्तसम्म ७०८ ओटा गाईमा, ३७३ ओटा भैंसीमा र १२ ओटा बाख्रामा कृतिम गर्भाधान सेवा उपलब्ध गराइएको छ ।

# कृषि विकासका गतिविधि एवं फौजी किरा सम्बन्धी जानकारी

स्थानीय कृषि अधिकृत श्री प्रतिमा बगाले
कृषि विकास उपशाखा

व्यास नगरपालिकाको आर्थिक विकासको महत्वपूर्ण क्षेत्र मध्ये कृषि विकास क्षेत्र पनि एक हो । यस नगरपालिकाको बढ्दो गरिबी र वेरोजगारीको न्यूनीकरण गर्ने मुख्य आधार पनि कृषि क्षेत्र नै हो । परम्परागत, निर्वाहमूखी कृषि पेशालाई आधुनिक, आयमूलक, वातावरणमैत्री, प्रतिष्पर्धि र व्यवसायिक बनाउँदै गुणस्तरीय कृषिजन्य पदार्थको उत्पादन तथा उत्पादकत्व बढाउन आवश्यक छ । यसै सन्दर्भमा व्यास नगरपालिकाले कृषिजन्य पदार्थको उत्पादन लागत घटाउन, वैज्ञानिक पद्दतिबाट कृषि गर्न कृषि यान्त्रीकरण, आधुनिक प्रविधि र असल कृषि अभ्यास अनुशरण गर्दै कृषि सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ ।

**आ.व.२०७९/०८० मा कृषि विकास सम्बन्धी मुख्य कार्यक्रमहरु**

१. कृषिजन्य वस्तुहरुको उत्पादन र उत्पादकत्व बढाउने हेतुले फलफूल तथा तरकारी मुल्य श्रृंखला विकास आयोजना र व्यास नगरपालिकाको सम्झौता बमोजिम नगरपालिकामा देहाय बमोजिमका विभिन्न प्रकारका कृषिजन्य उपकरणहरु वितरण गरिएको थियो ।

-सिंचाईको लागि पानी तान्ने मोटर २२ वटा, एच.डि.पि. पाइप १४१५ मिटर र तार १२२६ मिटर
-झार नियन्त्रण गर्न र माटोको चिसोपना जोगाउनको लागि मल्चिङ प्लाष्टिक २० रोल,
-विरुवाहरुमा रासायनिक विषादी स्प्रे गर्न पावर स्प्रेयर २० वटा
-तरकारीको बेर्ना उत्पादन गर्न नर्सरी प्लाष्टिक १०४५ मि.
-तरकारीको बेर्नाहरुमा पानी हाल्न हजारी २५ वटा वितरण सम्पन्न गरियो ।

२. कृषकहरुलाई व्यवसायिक रुपमा तरकारी खेती/फलफूल खेती/पुष्प खेती सम्बन्धी नविनतम प्रविधि बारे जानकारी, विभिन्न बालीहरुमा देखा पर्ने रोग किरा तथा तिनको नियन्त्रण/व्यवस्थापनका उपायहरु बारे जानकारी र उत्पादन पछिको क्षति कम गर्ने उद्देश्यले बाली उत्पादनोपरान्त क्षति न्यूनीकरण बारे जानकारी दिएर वैज्ञानिक तवरले खेती गर्न आवश्यक पर्ने ज्ञान प्रदान गरी उनीहरुको सीप, दक्षता तथा क्षमता अभिवृद्धि गर्ने उद्देश्यले व्यास नगरपालिकाको विभिन्न वडाहरुमा ८ वटा कृषक स्तरीय स्थलगत घुम्ती तालिम सम्पन्न गरियो ।

३. आ.व.२०७८/०७९ मा व्यास-९ गजौडेमा अवस्थित सुनौलो नयाँ गोरेटो कृषि सहकारी संस्था लि. सँग तरकारी पकेट विकास कार्यक्रमको सम्झौता गरी यस आर्थिक वर्षमा पनि त्यसलाई निरन्तरता दिई तरकारी बालीको क्षेत्र विस्तार गरिएको छ ।

४. उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने साथै कृषकको उत्पादन लागत कम गर्ने उद्देश्यले भौगोलिक क्षेत्र अनुकूल विभिन्न तरकारी बालीका उन्नत बिउहरु नियमानुसार खरिद गरी नगरपालिकाको सम्पूर्ण वडाका कृषकहरुलाई निम्न परिमाणमा वितरण गरियो ।

-उन्नत आलु बिउ २२००० के.जी. जसमा जनकदेव ११६१० के.जी. र एम.एस १०३९० के.जी. रहेको थियो । यसरी वितरण गरिएको आलुको स्थलगत अनुगमन गर्दा वितरण गरिएको आलुको बिउबाट औसतमा प्रति रोपनी १५०० के.जी. आलु उत्पादन भएको थियो । जुन नेपालको औसत उत्पादन भन्दा बढी रहेको देखिन्छ ।

-हिउँदे तरकारीको बिउ १८०० प्याकेट (काउली, बन्दा, ब्रो काउली, मुला, गाँजर, धनिया, मार्फा साग, तोरी) बिउ वितरण गरियो ।

-च्याउको बिउ १५०० प्याकेट बिउ वितरण भएको जसमा ९५ जना कृषक लाभान्वित भएका थिए ।
-वर्षे तरकारीको बिउ वितरण ३२०० प्याकेट (काक्रो, करेला, घिरौला, लौका, फर्सी, बोडी, सिमी, भिन्डी, भेन्टा, खुर्सानी) बिउ वितरण गरिएको थियो ।

५. नगरपालिकाको सम्पूर्ण वडाका कृषकलाई ६००० के.जी. अरुण-२, रामपुर कम्पोजिट र मनकामना जातका मकैको बिउ वितरण गरियो ।
६. मौरीको गोला, घार वितरण कार्यक्रम अन्तर्गत नगरपालिकाको विभिन्न वडाका ११८ जना कृषकहरुलाई ५ फ्रेम मौरी गोला सहितको ६० घार र १२० वटा खाली मौरीको घार कृषकहरुलाई वितरण गरी मौरीपालन व्यवसायलाई व्यवसायीकरण गर्ने कार्यमा सघाउ पुगेको थियो ।
७. गण्डकी प्रदेश सरकार र व्यास नगरपालिकाको सहकार्यमा कृषि उपजहरुको उत्पादनोपरान्त क्षति न्यूनीकरण गर्न व्यास -११ मा शित भण्डार केन्द्र निर्माण गरिएको छ ।
८. कृषकहरुको विभिन्न बालीहरुमा देखा परेका रोग किरा वा अन्य समस्याहरूको पहिचान गरी सोको आवश्यक प्राविधिक परामर्श, फलफूल तथा तरकारी बालिमा ढुसीको कारणले लाग्ने विभिन्न प्रकारका रोगहरु नियन्त्रणको लागि ढुसी नासक विषादि, विभिन्न किराहरुको नियन्त्रण गर्न कीटनाशक विषादिहरु र बिरुवाहरूलाई आवश्यक सुक्ष्म खाद्य तत्व वितरण गर्ने उद्देश्यले नगरपालिकाको सम्पूर्ण वडाहरुमा स्थलगत एकीकृत घुम्ती सेवा शिविर सम्पन्न भएको थियो जसमा २६७२ कृषक लाभान्वित भएका थिए । साथै सो शिविरमा व्यवसायिक खेती सम्बन्धी सूचनामूलक सामग्रीहरु लिफलेट, बुकलेट, पोष्टर आदि पनि वितरण गरिएको थियो ।
९. गोवर्धन शर्मा कृषि अनुसन्धान कार्यक्रम अन्तर्गत टनेल/प्लाष्टिक घरमा गोलभेंडाको विभिन्न जातहरुको परीक्षण भइरहेको छ ।
१०. धान प्रवर्द्धन कार्यक्रम अन्तर्गत ४ जना कृषक सहकारी संस्थालाई धानको उन्नत बिउ वितरण, साना सिंचाई निर्माण, पुरानो कुलो/नहर मर्मत, कृषि औजारहरु वितरण, कृषि यान्त्रीकरण अन्तर्गत थ्रेषर, कम्बाइन्ड मिल वितरण गरिएको थियो ।
११. किसान सूचीकरण कार्यक्रम अन्तर्गत सहजकर्ताहरुको छनौट गरी किसान सूचीकरण कार्यक्रम सञ्चालनमा ल्याइएको छ ।

**अमेरिकन फौजी किराको पहिचान, क्षति र व्यवस्थापन**

व्यास नगरपालिकामा धान पछि मकै दोस्रो महत्वपूर्ण खाद्यान्न बाली हो । साधारणतया मकै छरेदेखि भाँच्ने बेलासम्म विभिन्न प्रकारका रोग किराहरुले आक्रमण गर्दछन् । बिगत केही वर्षदेखि मकै बालीमा अमेरिकन फौजी किरा महामारीको रुपमा देखिएको छ । अमेरिकन फौजी किरा (Fall Army worm–FAW) पुतली वर्गमा रात्रिचर किरा हो । यसको वैज्ञानिक नाम Spodoptera frugiperda हो । मुख्यतयाः मकै बालीमा क्षति गर्ने यस किराले मकै नभएको बेला जुनेलो, गहुँ, कोदो, उखु, घाँस बालीहरु, काउली समूहका तरकारी बालीहरु, बदाम, भटमास आदि जस्ता ३५३ विभिन्न प्रजातिका बिरुवाहरुमा नोक्सान गर्न सक्छ । अमेरिकी महादेशको उष्ण तथा उपोष्ण क्षेत्रहरुको रैथाने मानिने यो किरा सन् २०१५ सम्म अमेरिकामा मात्र सीमित थियो । सन् २०१६ मा अफ्रिकी महादेशको नाइजेरियामा अमेरिका बाहिर पहिलो पटक पहिचान भई सन् २०१८ मा एसिया महादेश अन्तर्गत भारतको कर्नाटक राज्यमा देखा परेको थियो । नेपालमा २०७६ साल श्रावन २७ गते नवलपरासी जिल्लामा पहिलो पटक यो किराको पहिचान भएको थियो । यस किराको लार्भाले बालीमा कोतरेर खाएर नोक्सान गर्छ ।

**किराको पहिचान**

- विशेष गरी यो किरा बेलुका र रातीको समयमा चर्न रुचाउने यस किराको अण्डा पातको तल्लो सतहमा रहेको हुन्छ । यिनीहरुलाई सेतो खैरो कत्लाले ढाकेको हुन्छ,

- यस किराको लार्भा शुरुको अवस्थामा सेतो वा हल्का हरियो रंगको हुन्छ भने टाउको कालो रगंको हुन्छ । वयस्क लार्भाको निधारमा २ वटा आँखाको बीच भागमा अंग्रेजी अक्षरको उल्टो Y जस्तो चिन्ह देखिन्छ । साथै यसको पेटको आठौं खण्डको माथिल्लो भागमा ४ वटा ठूला-ठूला धब्बाहरु स्पष्ट रुपमा देखिन्छ । पूर्ण विकसित लार्भा ३-४ सेन्टिमिटर लामो हुन्छ,
- वयस्क पुतलीहरु खरानी मिश्रित खैरो रङ्गका हुन्छन् । भाले पुतलीको अघिल्लो पखेटाहरुको टुप्पो तिर ठूलो सेतो धब्बा हुन्छ भने बीच तिर अण्डाकार हल्का खैरो रङ्गको धब्बा देखिन्छ । पोथी पुतालीहरुमा यस्तो धब्बा देखिंदैन । भाले र पोथी दुवै पुतलीको पछिल्लो पखेटा सेतो र भित्री किनारमा कालो धर्सा भएको हुन्छ ।

**लक्षण**

- यस किराले मकैको पातमा लाम्चा आकारका झिल्ली मात्र बाँकी छोडेर मकैको पातलाई कोतरेर खाने गर्दछ,
- यस किराले मकैको घोगा, पात, जुँगा र गुभोमा क्षति गर्दछ,
- मकैको गुभोमा काठको धुलो जस्तो किराको दिसा भेटिएमा गुभो खोलेर हेर्दा फौजी किराको लार्भा देखिन्छ,
- यस कीराबाट अत्याधिक आक्रमण भएको अवस्थामा मकै असिनाबाट भएको क्षति जस्तै पातहरु छिया छिया भएको देखिन्छ,
- मकै लगाएको ८-१० दिनमै यसले क्षति गर्दछ, त्यसैले खेतवारीको नियमित अनुगमन गर्नु पर्दछ ।

**रोकथामका उपायहरु**

यस किरालाई रोकथाम गर्नका निम्न उपायहरु अवलम्बन गर्नुपर्ने हुन्छः

- फौजी किराका केही प्राकृतिक शत्रु जस्तै बारुलोको प्रयोग गरेर पनि किराको प्रकोप कम गर्न सकिन्छ,
- मकै रोप्नु अघि गहिरो गरेर खनजोत गर्ने अनि खेत भित्र र बाहिर रहेका झारपातलाई नष्ट गर्ने,
- बर्खे मकै निश्चित ठाँउमा सकेसम्म सबैले एकैचोटि समयमा रोप्ने,
- कोसे बालीलाई मकैसँग अन्तरबालीको रुपमा लगाउँदा पनि यसको प्रकोप कम गर्न सकिन्छ,
- यो किरा बेलुका र रातीको समयमा चर्न रुचाउने भएकोले बत्ती पासोको प्रयोग गरेर पनि वयस्क किरालाई नियन्त्रण गर्ने सकिन्छ,
- डेस्मोडियम (Desmodium) घाँसको सुगन्ध यो किरालाई मन नपर्ने र नेपिएर (Napier) घाँसको सुगन्धबाट पोथी किरा आर्कषित हुने हुनाले डेस्मोडियम घाँसलाई मकै बालीको बिच बिचमा लगाउने र नेपिएर घाँसलाई छेउ छेउमा लगाएर किरालाई आकर्षित गर्ने र किरालाई जैविक विषादीको प्रयोग गरी मार्ने,
- हरियो खुर्सानी गाईको गहुतमा पकाएर १:१० को अनुपातमा पानीमा मिसाई गुभोमा राख्दा पनि यस किराको प्रकोप कम गर्न सकिन्छ,
- जैविक विषादी जस्तै महाशक्ति, डायपेल आदि २ मिलिलिटर वा २ ग्राम प्रतिलिटर पानीमा राखेर स्प्रे गर्ने,
- इमामेक्टिन बेन्जोएट ५% SG ०.५ ग्राम प्रतिलिटर पानीमा राखेर स्प्रे गर्ने,
- स्पिनोसाड ४५% SC र क्लोरान्ट्रानिलिप्रोल १८.५ % SC १ मिलिलिटर प्रति ३ लिटर पानीमा राखेर बोट पुरै भिज्ने गरी स्प्रे गर्ने,
- स्पाइनोस्याड ४५% SC १ मिलिलिटर प्रति ३ लिटर पानीमा राखेर बोटमा स्प्रे गर्ने,
- सिफारिस नगरिएको रासायनिक विषादीको प्रयोगले गर्दा सही विषादी पनि प्रभावहिन हुन्छ त्यसैले कृषि प्राविधिकको सल्लाहअनुसार सिफारिस रासायनिक विषादीको प्रयोगले यस किराको जोखिम कम गर्न सकिन्छ ।

# सहकारी संस्थाको विद्यमान अवस्था

बजार केन्द्र उत्प्रेरक श्री राजुहरी पण्डित
सहकारी तथा साझेदारी उपशाखा

**<u>पृष्ठभूमि:</u>** नेपाल सङ्घीय संरचनामा गई नेपालमा तीन वटै तहको दुई पटक निर्वाचन सम्पन्न भई देशमा राजनैतिक स्थायित्व स्थापित भइसकेको अवस्थामा अबको लक्ष्य भनेको सामाजिक विभेदको अन्त्य गरी देशको प्राकृतिक स्रोत साधनलाई अधिकत्तम प्रयोग गर्दै आर्थिक विकास गरी समृद्ध राष्ट्र निर्माण गर्ने सन्दर्भमा सहकारी क्षेत्रलाई पनि आर्थिक तथा सामाजिक विकासको महत्वपूर्ण अंगको रूपमा राज्यले स्वीकार गरिसकेको विद्यमान अवस्थामा यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गराउन संघीय सहकारी ऐन एवं नियमावली, प्रदेश सहकारी ऐन एवं नियमावली तथा व्यास नगरपालिकाको सहकारी ऐन, २०७४ लागू भई कार्यान्वयनमा रहेको छ । नगरपालिका क्षेत्रभित्र सहकारी संस्थाको दर्ता, खारेजी, सञ्चालन तथा नियमन गर्ने अधिकार यस नगरपालिकालाई रहेको छ ।

सहकारी संस्था हेर्ने गरी स्थापना भएको डिभिजन सहकारी कार्यालय, दमौली, तनहुँ खारेज भएपछि यस नगरपालिका भरी कार्यक्षेत्र भएका ७६ वटा सहकारी संघ संस्थाहरु र नयाँ दर्ता र कार्यक्षेत्र घटाई आएको १ गरी जम्मा ८४ वटा मध्ये ७ वटा सहकारीले हालसम्म कुनै कारोबार गरेको नदेखिएकोले बाँकी सहकारी संस्थाहरुको अनुगमन, नियमन गरिदै आइएको छ । अनुगमनका क्रममा ऐन नियम विपरीत कार्य गरेका केही सहकारीहरुलाई स्पष्टीकरण माग गरी सचेत गराइएको छ ।

**<u>सहकारी संस्था सञ्चालन अवस्था:</u>** नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका सहकारी संस्थाहरुको अवस्था एकनासको नभएको पाइएको छ । नगर क्षेत्र वा बजार क्षेत्रमा सञ्चालनमा रहेका सहकारी संस्थाहरुको पूँजी परिचालनको अवस्था राम्रो छ भने ग्रामीण क्षेत्रमा सञ्चालनमा रहेका अधिकांश सहकारी संस्थाहरु कम पूँजीमा सञ्चालन गरेको पाइएको छ । सहकारी संस्थामा सञ्चालक समिति, लेखा समिति र शेयर सदस्यहरुको चासोको अवस्थालाई हेर्ने हो भने नगर क्षेत्रमा सञ्चालित सहकारी संस्थाहरुमा स्वनियमन प्रणाली एवं सुशासनको अवस्था कमजोर देखिन्छ । वार्षिक लेखापरीक्षण, साधारण सभा तथा प्रतिवेदन समेतका आधारमा संस्थालाई सक्रिय वा निष्कृय भएको मानिने हुँदा संस्था सञ्चालनको अवस्थाका आधारमा निम्नानुसार रहेको छः

- सक्रिय सहकारी संस्था (नियमित सञ्चालनमा रहका): ७६
- निष्कृय सहकारी संस्थाः ७
- समस्याग्रस्त सहकारी संस्थाः १

सहकारी संस्थाको उद्देश्य अनुसार शेयर सदस्यहरुको आर्थिक, सामाजिक विकास गरी विविध क्षेत्रमा सहयोग गरेको हुनुपर्नेमा हाल सबै सहकारी संस्थाहरुको अवस्था एकनाशको देखिँदैन । केही सहकारी संस्थाहरु सदस्य केन्द्रित भई सञ्चालनमा रहेका छन् भने केही सहकारी संस्थाहरु सीमित व्यक्तिको हितका लागि काम गरेको अवस्था रहेको छ । बचत तथा ऋण सहकारी संस्थाको रूपमा दर्ता भई सञ्चालनमा रहेका बाहेक केही सहकारी संस्थाहरुले दर्ता गर्दाको उद्देश्य अनुसार काम नगरी बचत तथा ऋणलाई प्राथमिकता दिई काम गरेको पाइएको छ । सहकारी संस्था सञ्चालनका आधारहरु आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक नीति, विनियम वा यस्तै नियमावलीहरु तर्जुमा गरी सञ्चालन गरिनु पर्नेमा हचुवाका भरमा आफूखुशी निर्णयका आधारमा चलेको पाइएको छ ।

**सवल पक्षहरुः**

- नगरपालिकाका सबै क्षेत्रहरुमा कुनै न कुनै रूपमा सहकारी संस्थाको पहुँच पुगेको,
- व्यवसाय गर्न वा आवश्यकता परेको बखत सहकारीबाट ऋण लिई गाह्रो अप्ठेरो फुकाउन सकिने,
- बचत गर्ने बानीको विकास भएको,
- सामाजिक सम्बन्ध तथा नेतृत्व विकासमा महिला सहकारी संस्थाहरुको भूमिका प्रभावकारी भएको,
- सहकारीहरुको संघ मार्फत सहकारी क्षेत्रमा सहयोग प्राप्ति भएको,
- प्रत्यक्ष वा अप्रत्यक्ष रोजगारीको अवसर प्राप्त भएको,
- कृषि मल बिउको सहज आपूर्तिमा सहयोग मिलेको ।

**संस्थाका कमजोरीहरु :**

- गैर सदस्यसँग कारोबार,
- बचत र ऋणको ब्याज दरमा विभेद र असमानता,
- बिना धितो लगानी,
- कर्जा जोखिम कोषको उचित व्यवस्था नभएको,
- आन्तरिक नियन्त्रण प्रणाली र भूमिका जिम्मेवारीपूर्ण नहुनु,
- कर्मचारीहरुको नियुक्ति तथा सेवा सुविधामा प्रक्रिया पुरा नगरिएको,
- शेयर सदस्यहरुको उदाशीनता,
- सीमित सञ्चालकहरुको एकल निर्णय,
- अनुदानमुखी कार्यशैली,
- संस्थामा राख्नु पर्ने खाता, अभिलेख तथा लेखापालनमा ऐन नियमको पालना नभएको,
- सहकारी संस्थालाई वित्तीय कारोबार गर्ने थलोको रूपमा विकास गरिन खोजिएको ।

**सहकारी संस्थाहरुको संख्यात्मक विवरणः**

| सि.नं. | सहकारी संस्थाको किसिम | जम्मा संख्या |
|---|---|---|
| १ | दुग्ध उत्पादक सहकारी संस्था लि. | ८ |
| २ | बचत तथा ऋण सहकारी संस्था लि. | ३८ |
| ३ | कृषि सहकारी संस्था लि. | २९ |
| ४ | उपभोक्ता सहकारी संस्था लि. | ४ |
| ५ | बहुउद्देश्यीय सहकारी संस्था लि. | ५ |
| | **जम्मा** | ८४ |

नोटः उक्त सहकारी संस्थाहरु मध्ये महिलाहरुले चलाएको सहकारी ७ वटा रहेको छ ।

**निस्कर्षः** सहकारी संस्थालाई सहकारीका सिद्धान्त मूल्य, मान्यता एवं उद्देश्य प्राप्तिका लागि नियमित सञ्चालन हुन सहयोग पुगोस् तथा शेयर सदस्यहरुको सहभागितामा स्वःनियमनको माध्यमबाट संस्थालाई नियमित एवं अविछिन्न अगाडि बढ्न सक्ने वातावरण तयार होस् भन्ने हेतुले यस नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका संस्थाहरुको नियमन गर्न आवश्यक भएकोले नगरपालिकाको सहकारी ऐन, २०७४ तथा सहकारी सम्बन्धी प्रचलित कानुनी दायरालाई अनुशरण गर्दै संस्था सञ्चालनको समग्र अवस्थालाई नजिकबाटै अध्ययन गरी सकारात्मक कार्यलाई प्रोत्साहन तथा गलत काम कारवाहीलाई बेलैमा पत्ता लगाई समस्या आउने अवस्थासम्म पुग्ने नदिने उपाय पत्ता लगाई सहकारी क्षेत्रको विकास र विस्तारका लागि चनाखो बन्नु पर्ने देखिन्छ ।

# शिक्षा तथा सामाजिक विकास शाखाको गतिविधि

अधिकृत सातौं श्री नविन पराजुली
शिक्षा तथा सामाजिक विकास शाखा

**२०७९ को विद्यार्थी विवरण**

| कक्षा | छात्रा संख्या | छात्र संख्या | जम्मा |
|---|---|---|---|
| बाल विकास | ६४० | ६७० | १३१० |
| कक्षा १ देखि ५ सम्म | १८०० | १८१४ | ३६१४ |
| कक्षा ६ देखि ८ सम्म | १५०४ | १४६६ | २९७० |
| कक्षा ८ देखि १० सम्म | १२४७ | ११६७ | २४१४ |
| कक्षा ९ देखि १२ सम्म | १३७० | १३०१ | २६७१ |
| जम्मा | ६५६१ | ६४१८ | १२९७९ |

**एस.ई.इ.मा परीक्षामा सहभागी विद्यार्थी संख्या**
-शैक्षिक सत्र २०७८ मा १६०३ जना
-शैक्षिक सत्र २०७९ मा १६८५ जना

**राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि आ.व. २०७९।०८० मा छनौटमा परेका विद्यालय र कार्यक्रम**

| सि.नं. | विद्यालयको नाम | छनौट भएको कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| १. | पराशर मा.वि., व्यास -५ | ४ कोठे भवन | ५० लाख |
| २ | माहेन्द्र मा.वि., व्यास -९ | ४ कोठे भवन | ५० लाख |
| ३ | महेन्द्रज्योति मा.वि., व्यास -६ | ४ कोठे भवन | ५० लाख |
| ४ | चण्डीदेवी रा.मा.वि., व्यास -१० | ४ कोठे भवन | ५० लाख |
| ५ | इन्दु मा.वि., व्यास -६ | २ कोठे भवन | २५ लाख |
| ६ | सरस्वती आ.वि., व्यास -९ | २ कोठे भवन | २५ लाख |
| **भवन निर्माण तर्फ जम्मा रु.२ करोड ५० लाख** | | | |
| ७ | छाब्दीबाराही आ.वि., व्यास -१२ | आइ.सि.टि. | ६ लाख ५० हजार |
| ८ | मत्स्यकन्या आ.वि., व्यास -१२ | आइ.सि.टि. | ६ लाख ५० हजार |
| ९ | महर्षि वेदव्यास संस्कृत मा.वि., व्यास -३ | आइ.सि.टि. | ६ लाख ५० हजार |
| **आइ.सि.टि. तर्फ जम्मा रु.१९ लाख ५० हजार** | | | |

**राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि आ.व. २०७८।०७९ मा छनौटमा परेका विद्यालय र कार्यक्रम**

| सि.नं. | विद्यालयको नाम | छनौट भएको कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| १. | शिव मा.वि., व्यास -१० | आइ.सि.टि. | ६ लाख ५० हजार |
| २. | जलदेवी मा.वि., व्यास -१ | आइ.सि.टि. | ६ लाख ५० हजार |
| ३. | इन्दु मा.वि., व्यास -६ | आइ.सि.टि. | ६ लाख ५० हजार |
| ४. | वाराही मा.वि., व्यास -११ | आइ.सि.टि. | ६ लाख ५० हजार |
| ५. | निर्मल मा.वि., व्यास -१ | आइ.सि.टि. | ६ लाख ५० हजार |
| ६. | चण्डीदेवी रा.मा.वि., व्यास -१० | आइ.सि.टि. | ६ लाख ५० हजार |
| ७. | चण्डिका आ.वि., व्यास -११ | आइ.सि.टि. | ६ लाख ५० हजार |
| ८. | सर्वज्योति मा.वि., व्यास -१० | आइ.सि.टि. | ६ लाख ५० हजार |
| ९. | वाराही मा.वि., व्यास -११ | २ कोठे भवन निर्माण | १८ लाख |
| १०. | सर्वज्योति मा.वि., व्यास -१० | ४ कोठे भवन निर्माण | ३६ लाख |
| ११. | उदय मा.वि., व्यास -५ | २ कोठे भवन निर्माण | १८ लाख |
| १२. | महर्षि वेदव्यास संस्कृत मा.वि., व्यास -३ | ४ कोठे भवन निर्माण | ३६ लाख |
| | | **जम्मा** | **१ करोड ६० लाख** |

# महिला, बालबालिका, अपाङ्गता तथा ज्येष्ठ नागरिक सम्बन्धी गतिविधि

अधिकृत छैटौं श्री राधा आचार्य
महिला, बालबालिका, अपाङ्गता तथा ज्येष्ठ नागरिक उपशाखा

नगरपालिका क्षेत्रभित्र रहेका महिला, बालबालिका, अपाङ्गता तथा ज्येष्ठ नागरिकहरुको सामाजिक तथा आर्थिक लगायत अन्य सम्पूर्ण कार्यहरु गर्नका लागि नगरपालिकामा महिला, बालबालिका, अपाङ्गता तथा ज्येष्ठ नागरिक उपशाखा रहेको छ। उक्त उपशाखाबाट देहाय बमोजिमका कार्यसम्पादनहरु हुँदै आइरहेको छः

१. महिला बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता सम्बन्धी नीति योजना कार्यान्वयनका लागि समन्वय र सहकार्य गर्ने,
२. लैगिक हिंसा निवारणका लागी निरोधात्मक, प्रबन्धात्मक संरक्षण र पुनर्स्थापन कार्य गर्ने,
३. महिलाको आर्थिक, सामाजिक, राजनैतिक सशक्तिकरण एवं नेतृत्व विकासका विविध कार्यक्रम सञ्चालन गर्ने,
४. लैगिंक हिंसा निवारण कोष सञ्चालनका लागि आवश्यक कार्य गर्ने,
५. लैगिंक उतरदायी बजेट कार्यान्वयन सम्बन्धी कार्य गर्ने,
६. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता साथै लक्षित वर्गको कार्यान्वयन गर्ने,
७. अपाङ्गता परिचयपत्र वितरण कार्यमा आवश्यक सहजीकरण गरी वितरण गर्ने,
८. ६० वर्ष पुरा भएका ज्येष्ठ नागरिक लागि परिचय पत्र वितरण गर्ने,
९. विभिन्न दिवसीय कार्यक्रम सम्पादन गर्ने राष्ट्रिय अन्तराष्ट्रिय बाल दिवश, राष्ट्रिय अन्तराष्ट्रिय महिला दिवश, राष्ट्रिय अन्तराष्ट्रिय अपाङ्गता दिवश, राष्ट्रिय अन्तराष्ट्रिय ज्येष्ठ नागरिक दिवश, लैगिक हिंसा विरुद्ध १६ दिने अभियान, राष्ट्रिय महिला अधिकार दिवस,
१०. घरेलु हिंसाबाट पिडित महिला तथा बालबालिका लागि जिल्ला सेवा केन्द्रबाट न्यायको लागि कानुनी उपचार लिन आवश्यक परामर्श सहित सेवा लिन प्रोसाहित गरी जिल्ला सेवा केन्द्रमा पठाउने,
११. नगरपालिका भित्र रहेका ग वर्ग का पहेंलो कार्ड प्राप्त अपाङ्गताहरुलाई वार्षिक प्रति व्यक्ति रु.४०००। का दरको प्रोत्साहन रकम वितरण गर्ने,
१२. स्वीकृत कार्यक्रम सञ्चालन, समन्वयन र सहकार्य गरी सहजीकरण गर्ने,
१३. नगरपालिका भित्र स्थायी बसोबास गरेका गर्भवती महिलाहरुलाई प्रोटोकल अनुसार ४ पटक परीक्षण पश्चात प्रति व्यक्ति रु.५०००। का दरको प्रोत्साहन रकम वितरण गर्ने,
१४. संघसंस्था दर्ता तथा नवीकरण गर्ने,
१५. शैक्षिक वेरोजगार महिला उद्यमशीलता कार्यक्रम सञ्चालन गर्ने,
१६. ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालनका लागी सहजीकरण गर्ने।

**२०७९ चैत्र १७ गतेसम्म भएको प्रगति विवरण**

| सि.नं. | कार्यक्रम | अनुमान | खर्च | कैफियत |
|---|---|---|---|---|
| १. | दिवस समारोह (बाल दिवस, अपाङ्गता दिवस र ज्येष्ठ नागरिक दिवस | २,००,०००। | १,९९,१००। | |
| २. | लैगिंक हिंसा विरुद्धको १६ दिने अभिया कार्यक्रम | १,५०,०००। | १,५०,०००। | |
| ३. | गर्भवती महिला पोषण कार्यक्रम | १०,००,०००। | २,५५,०००। | ५१ जना |
| ४. | शैक्षिक वेरोजगार महिला उद्यमशीलता सहयोग कार्यक्रम | | | प्रक्रिया छ |
| ५. | संकटमा परेका महिलालाई मनोविमर्श सेवा ( जिल्ला सेवा केन्द्र मार्फत) | २,००,०००। | २,००,०००। | |
| ६. | हिंसा पिडित महिला तथा किशोरी अल्पकालीन सेवा केन्द्र सञ्चालन (मादी गंगा ब.स.स. मार्फत) | ५,००,०००। | ५,००,०००। | |
| ७. | एकल महिला तथा पुरुष सहयोग कार्यक्रम | १०,००,०००। | | प्रक्रिया छ |
| ८. | ५५ जना अपाङ्गता र ७३१ ज्येष्ठ नागरिकलाई परिचय पत्र वितरण | | | |
| ९. | १३ वटा संस्था दर्ता र ८ वटा नवीकरण | | | |

# सरसफाई व्यवस्थापन सम्बन्धी गतिविधि

अधिकृत छैटौं श्री भाग्यशाली ढुंगाना
वन, वातावरण तथा सरसफाई शाखा

**<u>नगर सरसफाई:</u>** व्यास नगरपालिकाका विशेष गरी शहरी वडाहरुलाई सफा सुन्दर राख्नको लागि फोहोर मैला व्यवस्थापन गर्न आज चुनौतिको विषय भएको छ । फोहोर व्यवस्थापन गर्ने स्थानका लागि यस अघि धेरै नै प्रयासहरु भए तापनि पूर्ण रुपमा सफल हुन सकिएको छैन । आसा गरौ अबका दिनमा छिट्टै नै फोहोर व्यवस्थापन गर्ने स्थान ( जग्गा) को व्यवस्थापन हुनेछ । फोहोरलाई व्यवस्थित रुपमा व्यवस्थापन गर्न फोहोरको स्रोत मानै वर्गीकरण गर्ने तर्फ नगरपालिकाको विशेष ध्यान जानु पर्ने हुन्छ । हाल शहरी क्षेत्रको कुहिने फोहोरलाई वडा नं.१० को गौ संरक्षण क्षेत्रमा र नकुहिने फोहोरलाई वडा नं.१३ को कोइदिम माथि फुटेको ढुंगामा अस्थायी टहरा निर्माण गरी फोहोर वर्गीकरण गरेर फोहोर व्यवस्थापन अस्थायी रुपमा गरिएको छ । फोहोर मैला व्यवस्थापन अन्तर्गत जग्गा खरिदको लागि चालु आर्थिक वर्षमा करिब ३ करोड रुपैयाँ विनियोजन गरिएको छ भने उचित स्थानमा जग्गा खोजी कार्य जारी अवस्थामा रहेको छ । हाल फोहोर मैला व्यवस्थापन तथा सरसफाई शाखामा कार्यरत जनशक्तिमा अधिकृत १, कार्यालय सहायक १, ड्राइभर ६, हेल्पर १, कुचीकार १७ जना गरी २६ जना कर्मचारीहरु कार्यरत रहेका छन् । घर घरमा जनचेतना दिनका लागि सो जनशक्तिमा केही थप गर्नु पर्ने देखिन्छ । फोहोर व्यवस्थापनका लागि प्रयोग भएका सवारी साधनहरुमा ३ वटा टिपर, ३ वटा ट्याक्टर, १ वटा जे.सि.बी., १ वटा सक्सन ट्याङ्क रहेको छ । फोहोर व्यवस्थापन गर्ने जेसिभि पुरानो भई नयाँ खरिदका लागि चालु आर्थिक वर्षका लागि बजेट विनियोजन समेत भएको छ भने अन्य कतिपय पुराना सवारी साधनहरु क्रमश: नयाँ खरिद गर्दै जानु पर्ने अवस्था सृजना भएको । फोहोर व्यवस्थापनको लागि नगरपालिकाले गरेका विभिन्न मुख्य मुख्य गतिविधिहरु देहाय बमोजिम रहेको छ:

**<u>गरेका गतिविधि</u>**

- स्वच्छ र सफा व्यास नगर बनाउने हेतुले २०७५ साल माघ १० गतेदेखि फोहोरको वर्गीकरण गरी कुहिने र नकुहिने फोहोर (आलो पालो दैनिक) तथा अस्पतालजन्य फोहोर उठाउने गरिएको गरिएको छ,
